# सङ्क्रमणकालीन न्यायका विषयमा सर्वोच्च अदालत र पुनरावेदन अदालतका आदेश तथा फैसलाको कार्यान्वयन अवस्था

## अध्ययन प्रतिवेदन

२०७३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# सङ्क्रमणकालीन न्यायका विषयमा सर्वोच्च अदालत र पुनरावेदन अदालतका आदेश तथा फैसलाको कार्यान्वयन अवस्था

## अध्ययन प्रतिवेदन

२०७३


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाडौं

**अध्ययन समूह**
माननीय श्री ऋषिकेश वाग्ले, जिल्ला न्यायाधीश, काठमाडौं जिल्ला अदालत
श्री सञ्जीवराज रेग्मी, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
श्री राजुप्रसाद चापागाईं, अधिवक्ता
श्री श्रीकृष्ण मुल्मी, उपनिर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री पारस पौडेल, उपनिर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री राजनकुमार के.सी., व्यवसाय विकास व्यवस्थापक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**लेआउट** : श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक

**प्रकाशन प्रति** : १००० प्रति

**प्रकाशक** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**प्रकाशन मिति** : २०७३

**मुद्रण** :

**सहयोगः** इन्टरनेशनल कमिशन अफ ज्यूरिष्ट (आई.सी. जे. नेपाल)

icj International Commission of Jurists

सरोकारवालाहरूको सुझावसमेतका आधारमा तयार गरिएको सङ्क्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट भएका आदेश तथा फैसलाहरूको कार्यान्वयन अवस्था अध्ययन प्रतिवेदनका निष्कर्ष तथा सुझावहरू अध्ययन समूहका हुन्। राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अध्ययनको संयोजन र प्रतिवेदनको प्रकाशन गरिए पनि तिनले प्रतिष्ठानको दृष्टिकोणको हैसियत राख्दैनन्।

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय प्रशासनमा संलग्न जनशक्तिको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, कानून र न्यायको क्षेत्रमा अध्ययन-अनुसन्धान गर्ने एवम् न्यायिक सूचना प्रवाह गर्ने उद्देश्यबाट स्थापित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो।

न्यायिक शिक्षाका माध्यमबाट जनशक्तिको व्यावसायिक क्षमता र दक्षताको अभिवृद्धि गरी न्यायप्रणालीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउनु र न्यायमा जनताको पहुँचलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउनु प्रतिष्ठानको दायित्व हो। अदालत एवम् न्यायिक निकायप्रतिको जनताको बढ्दो अपेक्षालाई सम्बोधन गर्न र यसप्रति जनताको विश्वासलाई कायम राख्न न्यायाधीशलगायत अन्य न्यायिक जनशक्तिको क्षमता र दक्षता बढाउनु अति आवश्यक हुन्छ। जनशक्तिको व्यावसायिकता र दक्षता अभिवृद्धिविना कुनै पनि सार्वजनिक निकायको प्रभावकारिता बढ्न सक्दैन। यो तथ्यलाई मनन गरी प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै न्यायिक जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रवचन, प्रकाशन एवम् अनुसन्धानसम्बन्धी कार्यहरू गर्दै आएको छ।

नेपालमा भएको दश वर्षे सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको व्यापक र गम्भीर उलङ्घन भयो। मानवअधिकार उलङ्घन गर्ने ती दोषीलाई कारबाई गर्न तथा पीडितलाई क्षतिपूर्ति दिलाउन विभिन्न अदालतमा सयौं निवेदन तथा मुद्दाहरू दर्ता भएका थिए। ती मुद्दाहरूको निरूपणको सन्दर्भमा न्यायपालिकाबाट फैसला र आदेशहरू भएका छन्। त्यस्ता आदेश वा फैसलाबाट अदालतले मानवअधिकार उलङ्घनका दोषीलाई कारबाई गर्न, पीडितलाई क्षतिपूर्ति दिलाउन, सत्यको उजागर गर्न तथा संस्थागत सुधार गर्न निर्देश गरेको पाइन्छ। ती फैसला तथा आदेश कार्यान्वयनको अवस्थाको जानकारी लिई कार्यान्वयन हुन नसकेका फैसला तथा आदेशहरूका सन्दर्भमा कार्यान्वयन नहुनाका कारणहरू खोजी गरी सुझाव प्रस्तुत गर्ने उद्देश्यले यस प्रतिष्ठानले यस विषयमा एउटा विज्ञ समूहबाट अध्ययन अनुसन्धान गराएको थियो। अध्ययन समूहबाट प्राप्त प्रतिवेदनलाई सार्वजनिक जानकारीमा ल्याउने अभिप्रायले प्रस्तुत प्रतिवेदन प्रकाशन गरिएको हो।

यस अध्ययनका क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आईसीजे) नेपाल तथा त्यस संस्थाका वरिष्ठ कानूनी सल्लाहकार श्री गोविन्द बन्दी तथा सहजकर्ताको रूपमा रही सहयोग तथा पृष्ठपोषण गर्ने राष्ट्रिय कानूनी सल्लाहकार द्वय श्री काशीराम ढुङ्गाना तथा श्री लक्ष्मी पोखरेललाई प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ। अध्ययनको क्रममा पृष्ठपोषण गर्नुहुने सङ्क्रमणकालीन न्याय सम्बन्धी विषय विशेषज्ञ, फैसला कार्यान्वयनसँग सम्बन्धित निकायहरूका प्रतिनिधि, द्वन्द्व पीडित एवम् मानव अधिकारकर्मीहरूलाई पनि प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ। अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिन आयोजना गरिएको परामर्श वैठकमा आफ्नो अमूल्य राय सुझाव दिनु हुने विज्ञ सहभागीहरूलाई पनि प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

प्रस्तुत अध्ययनका लागि अध्ययन समूहमा रही विज्ञको हैसियतले पुऱ्याउनुभएको सहयोगका लागि काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री ऋषिकेश वाग्ले, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मी, अधिवक्ता श्री राजुप्रसाद चापागाईं, राष्ट्रिय न्यायिक प्रतिष्ठानका उपनिर्देशक द्वय श्री श्रीकृष्ण मुल्मी र श्री पारस पौडेल तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानका व्यवसाय विकास व्यवस्थापक श्री राजनकुमार के.सी. प्रति प्रतिष्ठान आभार प्रकट गर्दछ। यसै गरी प्रस्तुत अध्ययनको संयोजन गर्ने प्रतिष्ठानका रजिष्ट्रार श्री विमल पौडेल र प्रतिवेदनको भाषा सम्पादन गर्ने अधिवक्ता रवीन्द्र भट्टराईलाई समेत प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

# विषयसूची

## परिच्छेद-एक

पृष्ठ नं.

### प्रारम्भिक


| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | अध्ययनको उद्देश्य | १ |
| १.३ | अध्ययनको विधि र सीमा | २ |
| १.४ | अध्ययन प्रतिवेदनको रूपरेखा | ३ |


## परिच्छेद-दुई

### सङ्क्रमणकालीन न्याय र नेपालको सन्दर्भ


| | | |
|---|---|---|
| २.१ | सङ्क्रमणकालीन न्यायको अवधारणा र अर्थ | ५ |
| २.२ | सङ्क्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय अभ्यास | ६ |
| २.३ | अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू | ८ |
| २.३ | सङ्क्रमणकालीन न्याय, उत्तरदायित्वको बहन र दण्डहीनताको अन्तरसम्बन्ध | १२ |
| २.४ | सशस्त्र द्वन्द्वमा सङ्क्रमणकालीन न्याय र दण्डहीनता अन्त्य गर्ने सम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय दायित्व | १३ |
| २.५ | सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनी संरचना र निकायहरू | १७ |


## परिच्छेद-तीन

### सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित फैसलाहरूको कार्यान्वयनको अवस्था


| | | |
|---|---|---|
| ३.१ | परिचय | १९ |
| ३.२ | सर्वोच्च अदालतको क्षेत्राधिकार | १९ |
| ३.३ | पुनरावेदन अदालतको क्षेत्राधिकार | २० |
| ३.४ | सङ्क्रमणकालीन न्यायसम्बन्धी विकसित विधिशास्त्र | २० |
| ३.५ | फैसला कार्यान्वयनको प्रबन्ध तथा फैसला कार्यान्वयन गर्ने निकायहरू | २५ |
| | क) फैसला कार्यान्वयन निर्देशनालय | २५ |
| | ख) महान्यायाधिवक्ताको कार्यालय | २६ |
| | ग) नेपाल प्रहरी | २६ |
| ३.६ | फैसलाहरूको कार्यान्वयनको अवस्था | २७ |
| | क. कार्यान्वयन भएका फैसला | २७ |
| | ख. आंशिक रूपमा कार्यान्वयन भएका फैसला | २९ |

ग. कार्यान्वयन नभएका फैसला ३१
३.७ फैसलाहरूको कार्यान्वयनको तथ्याङ्क विश्लेषण ३५

## परिच्छेद–चार

### आदेश तथा फैसलाहरूको परिपालना नहुनाका कारण र पारेको प्रभाव

४.१ सङ्क्रमणकालीन न्यायसम्बन्धी आदेश तथा फैसलाहरूको विधिशास्त्रीय महत्त्व ३९
४.२ आदेश तथा फैसला कार्यान्वयन तथा स्थापित विधिशास्त्रको परिपालनाको संवैधानिक दायित्व ४१
४.३ आदेश तथा फैसलाको परिपालना नहुनाका कारणहरू ४१
४.४ फैसला कार्यान्वयन नहुनाको परिणाम ४९

## परिच्छेद–पाँच

### निष्कर्ष र सिफारिस

५.१ निष्कर्ष ५३
५.२ सिफारिसहरू ५५

**तालिका नं. १:** अध्ययन गरिएका फैसला/आदेशको सङ्ख्यात्मक विवरण ३५
**तालिका नं. २:** फैसला/आदेश कार्यान्वयनको स्थिति र अवस्था ३६

**अनुसूची -१:** फैसला वा आदेश पूर्ण रूपमा कार्यान्वयन भएका मुद्दाहरूको विवरण ५७
**अनुसूची -२:** फैसला वा आदेश आंशिक रूपमा कार्यान्वयन भएका मुद्दाहरूको विवरण ६७
**अनुसूची -३:** फैसला वा आदेश कार्यान्वयन नभएका मुद्दाहरूको विवरण ८३
**अनुसूची -४:** लक्षित समूह छलफलका सहभागीहरुको नामावली १०३

# परिच्छेद - एक

## प्रारम्भिक

### १.१ विषय प्रवेश

एक दशक लामो सशस्त्र द्वन्द्व (२०५२-२०६३) को समझदारीपूर्ण अवतरणपछि नेपालको सन्दर्भमा सङ्क्रमणकालीन न्यायको अवधारणा छलफलमा आएको हो। नेपाल सरकार र नेकपा माओवादीबीच भएको उक्त सशस्त्र द्वन्द्वमा तेह्र हजारभन्दा बढी व्यक्तिको मृत्यु, एक हजारभन्दा बढी व्यक्ति बेपत्ता, हज्जारौं यातनापीडित र विस्थापित भएका थिए भने लाखौं अन्य खालका पीडित भएका थिए। उल्लिखित सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उलङ्घन र ज्यादतीलाई सम्बोधन गरी पीडितलाई न्याय प्रदान गर्नुपर्ने राज्यको दायित्व स्वीकार गरिएको छ। यसैले राज्यको दायित्वका आधारबाट यो विषय छलफलमा आएको छ।

सशस्त्र द्वन्द्वको क्रममा राज्यले न्यायबाट कसैलाई वञ्चित गर्न हुँदैन। कानून उलङ्घन गर्ने जोकोही कारबाईको दायरामा आउनुपर्दछ भने पीडितले न्यायको अनुभूति, क्षतिपूर्ति तथा पुनस्थापनाको अधिकार राख्दछन्। यसै सन्दर्भमा सङ्क्रमणकालीन न्याय, दण्डहीनता तथा जवाफदेहितासँग जोडिएको मुद्दाहरूमा सर्वोच्च अदालत र मातहतका अदालतहरूले केही महत्त्वपूर्ण आदेश अनि फैसला गरेका छन्। केही फैसलाबाट सशस्त्र द्वन्द्वमा भएका घटनाको दोषी किटान गरी सजायसमेत भएको छ भने कतिपयमा घटनाको छानबिन गरी अभियोजनका लागि आदेश भएको छ। कतिपय व्यक्तिका निवेदनका हकमा सङ्क्रमणकालीन न्यायका लागि संयन्त्रको व्यवस्था गर्न र कतिपयका हकमा पीडितहरूलाई क्षतिपूर्ति र पुनःस्थापनाका लागि आवश्यक व्यवस्था गर्न आदेश भएको छ।

अदालतले सङ्क्रमणकालीन न्यायको संयन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता भएका व्यक्तिहरूको छानबिन आयोगको गठन तथा क्षेत्राधिकार सम्बन्धमा पनि बोलेको पाइन्छ। सबै फैसला व्यक्तिको मानवअधिकार संरक्षण, दण्डहीनताको अन्त्य तथा द्वन्द्वका क्रममा भएका मानवअधिकार उलङ्घनकर्ताहरूलाई उत्तरदायित्व बहन गराउन लक्षित देखिन्छन्। यी लक्ष्यप्राप्तिका निमित्त फैसलाहरूको कार्यान्वयन आवश्यक हुन्छ। यस अध्ययनमा तिनै फैसलाहरूको कार्यान्वयनको अवस्था कस्तो छ ? कार्यान्वयन नभएका फैसलाहरू के कारणले कार्यन्वयन नभएका हुन् ? र वर्तमान अवस्थाको सुधारका लागि केकसरी सुधार गर्न आवश्यक छ भन्ने विषय समावेश गरिएको छ।

### १.२ अध्ययनको उद्देश्य

सङ्क्रमणकालीन न्याय, दण्डहीनता र जवाफदेहिता सम्बन्धमा सर्वोच्च अदालत र पुनरावेदन अदालतहरूबाट भएका आदेश एवम् फैसलाहरूको कार्यान्वयनको अवस्था अध्ययन गरिएको यस अनुसन्धानको उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- सङ्क्रमणकालीन न्यायको सन्दर्भमा सर्वोच्च अदालत र पुनरावेदन अदालतहरूबाट भएका विभिन्न फैसला तथा आदेशहरूको सङ्कलन गरी आदेशको व्यहोरा र आदेश कार्यान्वयन गर्ने निकाय लगायतको विश्लेषण गर्ने,
- सङ्क्रमणकालीन न्यायका सन्दर्भमा भएका फैसला तथा आदेशहरूको कार्यान्वयनको सन्दर्भमा सो विषयका विशेषज्ञ, सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका व्यक्तिहरू तथा द्वन्द्वपीडित तथा मानवअधिकारकर्मीहरूसँग छलफल गरी आदेश तथा फैसला कार्यान्वयन नहुनुको कारणहरूको बारेमा राय सङ्कलन गर्ने,
- सङ्क्रमणकालीन न्यायसम्बन्धी नेपाल लगायत अन्तर्राष्ट्रिय स्तरमा भएको कानूनी व्यवस्था तथा मापदण्डको सन्दर्भमा नेपाली अदालतहरूले गरेको आदेश तथा त्यसको कार्यान्वयनको विश्लेषण गर्ने,
- सङ्क्रमणकालीन न्यायको सन्दर्भमा सर्वोच्च अदालत तथा पुनरावेदन अदालतहरूबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्था पहिचान गरी सुधारका लागि आवश्यक सिफारिसहरू प्रस्तुत गर्ने।

### १.३ अध्ययनको विधि र सीमा

प्रस्तुत अध्ययनमा सैद्धान्तिक र अनुभवाश्रित विधि अपनाइएको छ।यसको आधारसूचनाका रूपमा सङ्क्रमणकालीन न्याय सम्बन्धमा विकास भएका अवधारणा, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय व्यवस्थाहरू, उपलब्ध अनुसन्धानमूलक लेख तथा प्रतिवेदनहरूमा रहेका वाङ्मयलाई लिइएको छ।

सरोकारवाला निकाय तथा द्वन्द्वपीडितहरूको न्यायमा पहुँचको अवस्थाको अध्ययनको लागि पोखरा, हेटौडा र नेपालगन्जमा लक्षित समूहसँग छलफल गरिएको थियो। उक्त छलफलमा न्यायाधीश, न्याय समूहका अधिकृत, सरकारी वकिल, नेपाल सरकारका अधिकृत, मानवअधिकार आयोगका अधिकृत, सामाजिक कार्यकर्ता, प्रहरी अधिकृत र कानून व्यवसायीहरूको सहभागिता रहेको थियो। अध्ययनको प्रारम्भिक चरणमा काठमाडौं उपत्यकामा विषय विशेषज्ञ, फैसला कार्यान्वयनसँग सम्बन्धित निकायहरूका प्रतिनिधि, द्वन्द्व पीडित एवम् मानवअधिकारकर्मीहरूसँग लक्षित समूह छलफल तथा परामर्श कार्यक्रम आयोजना गरी सुझावहरू सङ्कलन गरिएको थियो। यसरी भएका छलफलमा प्राप्त जानकारीलाई सूचना वा तथ्याङ्कका रूपमा अध्ययनमा अवलम्बन गरिएको छ।

कार्यान्वयनको अवस्था विश्लेषणको प्रयोजनको लागि फैसला वा आदेशलाई कार्यान्वयन भएका, आंशिक रूपमा कार्यान्वयन भएका तथा कार्यान्वयन नभएका गरी तीन किसिमबाट वर्गीकरण गरी अध्ययन गरिएको छ। एउटा फैसला वा आदेशमा एकभन्दा बढी विषय कार्यान्वयन गर्नुपर्ने अवस्थामा कुनै एउटा मात्र विषय कार्यान्वयन भएको अवस्थामा वा कार्यान्वयन गर्नुपर्ने सबै आदेशमध्ये एउटा मात्र आदेश कार्यान्वयन नभएको अवस्थालाई पनि आंशिक कार्यान्वयन भएको वर्गीकरणमा राखिएको छ।

अध्ययनका केही सीमा पनि रहेका छन्। सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा सर्वोच्च अदालतबाट भएका २१ वटा तथा पुनरावेदन अदालतहरूबाट भएका आठ वटा फैसला/आदेशहरूको पाठमा मात्र यो

अध्ययन सीमित रहेको छ। सर्वोच्च अदालतबाट भएका फैसला/आदेशको छनोटमा तिनमा रहेको विषयवस्तुको गम्भीरतालाई आधार बनाइएको छ। पुनरावेदन अदालतबाट भएका फैसला/आदेशमध्ये सङ्कलन हुन सकेका फैसला/आदेशको अध्ययन मात्र यसमा सम्भव भएको छ। सङ्क्रमणकालीन न्यायको सन्दर्भमा जिल्ला अदालतबाट भएका फैसला अध्ययनमा समावेश गरिएका छैनन्। फैसला तथा आदेशहरूको पूर्णता अपूर्णता तथा गुण दोषलाई यस अध्ययनभित्र विश्लेषणको विषय बनाइएको छैन।

अध्ययनका लागि छनोट गरिएका स्थानहरूमा यथेष्ट छलफल गरी सुझाव सङ्कलन गरिएको भए तापनि समय तथा स्रोतको सीमितताको कारण अन्य स्थानमा पुग्न सकिएन। जसले गर्दा निवेदन वा उजुर नपरेका तथा अदालतसम्म नआएका मामिलाहरूको स्थिति कस्तो छ भन्ने विषय अध्ययनको पहुँच बाहिर रहन पुगेको छ।

### १.४ अध्ययन प्रतिवेदनको रूपरेखा

प्रस्तुतीको सरलताका लागि अध्ययन प्रतिवेदनलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद एकमा अध्ययनको उद्देश्य, विधि र सीमाको विवेचना गरिएको छ। परिच्छेद दुईमा नेपाली सङ्क्रमणकालीन न्याय प्रकृयाको सन्दर्भ प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा फैसलाहरूको कार्यान्वयनको अवस्था विश्लेषण गरिएको छ। परिच्छेद चारमा फैसला कार्यान्वयन नहुनुका कारणहरू सम्बन्धमा उल्लेख गरिएको छ। परिच्छेद पाँचमा अध्ययनको निष्कर्ष तथा तत्सम्बन्धी सुझावहरू र अनुसूचीहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद - दुई

## सङ्क्रमणकालीन न्याय र नेपालको सन्दर्भ

### २.१ सङ्क्रमणकालीन न्यायको अवधारणा र अर्थ

सशस्त्र द्वन्द्वको समाप्ति वा सम्झौतापूर्ण अवतरणपछि पहिले भएका मानवअधिकारको गम्भीर उलङ्घनउपर न्याय प्रदान गर्ने सन्दर्भमा सङ्क्रमणकालीन न्याय आकर्षित हुन्छ। यसको उद्देश्य द्वन्द्वको समयमा भएका मानवअधिकारको गम्भीर उलङ्घनलाई सम्बोधन गरी पीडितलाई न्याय प्रदान गर्नु हो। यसो भएमा कानुनी राज्यको सबलीकरण र मानवअधिकारको सम्मान गर्ने शासन व्यवस्थाको जग बलियो बनाउने कुरामा बल पुग्दछ। तर, सशस्त्र द्वन्द्वबाट भर्खरै शान्तितिर अघि बढेको समाजले पहिले भएका मानवअधिकार कानून र मानवीय कानूनको उल्लङ्घनलाई संवोधन गर्न आर्थिक स्थायित्वलगायत अनेक कठिनाइको सामना गर्नुपर्ने हुन सक्छ। विशेष गरी पहिले भएका मानवअधिकारको हननलाई कसरी सम्बोधन गर्ने, पीडितका लागि न्याय सुनिश्चित गर्ने र समाजमा स्थायी शान्ति तथा मेलमिलापको वातावरण सिर्जना गर्ने भन्ने नै सङ्क्रमणकालीन न्यायका मूलभूत चुनौती हुन्।

मानवअधिकार उलङ्घन वा ज्यादती बेहोरेका पीडित, तिनका परिवार वा सन्तानले आफूले खप्नुपरेको अन्यायको पीडा कहिल्यै बिर्सन सक्ने कुरा हुँदैन। त्यस अर्थमा पीडित आफूले मात्र होइन, उसका सन्तान दरसन्तानले समेत न्यायको अपेक्षा राखी राखेको हुन्छ। यसलाई राज्यले पनि बिर्सन मिल्दैन। जनताको कुनै हिस्सा वा समुदायविशेषमा अन्याय महसुस भइरह्यो र त्यसको तुस रहिरह्यो भने राज्य तथा समाजका लागि त्यो प्रत्युत्पादक विषय भइराख्छ। अतः सशस्त्र द्वन्द्व वा युद्धका अवतरणका क्रममा राज्य मानवअधिकारमैत्री युगमा प्रवेश गरेपछि पीडितहरूका पीडा तथा अन्यायको सम्बोधन गरी राज्य आफैले पनि फरकफारक लिनै पर्छ भन्ने मान्यताबाट विश्वमा सङ्क्रमणकालीन न्यायको अवधारणाको विकास र अभ्यास हुँदै आएको छ।

विगतमा भएको मानवअधिकारको गम्भीर उलङ्घनलाई अनिवार्य रूपमा सम्बोधन गर्नुपर्दछ भन्ने मान्यता स्थापित भएको भए तापनि यस सम्बन्धी भएका अभ्यास र मापदण्डहरुमा भने एक रुपता पाइँदैन। यसले व्यापक क्षेत्रलाई समेट्ने हुनाले मापदण्डको तर्जुमा पनि सहज छैन। संयुक्त राष्ट्रसङ्घका महासचिवको एक प्रतिवेदनमा भनिएको छः "[T]ransitional justice… the full range of processes and mechanisms associated with a society's attempts to come to terms with a legacy of large-scale past abuses, in order to ensure accountability, serve justice and achieve reconciliation. These may include both judicial and non-judicial mechanisms, with differing levels of international involvement (and none at all) and individual prosecutions, reparations, truth-seeking, institutional reform, vetting and dismissals, or a combination thereof."[१]

---

१ Report of the Secretary-General, "The rule of law and transitional justice in conflict and post-conflict societies Report of the Secretary-General" UNDOC S/2004/61623 (Aug 2004).

तानाशाही शासन व्यवस्था, सैनिक शासन, सशस्त्र द्वन्द्व वा युद्धका अवस्थामा हुन सक्ने मावनीय कानूनको गम्भीर उलङ्घन र मानवअधिकारको दुरुपयोगबाट सृजित अवस्थालाई सम्बोधन गर्न राज्य तत्काल सक्षम नहुने सम्भावना हुन्छ। त्यस्तो अवस्थालाई ध्यान दिई कानून नबनाएको पनि हुन सक्छ। तसर्थ यस अवस्थामा राज्यमा रहेको शासन सञ्चालन एवम् शान्ति सुरक्षाका लागि स्थापित नियमित संयन्त्रहरूको मात्र अपुग हुने कारणले सङ्क्रमणकालीन न्यायका लागि विशेष संयन्त्र स्थापना गर्ने अभ्यास विभिन्न देशहरूले गर्ने गरेका छन्।

सङ्क्रमणकालीन न्यायप्रणालीमा नियमित न्यायपालिकाबाट सम्पादन गरिने औपचारिक न्याय प्रणालीका साथमा केही थप उपायहरू समेत अवलम्वन गरिन्छ। ती उपायहरूको उद्देश्य सत्यको उजागर गर्ने, दोषीलाई कारबाई गर्ने, पीडितलाई परिपूरण दिने तथा संस्थागत सुधार गर्ने हो। तसर्थ सङ्क्रमणकालीन न्याय भन्नाले विगतमा भएको मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उलङ्घनका ज्यादती, अन्याय र पीडालाई सम्बोधन गर्ने, सत्यको उजागर गर्ने, मानवीय कानूनका उलङ्घनलाई उत्तरदायी बनाउने, पीडा तथा नोक्सानको परिपूरण गर्ने र भविष्यमा त्यस्तो अपराध वा अन्याय हुन नदिने सुनिश्चित गर्न संस्थागत सुधार गर्ने राज्यको समुच्च उपायलाई लिन सकिन्छ।[२] वस्तुतः सङ्क्रमणकालीन न्याय विगतमा भएको मानवअधिकारविरुद्धका ज्यादतीहरूलाई सम्बोधन गरी जवाफदेहीको सुनिश्चितता, न्यायको प्रत्याभूति र पुनर्मिलापमा केन्द्रित हुनुपर्दछ। यस अर्थमा सङ्क्रमणकालीन न्यायको दायरा नियमित फौजदारी न्याय प्रणालीभन्दा फराकिलो हुन्छ।

सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमा अदालती र गैरअदालती दुवै हुन सक्ने भए तापनि ती सबै संयन्त्रहरूमा निष्पक्षता, स्वच्छता, पारदर्शिता एवम् उत्तरदायित्व रहनु पर्ने कुरामा विमति छैन। मूलत सङ्क्रमणकालीन न्यायको उद्देश्य विगतमा भएको मानवअधिकार र मानवीय कानूनको उलङ्घन भविष्यमा दोहरिन नदिई समाज शान्ति र विकासको पथमा लम्कन सकोस् र विगतका घटनाका कारण अन्याय महसुस गरेका व्यक्तिले पनि न्यायको अनुभूति गर्न सकून् भन्ने हो। तसर्थ सङ्क्रमणकालीन न्यायमा बृहत न्यायको मूल्यमान्यता रहेको हुन्छ। यो द्वन्द्वपछिको न्यायसम्बन्धी सरोकारलाई सम्बोधन गर्ने संयन्त्रहरू तथा प्रक्रियाहरूको समष्टिगत रूप हो।

## २.२ सङ्क्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय अभ्यास

अन्तर्राष्ट्रिय स्तरमा सङ्क्रमणकालीन न्यायको अभ्यास धेरै पूरानो छैन। युद्धमा ज्यादती गर्नेहरूलाई सजाय गर्ने अभ्यासको सुरुआत दोस्रो विश्वयुद्ध पश्चात न्यूरेम्बर्ग तथा टोकियो न्यायाधिकरणको स्थापना भएपछि मात्र भएको मानिन्छ। सङ्क्रमणकालीन न्यायको अवधारणा यही अभ्यासबाट विकास भएको हो।[३] यो अभ्यासले ज्यादतीमा संलग्न जर्मनी तथा जापानी सेनाका उच्च स्तरका व्यक्तिहरूलाई फौजदारी दायित्व

---

२ "Transitional justice refers to the set of judicial and non-judicial measures that have been implemented by different countries in order to redress the legacies of massive human rights abuse. These measures include criminal prosecutions, truth commissions, reparation programs, and various kinds of institutional reforms." See at What is Transitional Justice? https://www.ictj.org/about/transitional-justice (accessed on Jan, 3, 2016).

३ गोविन्द शर्मा "बन्दी", संक्रमणकालीन न्यायको परिचय, नेपालमा संक्रमणकालीन न्याय, गोविन्द शर्मा "बन्दी" सं, नेपाल बार एशोसिएसन प्रथम संस्करण्, २०१३।

बहन गराए तापनि स्वच्छ सुनुवाइ र कारबाईको प्रक्रियाबारे ती न्यायाधिकरणहरूको व्यापक आलोचना भयो। कतिपयले यसलाई विजेताको न्याय (भिक्टर्स जस्टिस) को संज्ञा पनि दिए।[४] अन्ततः उक्त न्यायाधिकरणबाट विकसित कानुनी सिद्धान्तलाई न्यूरेम्बर्ग सिद्धान्तको रूपमा अन्तर्राष्ट्रिय कानून आयोगले संहिताकरण गरेको छ।[५] त्यसपछि सन् १९७५ मा ग्रीसमा सेनाका सदस्यविरुद्ध तिनले गरेको ज्यादतीउपर मुद्दा चलाई कारबाई गरिएको थियो।

दोषीलाई फौजदारी कारबाई गर्न नसकिने अवस्थामा समेत सत्य आयोगको माध्यमबाट मानवअधिकारको हननको छानबिन गरी सत्यतथ्य जानकारी गराउने अभ्यास सन् १९८३ मा अर्जेन्टिनाबाट सुरुआत भएको हो र पछि अन्य ल्याटिन अमेरिकी देशहरूले पनि यसलाई अवलम्बन गरेको पाइन्छ। सन् १९९४ मा स्थापना गरिएको दक्षिण अफ्रिकी सत्य निरूपण तथा मेलिलाप आयोगपछि सत्य आयोग सङ्क्रमणकालीन न्यायको एक अनिवार्य संस्था जस्तो भएको छ।[६] हाल आएर सत्य तथा मेलमिलाप आयोग न्यायप्रणालीको परिपूरक, सहभागितामूलक, मेलमिलापपूर्ण एवम् शान्ति र विकासका लागि उपयुक्त प्रक्रियाको रूपमा विकास भैसकेको छ।

सन् १९९० को दशकदेखि सङ्क्रमणकालीन न्यायको विभिन्न स्वरूपलाई अङ्गीकार गर्न थालियो। विश्वमा विभिन्न देशमा भएको सर्वसत्तावाद शासन व्यवस्थाबाट विश्व राजनीतिक व्यवस्था लोकतान्त्रिकीकरण तर्फ अगाडि बढेको सन्दर्भमा सङ्क्रमणकालीन न्यायका विभिन्न प्रयोगहरू अरू सघन रूपमा गर्न थालियो। पूर्व सोभियत सङ्घबाट स्वतन्त्र भएका राष्ट्रहरूले पहिलेको शासनव्यवस्थामा मानवअधिकार हननमा संलग्न व्यक्तिहरूलाई सार्वजनिक पदमा रहन नपाउने गरी छटनीको अभ्यास गरेका थिए। यो अभ्यासलाई नै सङ्क्रमणकालनीन न्यायको एउटा थप उपायको रूपमा लिइन्छ।

सन् १९५० पछि पनि सशस्त्र द्वन्द्वका क्रममा तथा निरंकुश शासन भएका अवस्थामा भएका मानवअधिकार कानून र मानवीय कानूनका गम्भीर उलङ्घनकर्ताहरूलाई फौजदारी उत्तरदायित्व बहन गराउने प्रयास भए पनि शीतयुद्धको राजनीतिक रस्साकस्सीका कारण यसले ठोस रूप लिन सकेन। दोस्रो विश्वयुद्धपश्चात रसिया, भियतनाम, चिली, फिलिपिन्स, कङ्गो, बङ्गलादेश, युगान्डा, इराक, इन्डोनेसिया, एल साल्भाडोर, बुरुन्डी, अर्जेन्टिना, सोमालियाजस्ता देशहरूमा मानवअधिकारको व्यापक हनन भए पनि फौजदारी दायित्व बहन गराउने कार्य भएन।

शीतयुद्धको समाप्तिपछि मात्रै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले पूर्व युगोस्लाभिया[७] तथा रुवान्डा[८]मा भएका मानवअधिकारको व्यापक हननलाई फौजदारी अभियोजन गरी सम्बोधन गर्ने व्यवस्था गर्यो। त्यसै गरी

४ Is Victor's Justice in Nuremberg Trial Justified or not, Uploaded by Salman Kazmi, Quaid-e-Azam Law College, Lahore , Pakistan, International Law, Faculty Member, See at https://www.academia.edu/6881861/Is_Victors_Justice_in_Nuremberg_Trial_Justified_or_not (accessed on Jan, 3, 2016)

५ The International Nuremberg Principles Academy. See at http://www.nurembergacademy.org/the-nuremberg-legacy/the-nuremberg-principles/.

६ Christian Triantaphyllis, TRANSITIONAL JUSTICE: ARE TRUTH AND RECONCILIATION COMMISSIONS WORTH IT? See at http://periodicos.unb.br/index.php/redunb/article/viewFile/7096/5593 (accessed on Jan, 3, 2016). .

७ International Criminal Tribunal for the former Yugoslavia (ICTY).

८ International Criminal Tribunal for the Rwanda  (ICTR).

अन्तर्राष्ट्रिय स्तरका एवम् सम्बन्धित देशका न्यायाधीश रहने मिश्रित न्यायाधिकरणले फौजदारी अभियोजन र न्याय सम्पादन गर्न सिरालियोन, कोसोभो, पूर्वी टिमोर तथा कम्बोडियामा अभ्यास गरिएको छ। रोम विधानअनुसार सन् २००२ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भएपछि मानवअधिकार कानून र मानवीय कानूनको गम्भीर उलङ्घनका दोषीलाई राष्ट्रिय न्याय प्रणालीबाट फौजदारी दायित्व बहन गराउन नसकिएमा वा नचाहेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चलाउन र कारबाई गर्न सकिने स्थायी संयन्त्रको व्यवस्था भएको छ।[९]

## २.३ अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू

संयुक्त राष्ट्रसङ्घको वडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई न्यायका सम्बन्धमा विश्वव्यापी अन्तर्राष्ट्रिय आधारभूत दस्तावेजका रूपमा लिन सकिन्छ। संयुक्त राष्ट्रसङ्घको स्थापना विश्वशान्ति, मानव अधिकारको संरक्षण र सुरक्षाको उद्देश्यले भएको हो। विश्व शान्ति र सुरक्षाको लागि आवश्यक परेमा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्ले आवश्यक उपायहरू अवलम्बन गर्न सक्ने व्यवस्था गरेको छ।[१०] बडापत्रको धारा १ मा जातजाति, लिङ्ग, भाषा वा धर्ममा भेदभाव नराखी सबैका लागि मानवअधिकार र मौलिक स्वतन्त्रताप्रति सम्मानभाव विकास गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन हुने भन्ने उल्लेख भएबाट पनि सङ्घको न्यायप्रतिको जिम्मेवारी स्पष्ट हुन्छ।

सन् १९४८ मा जारी भएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा मानवलाई मर्यादित व्यवहार गर्नुपर्ने, प्रत्येक व्यक्तिको जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, समानताको अधिकार तथा न्यायको अधिकारका सम्बन्धमा भएका व्यवस्थाले गर्दा मानवको महत्तालाई स्वीकार गरिएको छ। यस घोषणापत्रले गरेका व्यवस्थालाई आधार स्तम्भको रूपमा स्वीकार गरी संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा मानवअधिकारको सुनिश्चिचता गर्न तथा मानवअधिकारको उलङ्घनलाई सम्बोधन गर्न विभिन्न अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू विकास भएका छन्।

दोस्रो विश्वयुद्धमा मानवताविरुद्ध भएको ज्यादती तथा खास गरी विशेष समूहलाई लक्षित गरी भएको ज्यादतीलाई तत्काल सम्बोधन गर्न आवश्यकता महसुस गरी अन्तर्राष्ट्रिय समुदायले आमसंहारको अपराधको रोकथाम र सजाय गर्ने महासन्धि १९४८ जारी गर्‍यो।[११] राष्ट्रिय, जातीय, जनजातीय र धार्मिक समुदायलाई पूर्ण वा आंशिक रूपमा सखाप गर्ने मनसायबाट त्यस्ता समूहका सदस्यहरूको हत्या गर्ने, समूहका सदस्यहरूलाई भौतिक विनाश हुने खालका अवस्थामा मानिसको समूहको जीउज्यान लिने, समूहभित्र जन्म रोक्ने उद्देश्यका साथ जन्मनिरोधका उपाय लाद्ने तथा केटाकेटीहरूलाई जबरजस्ती एक समूहबाट अर्को समूहमा सार्ने कार्यलाई यस महासन्धिमा आमसंहारको रूपमा परिभाषित गरिएको छ। त्यस्ता कार्यहरू दण्डनीय हुने, पक्ष राष्ट्रको संविधान तथा कानूनले प्रभावकारी नियन्त्रण र सजाय हुने व्यवस्था गर्नुपर्ने, सजाय गर्न सक्षम न्यायालयको व्यवस्था गर्नुपर्ने र कुनै पनि आधारमा छुट दिन नहुने राष्ट्रका दायित्वको

---

९ International Criminal Court. See at https://www.icc-cpi.int/en_menus/icc/about%20the%20court/Pages/about%20the%20court.aspx

१० संयुक्त राष्ट्र संघको वडापत्रको धारा २४।

११ Convention on the Prevention and Punishment of Crime of Genocide, 1948

रूपमा उल्लेख गरेको छ। यसैगरी आम संहारको अभियोग लागेका व्यक्तिलाई सपुदर्गी गर्नुपर्ने प्रवाधानका अतिरिक्त संयुक्त राष्ट्रसङ्घको हस्तक्षेपकारी भूमिका रहने व्यवस्था समेत महासन्धिले स्वीकार गरेको छ।

मानवअधिकार र मानवीय कानूनको उलङ्घनका दोषीहरूलाई कारबाई गर्न संयुक्त राष्ट्रसङ्घको पहलमा नब्वेको दशकमा पूर्व युगोस्लाभिया र रुवान्डामा स्थापना भएका न्यायाधिकरणहरूले त्यस्ता अपराधमा स्थानीय तहमा कारवाही नगरेको अवस्थामा संयुक्त राष्ट्रसङ्घले हस्तक्षेपकारी भूमिका निर्वाह गरी न्यायको सुनिश्चितता गर्ने उदाहरण कायम गरेको छ।

संयुक्त राष्ट्रसङ्घ स्थापना हुनुभन्दा अगाडि नै युद्धमा प्रयोग गर्ने हातहतियार र प्रक्रियाका सन्दर्भमा हेग महासन्धिहरूको विकास भइसकेको थियो। तिनलाई युद्धरत पक्षले आचरणको रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। सन् १९४९ को चारवटा जेनेभा महासन्धि जारी भए। जेनेभा महासन्धिमा युद्ध मैदानमा घाइते र विरामी सैनिकहरूको अवस्था सुधारसम्बन्धी महासन्धि,[१२] समुद्रमा घाइते, विरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूका अवस्थासम्बन्धी महासन्धि,[१३] युद्धको समयमा युद्धबन्दीहरूको संरक्षणसम्बन्धी महासन्धि[१४] र युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि[१५] गरी चार वटा महासन्धिहरू रहेका छन्। जेनेभा महासन्धिहरूले गैरसैनिकको अधिकारको रक्षासम्बन्धी व्यवस्था गरेको हुनाले यी व्यवस्थाहरू सङ्क्रमणकालीन न्यायसँग पनि प्रत्यक्ष रूपमा सम्बद्ध छन्। ती महासन्धिहरूको साझा धारा ३ ले अन्तर्राष्ट्रिय प्रकृतिको नभएको सशस्त्र द्वन्द्वमा संलग्न पक्षलाई पनि न्यूनतम रूपमा लागू हुने कुराहरूको उल्लेख गरेको छ।

हतियार बिसाएका, विरामी वा घाउचोट, थुना वा अन्य कारणले लड्न अक्षम सैनिक वा लडाइँमा सक्रिय सहभागी नरहेका व्यक्तिहरूलाई जाति, वर्ण, धर्म, लिङ्ग इत्यादि कुनै पनि आधारमा भेदभाव नगरी मानवोचित व्यवहार गर्नुपर्ने उल्लेख छ। उनीहरूको जीवन र शरीरउपर हिंसा, हत्या, अङ्गभङ्ग गर्न, क्रूर व्यवहार गर्न, यातना दिन नपाउने बन्धक बनाउन नपाउने, अपमानजनक व्यवहार गर्न नहुने तथा न्यायका आधारभूत मान्यता आधारमा प्राप्त सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने एवम् घाइते र विरामीहरूको उपचार र संरक्षण गर्नेजस्ता कुरालाई द्वन्द्वमा संलग्न पक्षले पालना गर्नुपर्ने दायित्वको रूपमा तोकिएको पाइन्छ।

सन् १९६० को दशकमा मानवअधिकारका महत्त्वपूर्ण पक्षहरूलाई सम्बोधन गर्ने उद्देश्यले केही अन्तर्राष्ट्रिय सन्धिहरू जारी भए। तिनले पक्षराज्यलाई मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने भूमिकाका लागि महत्त्वपूर्ण सहयोग गरेका छन्। सन् १९६५ मा जारी भएको सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिले जातीय भेदभावलाई निषेध गरेको र मानवअधिकार र स्वतन्त्रताको

---

१२ Convention (I) for the Amelioration of the Condition of the Wounded and Sick in Armed Forced in the field, Geneva, 12 August 1949

१३ Convention (II) for the Amelioration of the Condition of Wounded, Sick and Shipwrecked Members of Armed Forced at Sea, Geneva, 12 August 1949

१४ Convention (III) relative to the Treatment of Prisoners of War, Geneva, 12 August, 1949

१५ Convention (IV) relative to the Protection of Civilian Persons in Times of War, Geneva, 12 August, 1949

रक्षा गरी उपचार र क्षतिपूर्तिको व्यवस्था सुनिश्चित हुनुपर्ने उल्लेख गरेको छ। त्यसपछि सन् १९६६ मा जारी भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले व्यक्तिको नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चित गर्दै जीवनको अधिकार, समानताको अधिकार, स्वतन्त्रताको अधिकार, न्यायको अधिकारलगायतका अधिकारको बाध्यकारी रूपमा राज्यहरूले सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले प्रतिज्ञापत्रको धारा ४ अन्तर्गत रहेका अधिकारहरूलाई सङ्कटकालमा पनि हरण गर्न नपाइने गरी समानता, स्वच्छ सुनुवाइलगायतका अधिकारहरूको सुनिश्चित गर्ने गरी सन् २००१ मा टिप्पणी गरेको छ। सन् १९८९ मा जारी भएको बालअधिकार महासन्धि र विशेष गरी सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको सन् २००० को बालअधिकार महासन्धिको स्वैच्छिक आलेखमा द्वन्द्वका समयमा बालबालिकाको बारेमा गरेको व्यवस्था महत्त्वपूर्ण छ। सशस्त्र फौजमा रहेका १८ वर्ष नपुगेका व्यक्तिलाई विद्रोहमा प्रत्यक्ष भाग लिने नपाउने व्यवस्था सुनिश्चित गर्न उपायहरू पक्ष राष्ट्रहरूले अवलम्बन गर्नुपर्ने उल्लेख गरेको छ।

सन् १९८४ मा जारी भएको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिले यातनाको सबै प्रकृतिलाई रोक लगाउने उद्देश्यले पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै इलाकामा कुनै प्रकारको यातना दिन नहुने र यातनाको सम्भावना हुन सक्ने अन्य कुनै देशमा पठाउन नहुने प्रबन्धको सुनिश्चित गर्नुपर्ने समेत व्यवस्था गरेको छ।[१६] यातनाबाट पीडित व्यक्तिले उद्धार पाउने, पुनःस्थापना उपायहरू अवलम्बन गर्नुपर्ने, न्याय तथा क्षतिपूर्तिको अधिकार हुने विषयसमेतलाई महासन्धिले स्वीकार गरेको छ। महासन्धिले यातनालाई अन्तर्राष्ट्रिय अपराधको रूपमा परिभाषित गरिएको छ।

सङ्क्रमणकालीन न्यायको सन्दर्भमा द्वन्द्व वा युद्धको क्रममा हुने मानवअधिकार र मानवीय कानूनको गम्भीर उलङ्घन सम्बन्धमा विकास भएका अन्तर्राष्ट्रिय फौजदारी न्यायका सिद्धान्त एवम् व्याख्याहरू मूलतः माथि विवेचित सन्धि संझौताका आधारमा नै विकसित भएकाले तिनीहरु पनि महत्त्वपूर्ण मानिन्छ। अन्तर्राष्ट्रिय फौजदारी कानूनविपरीत कार्य गर्ने व्यक्ति सजायको भागीदार हुने, राष्ट्रिय कानूनमा व्यवस्था गरेको छैन भन्ने आधारमा मात्र फौजदारी दायित्वबाट उन्मुक्ति नहुने, फौजदारी दायित्वमा पदीय हैसियतका कारण कारबाई नरोकिने, माथिल्लो अधिकारीको आदेशले घटना भएको भन्ने आधारमा मात्र सजायबाट उन्मुक्ति नहुनेजस्ता महत्त्वपूर्ण सिद्धान्तहरू न्यूरेम्बर्ग न्यायाधिकरणले नै प्रतिपादन गरिसकेको थियो। पछिल्ला अन्तर्राष्ट्रिय कानुनमा तिनको सुस्पष्ट संहिताकरण हुँदै आएको छ।

---

१६ Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (Adopted and opened for signature, ratification and accession by General Assembly resolution 39/46 of 10 December 1984 entry into force 26 June 1987, in accordance with article 27 (1))

अन्तर्राष्ट्रिय अभ्यासबाट पछिल्लो समयमा विकास भएका केही सिद्धान्तहरू सङ्क्रमणकालीन न्यायको सन्दर्भमा महत्त्वपूर्ण मानिन्छन्।[१७] मानवअधिकार तथा मानवीय कानूनको उलङ्घनकर्तालाई सजायका लागि मुद्दा चलाउन पहिलो सिद्धान्तको रूपमा जोड दिएको छ। दोस्रो सिद्धान्तका रूपमा सत्य निरूपण आयोगजस्ता संस्थाहरूमार्फत सत्य जान्न पाउने अधिकारको संरक्षण गर्ने कुरा उच्च प्राथमिकता राखिएको छ। पीडितलाई न्यायको पहुँचको प्रत्याभूति र परिपूरणको अधिकारको सुनिश्चततालाई तेस्रो सिद्धान्तले व्यवस्था गरेको छ। त्यस्तै प्रशासनिक माध्यमबाट अपराधमा संलग्न व्यक्तिहरूको छनोट गर्ने, परीक्षण गर्ने र पदबाट हटाउने (भेटिङ) जस्ता उपायहरू चौंथो सिद्धान्तको रूपमा रहेको पाइन्छ। पाँचौं सिद्धान्तको रूपमा पीडितहरूको सम्मान र स्मरणका लागि चेतना जगाउने ऐतिहासिक स्मृतिहरू निर्माण गर्ने विषयमा ध्यान दिएको देखिन्छ।

मेलमिलाप पद्धतिलाई अङ्गीकार गरी समाजको ऐतिहासिक, परम्परागत, धार्मिक आस्था एवम् पद्धतिलाई साविक अवस्थामा ल्याउने लक्ष्य छैटौं सिद्धान्तमा राखिएको पाइन्छ। सातौं सिद्धान्तले कानूनी शासन लागू गर्ने संस्थाहरू प्रति नागरिकको विश्वास जगाउने मौलिक अधिकारहरूको प्रवर्द्धन गर्ने समावेशी सिद्धान्तको अवलम्बन गर्ने, असल शासन स्थापना गर्नेजस्ता संस्थागत सुधारहरूलाई अवलम्बन गर्नुपर्ने विषयमा जोड दिएको पाइन्छ।[१८]

सङ्क्रमणकालीन न्याय र अन्तर्राष्ट्रिय फौजदारी न्याय सम्बन्ध निकै नजिक हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत आमसंहार, मानवताविरुद्धको अपराध, युद्धअपराधमा सजाय गर्ने क्षेत्राधिकार भएको स्थायी न्यायिक निकाय हो। कुनै पनि देश पक्ष भएपछि वा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदले अपराधमा कारबाई गर्न सिफारिस गरेपछि वा कुनै देश पक्ष राष्ट्र नभए पनि अदालतको क्षेत्राधिकारलाई स्वीकार गऱ्यो भने अदालतअन्तर्गत कारबाई चल्न सक्छ।

राष्ट्रिय स्तरमा हुने न्यायालयको अधिकारक्षेत्रलाई विस्थापन गर्ने नभई परिपूरक रूपमा मात्र यस अदलतले कार्य गर्दछ। पक्षराष्ट्रले रोम विधानले कारबाई गर्नुपर्ने भनिएको आधारमा कारबाई नगरेमा, कारबाई गर्ने क्षमता नभएमा, कारबाई गर्न अनिच्छुक भएमा वा कारबाई देखावटीको लागि मात्र गरेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी मुद्दाको कारबाई चलाउन सक्छ। तसर्थ पक्ष राष्ट्रहरूलाई कारबाई अगाडि बढाउन दबाव दिन अन्तर्राष्ट्रिय फौजदारी अदालत महत्त्वपूर्ण रहेको छ।

त्यस्तै, अन्तर्राष्ट्रिय फौजदारी कानूनको विकासको सन्दर्भमा चर्चा गर्दा पूर्वयुगोस्लाभिया विघटनपछिको समयमा मानवअधिकार तथा मानवीय कानूनका दोषीहरूलाई सजाय गर्न स्थापित भएको अन्तर्राष्ट्रिय न्यायाधिकरणको विधान र रुवान्डामा भएको आमसंहारका दोषीहरूलाई कारबाई गर्न स्थापित भएको

१७ The Chicago Principles on Post-Conflict Justice, A joint project of: International Human Rights Law Institute Chicago Council on Global Affairs Istituto Superiore Internazionale di Scienze Criminali Association Internationale de Droit Pénal 2007, See at http://www.concernedhistorians.org/content_files/file/to/213.pdf (accessed on Jan, 3, 2016).

१८ Ibid.

अन्तर्राष्ट्रिय न्यायाधिकरणको विधानमा भएको व्यवस्थाहरूका अतिरिक्त उल्लिखित न्यायाधिकरणहरूले फैसलाका क्रममा प्रतिपादन गरेका सिद्धान्तहरू महत्त्वपूर्ण छन्।

अन्तरअमेरिकी मानवअधिकार अदालत, युरोपेली मानवअधिकार अदालतजस्ता क्षेत्रीय अदालतलगायत द्वन्द्वको क्रममा भएको मानवअधिकारको उल्लघनलाई सम्बोधन गर्न गठन भएको पूर्वी टिमोरको मिश्रित न्यायाधिकरणजस्ता निकायका फैसलाहरूको पनि महत्त्वपूर्ण स्थान छ।

## २.३ सङ्क्रमणकालीन न्याय, जवाफदेहिता र दण्डहीनताको अन्तरसम्बन्ध

सङ्क्रमणकालीन न्याय द्वन्द्व वा युद्धको क्रममा भएका मानवअधिकार तथा मानवीय कानून गम्भीर उल्लङ्घनकर्ताहरूलाई सजाय गर्ने चुनौतीको विषय भए तापनि पीडितको सन्तुष्टि, न्यायको अनुभूति लगायत दण्डहीनताको अन्त्यको लागि दोषीमाथि अभियोजन र कारबाईको विषय पनि यसमा अन्तरनिहत भएको मानिन्छ। यसको उद्धेश्य भविष्यमा यस्ता अपराध नदोहोरिने सुनिश्चितता गर्नु पनि हो। यस कारण दण्डहीनताको अन्त्य गरी कानूनको शासनप्रति सम्मान जगाउनु, पीडितलाई बदलाको भाव जागृत हुन नदिनु, उचित कानूनी प्रक्रियाको उच्चतम प्रयोग गर्नु, पीडितप्रति न्याय र सन्तुष्टि दिलाउनु, सम्मान जाहेर गर्नु, भविष्यमा मानवअधिकार उल्लङ्घनका घटनाहरू हुन नदिन प्रभावकारी उपाय अवलम्बन गर्नु र मानवअधिकार हनन् प्रति राज्यबाटै निन्दा गरी पीडितप्रति सम्मान र सुरक्षाको अनुभूति दर्साउनु राज्यको दायित्व पनि हो।

अन्तर्राष्ट्रिय मानवअधिकार कानून र मानवीय कानूनको गम्भीर उल्लङ्घनका घटनाहरूलाई अन्तर्राष्ट्रिय समुदायले गम्भीर चासोको रूपमा लिएका हुन्छन्। मानवताविरुद्धको अपराध, युद्ध अपराध र आमसंहार जस्ता अपराधहरूलाई प्रथागत अन्तर्राष्ट्रिय कानूनको विषयको रूपमा लिइन्छ। साथसाथै मानवअधिकार उल्लङ्घनका अन्य अपराधहरू जस्तो यातना, गैरन्यायिक हत्या, बेपत्ता पार्ने अपराध, बलात्कार, दास बनाउने कार्य, जातिभेद भएको अवस्थामा अनुसन्धान गर्नुपर्ने वा कारबाई अगाडि बढाउनुपर्ने लगायतको अन्तर्राष्ट्रिय समुदायको राज्यमाथि दबाब रहन्छ।

अन्तर्राष्ट्रिय स्तरमा विकास भएको विधिशास्त्रअनुसार उल्लिखित अपराधहरूमा राज्यले गंम्भीर अनुसन्धान गरी दोषीलाई कारबाई गर्नुपर्दछ।[१९] यस्तो अवस्थामा अनुसन्धान अभियोजन नगर्ने, त्यस्ता अपराधका दोषीहरूलाई मुक्ति दिलाउन कानून बनाएर आम माफी दिने कार्यले एकातिर पीडितको भावनामा आँच पुर्याउँछ, अर्कोतिर अन्तर्राष्ट्रिय समुदायमा छविमा नकारात्मक असर समेत पर्दछ। अन्ततः यस्तो अवस्थाले दण्डहीनतालाई पृष्ठपोषण गर्दछ। दण्डहीनताले भविष्यका लागि खतरापूर्ण अवस्था राखी राख्दछ। अन्तर्राष्ट्रिय अपराधका दोषीहरूलाई **"कि मुद्दा चलाऊ, कि त सुपुर्दगी गर"** भन्ने मान्यता भएको हुनाले दोषीहरूविरुद्ध अन्य देशमा पनि कारबाईको सम्भावना रहिरहन्छ।[२०] त्यसैले त्यस्ता प्रकृतिको अपराधमा राज्यले इमान्दारिताका संबोधन गर्दैन, राज्य नै अनिच्छुक वा असक्षम छ, अन्तर्राष्ट्रिय समुदाय वा

---

१९ Ibid.

२० The obligation to extradite or prosecute (aut dedere aut judicare), Final Report of the International Law Commission 2014. See athttp://legal.un.org/ilc/texts/instruments/english/reports/7_6_2014.pdf

सर्वसाधारण जनतालाई देखाउनका लागि देखासिकी अभियोजन गर्दछ भने पनि वास्तविक रूपमा पुनः कारबाई गर्न गराउन सकिन्छ। दोहोरो खतराको सिद्धान्त विपरीत मानिदैन।[२१] यसलाई अन्तर्राष्ट्रिय फौजदारी कानूनीअभ्यास र रोम विधानले समेत स्वीकार गरेको छ।

शान्तिसम्झौता वा सहमतिबाट अन्त भएको युद्ध वा द्वन्द्वका दोषीहरूलाई कारबाई गर्न सहज हुँदैन। यो नै सङ्क्रमणकालीन न्यायको लागि ठूलो चुनौतीको रूपमा रहेको हुन्छ। द्वन्द्वका पक्ष भएका समूह नेपालमा जस्तो शासन सत्तामा रहेछन् भने कारबाईको विषय झन् समस्यामूलक हुनु स्वाभाविक देखिन्छ। अनुसन्धान तथा अभियोजनको कारबाईको प्रक्रिया अगाडि नबढ्ने, बरू माफी मिनाहाको कारबाई अगाडि बढ्ने सङ्क्रमणकालीन न्यायका अन्य उपायहरू परिपूरण तथा साङ्केतिक कारबाईमार्फत उपचार प्रदान गर्ने जस्ता मात्र प्रयासहरू गरिएको हुन्छ। अदालतबाट अनुसन्धान तथा अभियोजनका लागि हुने र भएका आदेशको समेत कार्यान्वयन नहुने खतराको अवस्था रहन सक्छ।

उपर्युक्त अवस्थामा सबै पक्षहरू शान्ति सम्झौता र संविधानमा भएका व्यवस्थाहरूको आधारमा अगाडि बढ्नु उपयुक्त उपाय हुन्छ। तसर्थ नेपालमा विगतमा भएको मानवअधिकारको गम्भीर उल्लङ्घनको सन्दर्भमा दोषीलाई उत्तरदायी बहन गराउन विस्तृत शान्ति सम्झौतादेखि अहिलेसम्मको संवैधानिक व्यवस्था र कानूनमा भएका व्यवस्थाहरूको पालना आवश्यक हुन्छ।

### २.४ सशस्त्र द्वन्द्वमा सङ्क्रमणकालीन न्याय र दण्डहीनता अन्त्य गर्ने सम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय दायित्व

अन्तर्राष्ट्रिय कानूनलाई मोटामोटी रूपमा प्रथागत र सन्धि सम्झौतामा आधारित गरी दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ। त्यसकारण सङ्क्रमणकालीन न्याय तथा दण्डहीनतालाई सम्बोधन गर्ने नेपालको दायित्वलाई पनि त्यसै आधारमा विभाजन गरेर हेर्न सकिन्छ। प्रथागत अन्तर्राष्ट्रिय कानून राज्यहरूको व्यवहारबाट स्थापित नियमहरू हुन्। यी नियमहरू सभ्य राज्यहरूवीचको व्यवहार सञ्चालनका निमित्त अपरिहार्य हुन्छन्। त्यस कारण यस्ता नियमहरू सबै राज्यहरूलाई स्वतः लागू हुने मानिन्छ। सन्धि, सम्झौता जस्तो यस्ता नियम पालना गर्न राज्यले आफ्नो प्रतिबद्धता व्यक्त गरेको हुन आवश्यक पर्दैन।

खासगरी चारवटा जेनेभा महासन्धिको व्यवस्था प्रथागत कानूनको संहिताकरण गरी वनाईएको मानिन्छ। प्रथागत नियमहरूलाई एकीकरण र संहिताकरण गरिएर निर्माण गरिएका कारण ती महासन्धिहरूका नियमहरूलाई प्रथागत कानूनको भागको रूपमा पनि मानिन्छ। त्यसकारण नेपालको सशस्त्र द्वन्द्वको समयमा त्यस्ता युद्धका नियमहरू दुवै पक्षलाई स्वतः लागू हुन्छन् भन्न सकिन्छ। विशेष गरी आन्तरिक सशस्त्र द्वन्द्वका सम्बन्धमा चारवटा जेनेभा महासन्धिहरूको साझा धारा ३ को व्यवस्था सन्धिकानूनको रूपमा मात्र नभई प्रथागत कानूनको रूपमा पनि मानिन्छ। नेपालको न्यायप्रणालीमा भने प्रथागत अन्तर्राष्ट्रिय कानूनका नियमको प्रयोग भएको उदाहरण फेला पार्न सकिँदैन। स्पष्ट रूपमा प्रथागत कानूनको

---

२१ Anthony D'Amato, National Prosecution for International Crimes. See at http://anthonydamato.law.northwestern.edu /Adobefiles/National%20 prosecutions-int%20crimes3rd08.pdf

बारेमा केही नबोलीकन सर्वोच्च अदालतले उक्त महासन्धिका व्यवस्थाहरूलाई लागू गर्न राष्ट्रिय कानून बनाउन नेपाल सरकारका नाउँमा आदेश जारी गरिसकेको छ।[२२]

कुनै सन्धिको पक्ष बनेपछि सो सन्धिले सिर्जना गरेका दायित्वहरू जस्ताको तस्तै रूपमा पूरा गर्नु सम्बन्धित पक्ष राष्ट्रको दायित्व हो। त्यसकारण नेपाल पक्ष वनेका बिशेष गरी मानवअधिकार सम्बन्धी महासन्धिहरूले सिर्जना गरेको नेपालको दायित्व द्वन्द्वकालमा भएका मानवअधिकारको उलङ्घनको सम्बन्धमा महत्त्वपूर्ण रहेका देखिन्छन्। यस सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ को व्यवस्था पनि महत्त्वपूर्ण छ। सो धाराले प्रतिज्ञापत्रमा प्रत्याभूत गरिएका मानवअधिकारको उलङ्घन भएका अवस्थामा पीडितले प्रभावकारी उपचार पाउने हक सुनिश्चित गरेको छ। यो हकबाट नै राज्यलाई सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकारको उलङ्घनका घटनामा पीडितलाई उपचार प्रदान गर्ने र अधिकार हनन्का दोषीलाई दण्ड दिने दायित्व सिर्जना भएको मानिन्छ। यसो भएमा दण्डहीनता अन्त्यका लागि आधार सिर्जना हुन्छ। यसको विपरीत दोषीलाई कानुनी उत्तरदायित्व बहन नगराउने र पीडितलाई उपचार उपलब्ध नगराउने अभ्यासले दण्डहीनता मौलाउने संस्कृतिको विकास गर्दछ।

उक्त धाराले व्यवस्था गरेअनुसार अधिकार हननका पीडितले पाउने प्रभावकारी उपचार अन्तर्गत मूलतः मुख्यतः सत्य, न्याय र परिपूरणको अधिकार पर्दछन्।पीडितका यी अधिकारमा आफ्ना अधिकार हनन किन, कसरी र कोबाट भएको थियो भन्ने सत्य थाहा पाउने अधिकार पनि पर्दछन्।यी अधिकारको प्रचलनका लागि अधिकार हननको सम्बन्धमा प्रभावकारी र शीघ्र अनुसन्धान गर्ने र अनुसन्धानबाट जिम्मेवार देखिएका व्यक्तिलाई अभियोजन गरी अदालतमा मुद्दा चलाउनुपर्ने कुरा राज्यको दायित्व भित्र पर्दछ। यसैगरी नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धि[२३] को धारा २ को व्यवस्थाले पनि यातनाको रोकथाम गर्न प्रभावकारी कानुनी, प्रशासनिक र न्यायिक उपचारको व्यवस्था गर्नुपर्ने दायित्व उल्लेख गरिएको छ। यसरी नै धारा ४ ले यातनालाई अपराध घोषणा गरी दण्डनीय बनाउनुपर्ने दायित्व समेत पक्षराष्ट्रलाई तोकेको छ। मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्ष नभएकोले प्राविधिक रूपमा नेपाल यो सन्धिले व्यवस्था गरेका दायित्वहरूलाई पालना गर्न बाध्य छैन भन्न सकिन्छ। तर यस्तो अवस्थामा पनि नेपालको सर्वोच्च अदालतले यो सन्धिका व्यवस्थाहरू पनि नेपाल पक्ष भएका अन्य सन्धिकै व्यवस्थाहरूको निरन्तरता भएकाले यो सन्धिका व्यवस्थाहरू पालना गर्नुपर्ने नेपाल सरकारको दायित्व हुने भनी व्याख्या गरेकाले[२४] यस सन्धिबाट सिर्जना भएका दायित्वहरूको पालना गर्नु नेपाल सरकारको कर्तव्य भएको छ। मानिसलाई जबर्जस्ती बेपत्ता पार्ने विरुद्धको महासन्धिले बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्नुपर्ने र अपराधको गम्भीरताको समानुपातिक हुने गरी सजाय तोक्ने व्यवस्था हुनुपर्ने व्यवस्था गरेको छ।

२२ राजाराम ढकाल वि. प्रधानमन्त्रीको कार्यालय समेत, २०५९ सालको २९४२, आदेश मिति २०६०।०९।२५

२३ मे १४, १९९१

२४ राजेन्द्र ढकाल वि. नेपाल सरकार, २०५९ सालको उत्प्रेषण। परमादेश २९४२, आदेश मिति २०६४।०२।१८।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ ले मानवअधिकार समितिको व्यवस्था गरेको छ। सो प्रतिज्ञापत्रको कार्यान्वनको अनुगमन लगायतका कार्य गर्ने यो समितिको मुख्य कार्य हो। यसका अतिरिक्त प्रतिज्ञापत्रको पहिलो ईच्छाधीन प्रलेखको पक्ष बनेका राज्यका हकमा अधिकार हनन भएको अवस्थामा व्यक्तिगत उजुरी सुन्ने र त्यसमा निर्णय दिने कार्य समेत यो समितिले गर्दछ। नेपाल सो प्रलेखको पक्ष भएकाले मानवअधिकार समितिसमक्ष नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रद्वारा प्रत्याभूत अधिकारको हनन्बाट पीडित हुने व्यक्तिले उजुर गर्न पाउने समितिको क्षेत्राधिकारलाई नेपालले स्वीकार गरेको छ। यसै आधारमा सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकारको हननसम्बन्धी केही उजुरीहरू सो समितिमा पुगेका छन्। त्यस्ता उजुरीहरू मध्ये केही विचाराधीन छन् भने केही मुद्दामा सो समितिले आफ्नो निर्णय गरी सकेको छ। यी निर्णयहरूबाट नेपालले सन्धिअन्तर्गतको आफ्नो दायित्व पूरा गरेको वा नगरेको भन्ने विषय हेर्न सकिन्छ।

सन् २००८ मा *यशोदा शर्माको* निवेदनमा[२५] द्वन्द्व कालमा निवेदिकाका पतिलाई बेपत्ता पारिएको घटनाले महासन्धिको धारा ७, ९ र १० बाट प्रत्याभूत अधिकारको हनन भएको देखियो। तर ती अधिकार हननका सम्बन्धमा प्रभावकारी अनुसन्धान नभएका कारण नेपाल राज्यले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ अनुसारको दायित्व पूरा नगरेको भन्ने निर्णय मानवअधिकार समितिले गऱ्यो। यस्तै प्रकृतिको *राम कुमार भण्डारी* को निवेदनमा[२६] पनि उपरोक्त धाराहरूको उलङ्घन भएकाले निवेदकलाई देहायबमोजिमको उपचार प्रदान गराउनुपर्ने राज्यको दायित्व भएको कुरा निर्णय भएको पाइन्छ।

(क) निवेदकका पिता तेजबहादुर भण्डारी बेपत्ता भएको सम्बन्धमा गहन र प्रभावकारी अनुसन्धान गरी अनुसन्धानको नतिजाका बारेमा विस्तृत जानकारी निवेदकलाई दिने।

(ख) तेजबहादुर भण्डारीका अवशेष पत्ता लगाएर परिवारलाई हस्तान्तरण गर्ने।

(ग) बेपत्ता बनाई अधिकारको हनन गर्न जिम्मेबारहरूलाई अभियोजन गर्ने, पुर्पक्षमा लैजाने र सजाय गर्ने।

(घ) अधिकारको हननको सहन गरे वापत निवेदकलाई पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने।

(ङ) निवेदकलाई आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनःस्थापना र औषधि उपचार उपलब्ध गराईएको सुनिश्चित गर्ने।

यसै गरी *केदार चौलागाईको* निवेदनमा[२७] निजकी छोरी शुभद्रालाई जवर्जस्ती पक्राउ गरी गैर-न्यायिक हत्या गरिएको विषयमा नेपाल राज्यले प्रतिज्ञापत्रका धारा ६, ७, ९ र १० तथा निवेदकका हकमा धारा ७ द्वारा प्रत्याभूत अधिकारको हनन गरेको निष्कर्षमा मानवअधिकार समिति पुग्यो। यी हक हनन भए बापत प्रतिज्ञापत्रको धारा २ को उपधारा (३) को प्रकरण (क) अनुसार निवेदकलाई प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्ने राज्यको दायित्व भएको निर्णय गरियो। यो उपचारमा सो घटनाका सम्बन्धमा प्रभावकारी तथा पूर्ण अनुसन्धान गरेर दोषीउपर मुद्दा चलाई सजाय गर्ने लगायत पीडितलाई पूर्ण परिपूरण तथा

---

२५ Human Rights Committee, Communication No. 1469/2006, Yasoda *Sharma v Nepal* (views adopted on 28 October 2008).

२६ Human Rights Committee, Communication No. 2031/2011, *Ram Kumar Bhandari v Nepal* (views adopted on 29 October 2014).

२७ Human Rights Committee, Communication No. 2018/2010, *Kedar Chaulagain v Nepal* (Views adopted on 20 October 2014).

सन्तुष्टिको उपायहरूको व्यवस्था समावेश हुने कुरा उल्लेख छ। यसैगरी भविष्यमा यस किसिमका मानवअधिकारको उलङ्घन हुनबाट रोक्नका लागि उपयुक्त कदम चाल्न समेत राज्यको दायित्व हुने कुरा समितिले उल्लेख गरेको छ। यहाँ छलफल भएका सबै मुद्दाहरूमा सरकारले १८० दिनभित्र पीडितलाई उपचार प्रदान गर्नुपर्ने समय सीमासमेत निर्धारण गरेको छ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००६ मा पारित गरेको अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको सघन उलङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उलङ्घन पीडितका उपचार तथा परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्ग दर्शनहरूले[२८] पनि आन्तरिक सशस्त्र द्वन्द्वजस्ता अवस्थामा हुन सक्ने मानवअधिकार कानून तथा मानवीय कानूनको उलङ्घनका पीडितका अधिकारलाई सम्बोधन गर्नुपर्ने दायित्व उल्लेख गरेको छ। सो मार्ग निर्देशनहरूले पीडितका तीन किसिमका अधिकार हुने कुरा उल्लेख गरेको छ। पहिलोमा न्यायमा सहज र प्रभावकारी पहुँचको अधिकार पर्दछ। यसमा न्यायिक र प्रशासनिक दुवै किसिमका उपचार पाउने अधिकार पर्दछन्। यसको निमित्त राज्यले अन्तर्राष्ट्रिय मानवअधिकार कानूनद्वरा व्यवस्था गरिएका अधिकारहरू हनन भएका अवस्थामा प्राप्त हुने उपचारका बारेमा पर्याप्त सूचनाहरूको संप्रेषण गर्नुपर्ने कुरा पनि समावेश हुन्छ। यसै गरी पीडित, उसको वारेस, परिवारका सदस्य तथा साक्षी उपचारका लागि न्यायिक, प्रशासनिक र अन्य कारबाईमा संलग्न हुँदा आई पर्ने असुबिधाहरूलाई कम गर्ने, उनीहरूको गोपनियतामा गैर कानुनी रूपमा हुने हनन रोकथाम गर्ने तथा वदलाको भावनाबाट निजहरूको सुरक्षामा आई पर्न सक्ने समस्या समाधान गर्नुपर्ने कुरा पनि पर्दछन्। दोस्रोमा हानि बेहोर्नुपरेवापत पर्याप्त, प्रभावकारी र शीघ्र परिपूरण पाउने अधिकार पर्दछन्।परिपूरणका रूपमा हक हनन हुन भन्दा पहिलेको अवस्थामा पुनःस्थापना हुने कुरा पनि समावेश हुन्छ।यसैगरी क्षतिपूर्ति तथा पीडितको पुनःस्थापनाका लागि आवश्यक सुविधाहरू पनि पर्दछन्। परिपूरण पाउने अधिकारमा पीडितको सन्तुष्टि तथा भविष्यमा अधिकार हनन नहुने कुराको सुनिश्चितता पर्दछन्। अधिकार हनन् गर्न जिम्मेवार व्यक्तिलाई न्यायिक तथा प्रशासनिक कारबाईबाट जिम्मेवारी बहन गराउने कार्यलाई पनि परिपूरणको रूपमा लिएको पाइन्छ। तेश्रोमा, अधिकारको हनन् हुनका कारणहरू र त्यसका सम्बन्धमा सत्य तथ्य थाहा पाउने अधिकार पर्दछन्।

उल्लिखित अन्तर्राष्ट्रिय कानून अनुसारको दायित्व नेपालले पूरा गरेको छ कि छैन भन्ने तथ्यको निर्धारण विभिन्न प्रमाणको सङ्कलन तथा मूल्याङ्कन गरेर गर्नुपर्ने हुन्छ। तर यस अध्ययनमा समावेश गरिएका फैसलाहरूको अध्ययनबाट पनि यस विषयमा प्रारम्भिक आँकलन भने गर्न सकिन्छ।

### २.५ नेपालमा सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनी संरचना र निकायहरू

सङ्क्रमणकालीन न्याय संयन्त्र र नियमित न्यायिक संयन्त्रहरू एक अर्काका परिपूरक हुन् विकल्प होइनन्। त्यसकारण सङ्क्रमणकालीन न्याय सम्बन्धी कानुनी व्यवस्था तथा संयन्त्रहरूको उल्लेख गर्दा सामान्य कानून र न्याय संयन्त्रहरू पनि समावेश भएकै हुन्छन्। देशको कुनै काल खण्डमा भएका

---

२८ Resolution adopted by the General Assembly on *Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law* (21 March 2006).UNDOC, A/RES/60/147.

मानवअधिकारको गम्भीर उलङ्घनलाई तत्कालिन समयमा सम्बोधन नगरिएका कारण त्यस्ता हननलाई सम्बोधन गर्न सामान्य न्याय संयन्त्रका अलावा केही थप कानुनी तथा न्याय संयन्त्रको स्थापना आवश्यक मानिन्छ। त्यसैले नेपालमा पनि सङ्क्रमणकालको व्यवस्थापनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने आयोग स्थापना गर्ने उद्देश्य राखेको पाइन्छ। विगतका मानवअधिकार हननलाई सम्बोधन गर्ने प्रयोजनार्थ बनेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा भएका व्यवस्थाहरूका आधारमा देहायका संयन्त्रहरू यस प्रकार छन्।

(क) **सत्य निरूपण तथा मेलमिलाप आयोगः** अन्तर्राष्ट्रिय अभ्यासको सामान्य अवलोकनबाट सङ्क्रमणकालीन न्यायको सन्दर्भमा विगतमा भएका मानवअधिकारको हननको विस्तृत छानबिन गरी सत्य तथ्यको उजागर गरेर समाजमा मेलमिलापको वातावरण सिर्जना गर्नका निमित्त सत्य निरूपण आयोग गठन गर्ने प्रचलन रहेको पाइन्छ।[२९] यही अवधारणाबाट प्रेरित भएर नेपालको सङ्क्रमणकालको व्यवस्थापनको निमित्त सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको छ।[३०]

सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकारको हननको अनुसन्धान गरी सत्यतथ्य जनसमक्ष ल्याउने यस आयोगको मुख्य काम हो। यसका अतिरिक्त पीडित तथा पीडकबीच मेलमिलाप गराउने, पीडकलाई क्षमादानका लागि सरकार समक्ष सिफारिस गर्ने, सशस्त्र द्वन्द्वकापीडितलाई उपलब्ध गराउने परिपूरणको सिफारिस गर्ने तथा आफूले गरेका काम तथा भविष्यमा मानवअधिकारको हनन् हुन नदिने सुनिश्चितताको विषय समेटेर प्रतिवेदन पेश गर्ने आयोगका कार्यहरू हुन्। आयोगको कार्यावधि सामान्यतया दुई वर्षको हुन्छ। सो अवधिमा कार्य सम्पन्न हुन नसकेमा आवश्यकताअनुसार आयोगको अवधि एक वर्ष थप हुन सक्दछ। एक जना अध्यक्ष र चार जना सदस्य रहने यो आयोग नेपाल सरकारले २०७१ साल माघ २७ गते गठन गरेको छ।

(ख) **बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग:** सत्य निरूपण तथा मेलिमलाप आयोग जस्तै संगठनात्मक स्वरूप तथा कार्यक्षेत्र भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको व्यवस्था पनि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गरिएको छ। दुवै आयोगहरूको विषयवस्तुको क्षेत्राधिकारबाहेक अन्य व्यवस्थाहरू समान छन् र दुवैको गठन पनि नेपाल सरकारले एकै दिनमा गरेको थियो। सत्य निरूपण तथा मेलमिलाप आयोगले द्वन्द्वकालमा भएका धेरै किसिमका मानवअधिकारको हनन्को अनुसन्धान गर्दछ भने बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले व्यक्ति बेपत्ता पर्ने कार्यको मात्र अनुसन्धान गर्दछ।

(ग) **परिपूरणः** सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको हनन्का पीडितलाई उनीहरूले सहन गर्नु परेको पीडालाई कम गर्नका निमित्त उपलब्ध गराईने विभिन्न किसिमका क्षतिपूर्ति, सहुलियत तथा सुविधालाई परिपूरणको रूपमा ऐनमा लिइएको छ। आयोगले परिपूरणका रूपमा पीडितलाई उपलब्ध गराउने कुराका सम्बन्धमा निजको इच्छा तथा माग समेत बुझेर सरकारलाई सिफारिस

---

२९ UN Office of the High Commissioner for Human Rights “Rule of Law Tools for Post-Conflict States: Truth Commissions” (New York and Geneva, United Nations, 2006).

३० बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना।

गर्नुपर्ने उल्लेख गरिएको छ। पीडित जीवित भएका अवस्थामा परिपूरण निजलाई र निजको मृत्यु भएका अवस्थामा निजको नजिकका नातेदारलाई उपलब्ध गराउने व्यवस्था राखिएको छ।[३१]

(घ) **मेलमिलापः** मेलमिलापलाई अंग्रेजी भाषाको रिकन्सिलिएसन शब्दको नेपाली अनुवादको रूपमा लिइएको छ। सो अन्तर्गत रिकन्सिलिएसन भनेको द्वन्द्वमा संलग्न दुई पक्षहरूले एक अर्काको अस्तित्वलाई सम्मान गर्दै आपसमा सिर्जना हुने विवादलाई शान्तिपूर्ण रूपमा समाधान गरी समाजनमा वस्ने अवस्थालाई जनाउँदछ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संरचनामा मेलमिलापलाई अत्यन्त सीमित अर्थमा पीडक तथा पीडितबीच अदालतमा गरिने मुद्दाको मिलापत्रको रूपमा लिइएको छ। यसरी मिलापत्र भएका अवस्थामा त्यस्ता पीडकउपर मुद्दा चलाउन सिफारिस नगरिने व्यवस्थाले यसलाई आममाफीको अर्को रूपमा लिएको जस्तो देखिन्छ।

(ङ) **आममाफी वा क्षमादानः** सङ्क्रमणकालीन न्यायको एउटा उपायको रूपमा क्षमादानलाई पनि लिईन्छ।[३२] तर यसको सीमा र स्वरूपका हकमा भने विभिन्न देशको अभ्यासमा एकरूपता पाईदैन। पछिल्ला दुई दशकमा विकसित अन्तर्राष्ट्रिय फौजदारी कानून तथा राज्यहरूको अभ्यासका आधारमा गम्भीर किसिमका अन्तर्राष्ट्रिय अपराधका हकमा क्षमादान दिन नमिल्ने भन्ने विधिशास्त्र विकास भएको पाइन्छ। *सुमन अधिकारीको* मुद्दामा[३३] सर्वोच्च अदालतले पनि यस्ता किसिमका अपराधमा आममाफी दिन नमिल्ने भन्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ का केही प्रावधान बदर घोषणा गरी क्षमादानको क्षेत्र सीमित गरेको पाइन्छ। परिणामतः फैसलाले निर्धारण गरेको सीमाभित्र रही ऐनले तोकेको प्रक्रियाअनुसार आयोगहरूले क्षमादानको लागि सरकारसमक्ष सिफारिस गर्न सक्दछन्।

(च) **फौजदारी अभियोजन:** सङ्क्रमणकालीन न्यायको अभ्यासमा फौजदारी अभियोजनको सीमितता हुन्छ। आयोगको अनुसन्धानबाट गम्भीर अपराधमा संलग्न देखिएका पीडकलाई आममाफी दिन नमिल्ने भनेर सर्वोच्च अदालतबाट फैसला भएको छ।[३४] आममाफीको सिफारिसमा नपरेका र पीडितसँग मेलमिलाप नगरेको व्यक्तिको नाम अभियोजन प्रयोजनका लागि आयोगले महान्यायाधिवक्ता समक्ष पठाउनुपर्दछ। त्यसपछि महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दछन्।

(छ) **विशेष अदालतः** आयोगहरूको छानबिनबाट द्वन्द्वकालमा भएका मानवअधिकारको अभियोजन गर्न जिम्मेवार देखिएका व्यक्तिहरू उपर लागाईएका मुद्दाको कारबाई र किनारा सामान्य अदालतबाट नभई विशेष अदालतबाट हुने व्यवस्था ऐनको दफा २९ ले गरेको छ। यसका निमित्त नेपाल सरकारले बिशेष अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विशेष अदालत ऐन, २०५९ को प्रावधान अनुसार विशेष अदालतको गठन गर्नुपर्ने हुन्छ।

---

३१ दफा २३(६)।

३२ UN Office of the High Commissioner for Human Rights “Rule of Law Tools for Post-Conflict States: Amnesties” (New York and Geneva, United Nations, 2009).

३३ सुमन अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०७१ अंक १२ नि.नं.९३०३

३४ सुमन अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०७१ अंक १२ नि.नं.९३०३

# परिच्छेद - तीन

## सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित फैसलाहरू र तिनको कार्यान्वयनको अवस्था

### ३.१ परिचय

नेपालको न्यायसम्बन्धी अधिकार संविधान र कानूनका मान्य सिद्धान्तको आधारमा अदालत र अन्य न्यायिक निकायबाट प्रयोग गरिने संवैधानिक व्यवस्था रहेको छ।[३५] अदालतबाट विवादको निरूपण हुने गरी गरिने आदेश वा फैसलाको कार्यान्वयनबाट नै फैसलाले दिएको न्यायको सार्थकता रहन्छ। फैसलाको कार्यान्वयन नभएमा न्यायको उद्देश्य प्राप्त हुन सक्दैन। नेपालको संवैधानिक र कानूनी व्यवस्थाका आधारमा हेर्दा सामान्यतः न्यायपालिकाले नै फैसला वा आदेशको कार्यान्वयन गर्ने दायित्व लिएको पाइन्छ। तथापि सर्वोच्च तथा पुनरावेदन अदालतबाट रिट क्षेत्राधिकारअन्तर्गत जारी हुने आदेश वा फैसलाको कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, नेपाल सरकारका निकाय वा सरोकारवाला अधिकारीमा रहने व्यवस्था छ।[३६] यसअतिरिक्त, सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा प्रतिपादित कानूनी सिद्धान्त वा गरेको कानूनको व्याख्याको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने कर्तव्य महान्यायाधिवक्तामा रहने व्यवस्था छ।[३७] सर्वोच्च अदालत तथा पुनरावेदन अदालतबाट संविधान र कानून प्रदत्त क्षेत्राधिकारअन्तर्गत विवादको निर्धारित कानूनी प्रक्रियाअन्तर्गत निरूपण गरिन्छ।

### ३.२. सर्वोच्च अदालतको क्षेत्राधिकार

नेपालको संविधानले संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको छ।[३८] यसका अलावा संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाँझिएकोमा सो बदर गराउन सर्वोच्च अदालतमा निवेदन दिन सकिने र सर्वोच्च अदालतलाई त्यस्तो कानून बाँझिएको देखिएमा प्रारम्भदेखि वा निर्णय भएको मितिदेखि अमान्य वा बदर घोषित गर्न सक्ने अधिकार क्षेत्र हुने व्यवस्था छ।[३९] यसैगरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि उपयुक्त र आवश्यक आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतमा निहित रहेको छ। यस्तो अधिकारक्षेत्रअन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण र अधिकारपृच्छालगायत उपयुक्त आदेश जारी

---

३५ नेपालको संविधानको धारा १२६ र नेपालको अन्तरिम संविधान २०६३ को धारा १००

३६ नेपालको संविधानको धारा १२६ को उपधारा (२) र धारा १२८ को उपधारा (४)

३७ ऐजन धारा १५८ खण्ड (ख) र (घ)

३८ ऐजन धारा १२८ को उपधारा (२)

३९ नेपालको संविधानको धारा १३३ को उपधारा (१)

गर्न सक्छ।[४०] यसबाहेक सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भए बमोजिम पुनरावेदन सुन्ने, मुद्दा दोहोर्‍याउने निवेदन सुन्ने लगायतको अधिकार रहेको छ।

सर्वोच्च अदालतले गरेको आदेश वा निर्णय सबैले पालना गर्नुपर्छ भने त्यस्तो आदेश वा फैसलाको अवज्ञा गरेकोमा कानून बमोजिम अवहेलनामा कारबाई चलाई सजाय गर्न सक्ने अधिकार क्षेत्र समेत सर्वोच्च अदालतमा रहेको छ। यस व्यवस्थाले अदालतको फैसला वा आदेश कार्यान्वयन गर्नुपर्ने कुरालाई जोड दिएको देखिन्छ। सङ्क्रमणकालीन न्याय, दण्डहीनता र उत्तरदायित्व सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला वा आदेशको पालना गर्नुपर्ने दायित्व सरकार, सरकारका सरोकारवाला निकाय, व्यक्ति सबैको रहने देखिन्छ।

## ३.३ पुनरावेदन अदालतको क्षेत्राधिकार

संवैधानिक व्यवस्थाअनुसार पुनरावेदन अदालतलाई कानूनद्वारा निर्धारित अधिकार क्षेत्र रहने व्यवस्था छ। जसअनुसार न्याय प्रशासन ऐन, २०४८ ले पुनरावेदन अदालतलाई नागरिकका कानूनद्वारा प्रत्याभूत हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण लगायतका रिट तथा निषेधाज्ञाको आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ।[४१] यसअतिरिक्त, पुनरावेदन अदालतबाट मातहत जिल्ला तथा अन्य न्यायिक निकायबाट भएका फैसला उपर पुनरावेदन सुन्ने अधिकारक्षेत्र समेत रहेको छ।[४२] नेपालको संविधान (२०७२) ले पुनरावेदन अदालतको सट्टामा उच्च अदालत रहने व्यवस्था गरी उच्च अदालतलाई रिट क्षेत्राधिकार रहने व्यवस्था गरेको छ। प्रस्तुत अध्ययनको सन्दर्भमा पुनरावेदन अदालतबाट प्रचलित कानूनबमोजिम प्राप्त अधिकारअन्तर्गत सङ्क्रमणकालीन न्यायका सम्बन्धमा भएका आदेश वा फैसलाको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरिएकाले पुनरावेदन अदालतलाई नै सन्दर्भमा लिइएको छ।

## ३.४ सङ्क्रमणकालीन न्यायसम्बन्धी विकसित विधिशास्त्र

सर्वोच्च तथा पुनरावेदन अदालतबाट सङ्क्रमणकालीन न्याय, दण्डहीनता र उत्तरदायित्व सम्बन्धमा भएका फैसलाहरूको विश्लेषण र अध्ययनका आधारमा विकसित विधिशास्त्रलाई यस प्रकार उल्लेख गर्न सकिन्छ।

### क. फौजदारी न्यायप्रणालीको उच्चता

सङ्क्रमणकालीन न्यायप्रणालीले फौजदारी न्यायप्रणालीलाई विस्थापित गर्न सक्दैन भन्ने मान्यता सर्वोच्च अदालतले स्थापित गरेको छ। देवी सुनुवार,[४३] पूर्णिमाया लामा[४४] र जयकिशोर लाभको[४५] मुद्दामा भएका

---

४० ऐजन धारा १३३ उपधारा (२) र (३)

४१ न्याय प्रशासन ऐन २०४८ को दफा ८ का उपदफा (३)

४२ ऐजन दफा ८

४३ देवी सुनुवार वि. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चेक ने.का.प. २०६४ नि.नं. ७८५७

४४ पूर्णिमाया लामा वि. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चेक समेत सम्वत् २०६३ सालको रिट नं. १२३१, आदेश मिति २०६४।११।२७

४५ जयकिशोर लाभ वि. जिल्ला प्रशासन कार्यालय, धनुषा समेत २०६३ सालको रिट नं. ०६८१ आदेश मिति २०६५।१०।२०

फैसलामा सङ्क्रमणकालीन न्यायसंयन्त्रको व्यवस्था भइनसकेको अवस्थामा सामान्य फौजदारी न्यायप्रणालीका आधारमा कानूनको प्रयोग र फौजदारी न्यायप्रणालीको गतिलाई अगाडि बढाउनुपर्छ भन्ने मान्यतालाई विकसित गरेको देखिन्छ। सुमन अधिकारी[४६] को मुद्दामा पनि द्धन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा अनुसन्धान गरी फौजदारी अभियोजन गर्ने कुराले मात्रै पीडितलाई न्याय प्रदान गर्न र फौजदारी न्यायप्रणाली सबल बन्न सक्छ भन्ने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ।

**ख. गम्भीर प्रकृतिका अपराधमा क्षमादान अस्वीकार्य हुने**

गम्भीर प्रकृतिका अपराधहरू स्वयंमा मानवअधिकारको गम्भीर उलङ्घन पनि हुन्। त्यस्ता गम्भीर अपराधका पीडकलाई न्यायको दायरामा ल्याई सजाय गर्नुपर्दछ। अभियोग नै नलगाई वा कसुर नै कायम नगरी आममाफी दिएसरह क्षमादान गर्ने आधार र कारण खोज्न आवश्यक हुँदैन भन्ने मान्यता सर्वोच्च अदालतले सुमन अधिकारीको मुद्दामा[४७] प्रतिपादन गरेको छ। मानवअधिकारको गम्भीर उलङ्घनका सन्दर्भमा माफी तथा क्षमादानसम्बन्धी उपायहरू अस्वीकार्य हुन्छन् भन्ने मान्यता यसै मुद्दामा उल्लेख गरिएका छ।

**ग. सत्य र परिपूरणः पीडितको अधिकार**

सङ्क्रमणकालीन न्यायको महत्त्वपूर्ण तत्त्व द्वन्द्वको क्रममा भएका मानवीय कानून र मानवअधिकारको उल्लङ्घनका घटनाबाट पीडितहरूले क्षतिपूर्ति र परिपूरण पाउने तथा द्वन्द्वका घटनाको सत्यतथ्य खोजी गर्ने वा पत्ता लगाउने कार्यलाई मानिन्छ। द्वन्द्वका क्रममा भएका घटनाको बारेमा आफूलाई जानकारी भएको वा थाहा भएको तथ्य राज्यको सम्बन्धित निकायलाई दिने दायित्व नागरिकको हुने भएपनि सत्यतथ्य पत्ता लगाउने दायित्व राज्यको कर्तव्यअन्तर्गत पर्छ। द्वन्द्वका पीडितहरूलाई आर्थिक क्षतिपूर्ति र बृहत् रूपमा परिपूरणको व्यवस्था गर्नुपर्ने कर्तव्य पनि राज्यको रहने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ। राजेन्द्र ढकाल[४८] को मुद्दामा द्वन्द्वकालका घटनाको सत्य थाहा पाउने कुरा मौलिक हकअन्तर्गतको जीवनको हक, स्वतन्त्रताको हक र न्याय पाउने हकको अभिन्न अङ्ग हो भन्ने स्थापित गरेको देखिन्छ।

सत्य पत्ता लगाउने कार्य राज्यको तजबिजी अधिकारको विषय नभै अनिवार्य कर्तव्य हो भन्ने मान्यतालाई अदालतले स्थापित गरेको छ। बुद्धिबहादुर प्रजाको[४९] मुद्दामा मानवीय कानूनको उल्लङ्घनबाट हत्या भएका निर्दोष नागरिकको हकमा क्षतिपूर्तिको व्यवस्था गर्न छुट्टै कानून निमार्ण गर्न निर्देशन गरेको छ भने काले तामाङ[५०]को मुद्दामा मृतकका हकदारलाई क्षतिपूर्ति दाबी गरी लिन सक्ने गरी कानून निर्माण गर्नु भन्ने आदेश दिएको देखिन्छ। राजेन्द्र ढकाल[५१] को मुद्दामा कानून बनाई पीडितलाई परिपूरणको व्यवस्था गर्न निर्देशन दिनुका साथै कानून नबने सम्म सरकारले आर्थिक राहत उपलब्ध गराउनु पर्ने भन्ने आदेश भएको

४६ सुमन अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०७१ अंक १२ नि.नं. ९३०३
४७ ने.का.प. २०७१ अंक १२ नि. नं. ९३०३
४८ ने.का.प. २०६४ अंक २, आदेश मिति २०६४।२।१८
४९ सम्वत् २०६३ सालको नि.नं. ३४४८ आदेश मिति २०६५।१।३०
५० काले तामाङ वि. नेपाल सरकार समेत सम्बत २०६३ सालको रिट नं. ०२३८
५१ ने.का.प. २०६४ अंक २, आदेश मिति २०६४।२।१८

छ। यसैगरी लीलाधर भण्डारी[५२] को मुद्दामा अवैधानिक तवरबाट सम्पत्ति कब्जा गरिएका व्यक्तिहरूलाई सम्पत्ति फिर्ता गर्नुका साथै सम्पत्ति कब्जाबाट हुन गएको क्षतिको मूल्याङ्कन गरी नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन आदेश भएको छ। यी फैसलाबाट पीडितको परिपूरणको अधिकारलाई मान्यता प्रदान गरेको देखिन्छ।

### घ. मेलमिलाप र क्षमादानसम्बन्धी प्रक्रियामा पीडितको सहमति आवश्यक हुने

सङ्क्रमणकालीन न्याय अन्तर्गत सत्यनिरूपण तथा मेलमिलाप आयोगले द्वन्द्वको क्रममा भएका गम्भीर मानवअधिकार उलङ्घनसम्बन्धी घटनामा पीडक र पीडित बीच गर्ने गराउने मेलमिलाप सम्बन्धी प्रक्रियामा त्यस्ता घटनाका पीडितको स्वैच्छिक र अनिवार्य सहमति हुनुपर्ने भन्ने सिद्धान्तलाई सर्वोच्च अदालतले जुरी नेपाल[५३] र सुमन अधिकारीको[५४] मुद्दामा स्थापित गरेको छ। पीडितलाई उपेक्षा गरी एकतर्फी ढङ्गबाट मेलमिलाप हुनै नसक्ने र यसको लागि दुवै पक्षहरूको स्वतन्त्र र जाग्रत सहमति आवश्यक हुन्छ। मेलमिलाप जबर्जस्ती हुन नसक्ने र पीडितको आत्मसम्मानमा ठेस लाग्ने वा चोट पुग्ने गरी मेलमिलाप हुन सक्दैन। मेलमिलापको प्रक्रियालाई पीडित स्वयंले उत्प्रेरित वा आमन्त्रित गरेको अवस्थामा मात्र यसको सार्थकता सिद्ध हुन सक्दछ। यसका अतिरिक्त गम्भीर मानवअधिकार उलङ्घनका दोषीहरूलाई आममाफी दिने माध्यमका रूपमा मेलमिलाप प्रयोग हुन सक्दैन भन्ने मान्यता स्थापित गरेको छ।

### ङ. व्यक्ति बेपत्ता पार्ने कार्य अपराधीकरण गर्नुपर्ने

जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्यलाई अन्तर्राष्ट्रिय कानूनमा मानवअधिकारको गम्भीर उलङ्घनको रूपमा लिइन्छ। नेपालमा बेपत्तासम्बन्धी विषयलाई सम्बोधन गर्ने गरी छुट्टै कानून नरहेको हुँदा बलपूर्वक बेपत्ताका घटनाहरूलाई छानबिन गर्ने, स्थिति सार्वजनिक गर्ने, दोषी देखिएकालाई कारबाई गर्ने समेतका कार्य गर्न विशेष किसिमको प्रभावकारी कानूनको निर्माण गर्न सर्वोच्च अदालतले राजेन्द्र ढकालको मुद्दामा[५५] सरकारलाई आदेश दिएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण मेलपिलाप आयोग अध्यादेश, २०६९ ले बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने कार्यका लागि आयोग गठन हुने व्यवस्था सम्म गरेको तर सो कार्यलाई अपराध घोषणा नगरेकोमा सो विषयमा सर्वोच्च अदालतले बेपत्ता छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग अलग अलग गठन गर्नुपर्ने र व्यक्ति बेपत्ता पार्ने कार्यलाई अपराधिकरण समेत गर्ने गरी कानून बनाउनु भन्ने आदेश गरेको थियो।[५६] २०७१ सालमा जारी बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलपिलाप आयोग ऐन, २०७१ ले पनि व्यक्ति बेपत्ता पार्ने कार्यलाई परिभाषित सम्म गरेको छ तर अपराधीकरण गर्ने कार्य गरेको देखिँदैन।

---

५२ ने.का.प. २०६५ अंक ९, लिलाधर भन्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत।

५३ ने.का.प., २०७० अंक ९, नि.नं.९०५१

५४ ने.का.प., २०७० अंक ९, नि.नं.९०५१

५५ ने.का.प., २०६४ अंक २, आदेश मिति २०६४।२।१८

५६ जुरी नेपालका तर्फबाट माधवकुमार वस्नेत वि. नेपाल सरकार मन्त्रिपरिषद् ने.का.प. २०७० अंक ९ नि.नं.९०५१

### च. दण्डहीनतालाई प्रश्रय दिन नहुने मान्यता

द्वन्द्वको समयमा कुनै पनि व्यक्तिको हत्या भएको वा कुनै पनि अपराधिक घटना भएको भनी जाहेरी परेपछि अख्तियार प्राप्त निकाय वा अधिकारीले सो वारदातका सम्बन्धमा कानून बमोजिम अनुसन्धानको प्रक्रिया अगाडि बढाउनुपर्छ। राज्यको सुरक्षा निकायमा कार्यरत रहेको पदाधिकारी नै भए पनि जाहेरी परेपछि कारबाई हुनु हुँदैन भनी विभिन्न बहानामा त्यस्ता अधिकारीलाई कानूनी रूपमा उत्तरदायी नबनाउने भन्न मिल्दैन। राज्य सञ्चालनमा रहेका अधिकारीहरूले कानूनबमोजिम आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ। यो कानुनी उत्तरदायित्वको विषय हो।

सुरक्षा निकायमा रहेका कारण निजहरू विरुद्ध कुनै घटनाको बारेमा कारबाई वा अनुसन्धानप्रक्रिया अघि नबढाउने कुराले शान्ति व्यवस्थामा असर पुग्ने र दण्डहीनताले प्रश्रय पाउँछ। पूर्णबहादुर गुरुङ वि. जि.प्र.का. कास्कीसमेत भएको मुद्दामा सर्वोच्च अदालतले राज्यले दण्डहीनतालाई प्रश्रय दिने गरी कुनै पनि कार्य गर्न नहुने र अनुसन्धानको नाममा झारा टार्ने खालको अनुचित रूपमा समय बिताउन अनुसन्धानकर्तालाई सुहाउने कुरा हुँदैन भन्ने मान्यता कायम गरेको देखिन्छ।[५७] सो मान्यतालाई भक्तबहादुर सापकोटाको मुद्दामा पनि सर्वोच्च अदालतले उल्लेख गरेको छ।[५८]

### छ. सङ्क्रमकणकालीन न्यायसम्बन्धी कानूनको संवैधानिकता परीक्षण

सङ्क्रमणकालीन न्यायप्रणालीलाई व्यवस्थापन गर्ने उद्देश्यले बनेका सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ का केही व्यवस्था र सत्यनिरूपण मेलमिलाप तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन, २०७१ को केही व्यवस्था तथा बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६८ को दफा १५ को व्यवस्थालाई चुनौती दिएका निवेदनहरूमा सर्वोच्च अदालतले संवैधानिकता परीक्षण गरेको छ।

अन्तराष्ट्रिय मानवअधिकारसम्बन्धी कानून, नेपालको अन्तरिम संविधान, २०६३ तथा सर्वोच्च अदालतबाट सङ्क्रमणकालीन न्याय सम्बन्धमा प्रतिपादित सिद्धान्त समेतको अधारमा बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६८ को दफा १५ को व्यवस्था पुनरावलाकन गर्न सरकारलाई निर्देशन दिएको छ। यसैगरी सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन, २०७१ को दफा २६ को उपदफा २ मा प्रयुक्त "आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका" भन्ने शब्दावली र दफा २९ को उपदफा १ मा प्रयुक्त केही शव्दावली नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, २४ र १३५ समेतको विपरीत भई बदर घोषित भएका छन्।[५९]

---

५७ पूर्णबहादुर गुरुङ वि. .जिल्ला प्रहरी कार्यालय कास्की समेत ०६६ सालको रिट नं. ०९०८ फैसला मिति २०७१।१२।२२

५८ भक्त बहादुर सापकोटा वि. जिल्ला प्रहरी कार्यालय धादिङ ०६१ सालको रिट नं. ०६४ आदेश मिति २०६७।२।१७

५९ ने.का.प. २०७१ अंक १२ नि.नं. ९३०३ र राम दुलारी थारु समेत वि. नेपाल सरकार मन्त्रि परिषद् समेत . ०६९ को रिट न ०७२९ आदेश मिति २०७१।१०।२१

सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायका सन्दर्भमा मानवअधिकार आयोगको भूमिकालाई सङ्कुचित पार्ने गरि मानवअधिकार आयोग ऐन, २०६८ मा गरिएका कतिपय व्यवस्थाहरूलाई पनि अमान्य तथा बदर घोषित गरिदिएको छ। ओमप्रकाश अर्यालसमेतको मुद्दामा सर्वोच्च अदालतले ऐनको दफा १०(४) मा गरिएको मानवअधिकारको उल्लङ्घन भएको छ महिनाभित्र आयोगमा उजुरी गरि सक्नुपर्ने बन्देजात्मक हदम्यादको व्यवस्था तथा दफा १७ अन्तर्गत आयोगको सिफारिसबमोजिम अभियोजन गर्ने सन्दर्भमा महान्यायधिवक्ताको तजबिजी अधिकार अमान्य घोषित भएको छ।

### ज. अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको उल्लेखन र प्रभाव

राष्ट्रिय कानूनमा अन्तर्राष्ट्रिय कानूनको प्रभाव पर्ने भए पनि अन्तर्राष्ट्रिय कानून नेपालमा सीधै लागू गर्न सकिने वा नसकिने कुरामा स्पष्टताको अभाव अद्यापि छँदैछ। सङ्क्रमणकालीन न्यायसम्बन्धी विवादको निरूपणमा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनलाई उद्धृत गरी फैसला गरेको देखिन्छ। मानवअधिकारको विश्वव्यापी घोषणा, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ जेनेमा महासन्धिहरू, १९४९ तथा यातनाविरुद्धको महासन्धि, १९८४ का व्यवस्थाहरूको उल्लेखन यस खालका मुद्दामा भएको देखिन्छ।[६०] यस्ता मानवअधिकारसम्बन्धी अन्तराष्ट्रिय घोषणापत्र तथा महासन्धिका प्रावधानका आधारमा राष्ट्रिय कानूनी व्यवस्था गर्न निर्देशन दिएको अवस्था पनि छ।[६१]

### झ. गम्भीर अपराधमा फौजदारी अनुसन्धानको अनिवार्यता

निवेदिका रिता गिरी[६२] ले धनञ्जय गिरीको हत्या सम्बन्धमा, पूर्णिमाया लामा[६३] ले अर्जुनबहादुर लामाको हत्या भएको सम्बन्धमा र कर्णबहादुर रसाइली[६४] ले रिना रसाइलीको हत्या सम्बन्धमा दिएको जाहेरी दर्खास्तहरू सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूले दर्ता गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिमको प्रक्रिया अवलम्बन गरी अनुसन्धान गर्ने र तत्तत् जिल्लाका सरकारी वकिलबाट अभियोजनबारे निर्णय लिई नियमित न्यायिक कारबाई अगाडि बढाउन सर्वोच्च अदालतबाट निर्देशनयुक्त आदेश भएका छन्।

यी मुद्दाहरू द्वन्द्वको क्रममा भएका घटना भए पनि सङ्क्रमणकालीन न्यायसंयन्त्रका रूपमा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन नभएका हुँदा त्यस्ता गम्भीर अपराधका विषयमा नियमित फौजदारी

---

६० ने.का.प. २०६५ अंक ९ र १० राजाराम ढकाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत। राजेन्द्र घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत

६१ राजेन्द्र घिमिरे वि.. प्र.म. कार्यालय समेत ने.का.प. २०६६ अंक ३ र राजेन्द्र ढकाल वि. मन्त्रिपरिषद सचिवालय समेत ने.का.प. २०६४ अंक २

६२ रिता गिरी वि. जिल्ला पहरी कार्यालय, मोरङ २०६४ सालका दे पु न ०८५२ निर्णय मितिः २०६७।१।९

६३ पूर्णिमाया लामा वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपपलाञ्चोक समेत सम्वत् २०६३ सालको रिट नं. १२३१, आदेश मिति २०६४।११।२७

६४ कर्णबहादुर रसाइली वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक समेत सम्वत् २०६४ सालको रिट नं. ०३३९ आदेश मिति २०६६।८।२९

प्रक्रियाबमोजिम नै कानूनी कारबाई अघि बढाउनुपर्ने मान्यता सर्वोच्च अदालतले प्रतिपादन गरेको पाइन्छ। यस्ता मुद्दा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन भएपश्चात् आयोगको क्षेत्राधिकारभित्र पर्ने कुरा सरकारका तर्फबाट उठाइएको भए तापनि प्रचलित कानूनको प्रक्रिया र कर्तव्यबाट राज्य विमुख हुन नमिल्ने सिद्धान्त अदालतले प्रतिपादन गरेको छ। दैलेखका पत्रकार डेकेन्द्रराज थापा[६५] को हत्याको घटनामा सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारभित्र पर्ने भनी प्रहरी अनुसन्धान रोक्न तत्कालीन महान्यायाधिवक्ताले गरेको निर्देशन बदर गरिपाउनका लागि परेको रिट निवेदनमा सर्वोच्च अदालतले सो निर्देशनको कार्यान्वयन रोकी प्रहरी अनुसन्धानलाई निरन्तरता प्रदान गर्न २०६९।१०।०२ मा अन्तरिम आदेश जारी गरेको थियो। सर्वोच्च अदालतको सोही अन्तरिम आदेशबमोजिम उक्त घटनासम्बन्धी मुद्दामा दैलेख जिल्ला अदालतमा अभियोगपत्र दायर भै मुद्दा चलाइएको र जिल्ला अदालतबाट मिति २०७१।८।२१ मा कसुर ठहर भै सजाय हुने गरी फैसला समेत भएको छ।[६६]

## ३.५. फैसला कार्यान्वयनको प्रबन्ध तथा फैसला कार्यान्वयन गर्ने निकायहरू

नेपालको सविधानको धारा १२६ को उपधारा २ मा मुद्दामामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने व्यवस्था रहेको छ। यसै गरी संविधानको धारा १२८ को उपधारा ४ मा सर्वोच्च अदालतले मुद्दा मामिलाका रोहमा गरेको आदेश वा निर्णय वा प्रतिपादन गरेका कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था छ। उल्लिखित संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालत तथा अन्य अदालतबाट मुद्दामामिलाको रोहमा भएका आदेश वा फैसलाको पालना गर्ने तथा कार्यान्वयन गर्ने गराउने दायित्व नेपाल सरकार र यसका निकायहरूमा रहन्छ।

अदालतबाट भएका फैसला वा आदेश पालना गर्नुपर्ने व्यवस्थाअन्तर्गत कार्यान्वयन गर्ने गराउने कार्य पनि पर्दछ। यसका लागि विभिन्न निकायहरूको प्रबन्ध गरिएको पाइन्छ। सर्वोच्च अदालत तथा अन्य अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने सम्बन्धमा देहायका निकायहरू महत्त्वपूर्ण छन्:

### क) फैसला कार्यान्वयन निर्देशनालय

सर्वोच्च अदालत नियमावली, २०४९ मा फैसला कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न र केन्द्रीय निकायको रूपमा कार्य गर्न छुट्टै निर्देशनालयको व्यवस्था गरिएको छ। उक्त निर्देशनालयलाई फैसला कार्यान्वयन गर्ने सम्बन्धमा देहायका जिम्मेवारी रहेको छः

- सर्वोच्च तथा मातहत अदालतबाट भएका फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन गर्ने (सर्वोच्च अदालत नियमावली, २०४९ नियम १०५(ङ);
- फैसला कार्यान्वयनसम्बन्धी केन्द्रीय निकायको रूपमा कार्य गर्ने;
- फैसला कार्यान्वयन सम्बन्धमा अर्द्धन्यायिक निकायहरूलाई नीतिगत निर्देशन दिने।

---

६५ गोविन्द बन्दी वि. महान्यायाधिवक्ता समेत रिट नं ०६९ -wo- ०७४० आदेश मिति २०७०।१२।१९

६६ अन्नपूर्ण पोष्ट २०७२।६।१

### ख) महान्यायाधिवक्ताको कार्यालय

मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने कर्तव्य महान्यायाधिवक्तामा रहने व्यवस्था छ।[६७] यो व्यवस्थाअन्तर्गत सर्वोच्च अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरोकारवाला निकायमा आदेश वा फैसला प्राप्त भएको तीन दिनभित्र आदेश/फैसला र सम्बन्धित फाइल पठाउनुपर्ने व्यवस्था गरिएको छ।[६८]

सरकारी वकिलसम्बन्धी नियमावली, २०५५ मा सर्वोच्च अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयनका गर्न गराउन महान्यायाधिवक्ता कार्यालयले सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने प्रावधान रहेको छ। महान्यायाधिवक्ता कार्यालयमा यो कार्य गर्ने जिम्मेवारी अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन महाशाखामा रहेको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने संवैधानिक जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयको रहेको भए पनि यसको प्रभावकारी अनुगमन हुन सकेको देखिँदैन।

कतिपय आदेशको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयअन्तर्गतका जिल्ला सरकारी वकिल कार्यालयको रहने गरी आदेश भएको छ। यस अध्ययनभित्र परेका मुद्दाहरु पूर्णिमाया लामा, भक्तबहादुर सापकोटा, कर्णबहादुर रसाइली, केदार चौलागाईको निवेदन भएको रिटमा सर्वोच्च अदालतले निवेदनमा उल्लिखित घटनाको जाहेरी दर्खास्त दर्ता गरी कानूनबमोजिम अनुसन्धान गरी मुद्दा चलाउने नचलाउने निर्णय गर्न सम्बन्धित प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयका नाममा आदेश गरेको छ।

### ग) नेपाल प्रहरी

सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेश वा फैसला कार्यान्वयन गर्ने महत्त्वपूर्ण दायित्व नेपाल प्रहरीको रहेको छ। द्वन्द्वको क्रममा भएका मानवअधिकारका गम्भीर उल्लङ्घनका घटनाहरूको जाहेरी दर्ता गर्ने, सो जाहेरी उपर अनुसन्धान गर्ने, प्रमाण सङ्कलन गर्ने तथा अनुसन्धानका आधारमा सरकारी वकिलसमक्ष मुद्दा चल्ने नचल्ने निर्णयका लागि अनुसन्धान मिसिलसहित राय प्रस्तुत गर्ने जिम्मेवारी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले नेपाल प्रहरीलाई दिइएको छ। हत्या लगायतका अधिकांश गम्भीर मानवअधिकार उलङ्घन भएकोले अनुसन्धानका लागि जाहेरी दिँदा प्रहरीले जाहेरी नै नलिई अनुसन्धान गर्न इन्कार गरेको दाबीसाथ परेका रिटमा सर्वोच्च अदालतबाट जाहेरी दर्ता गरी कानूनबमोजिम प्रभावकारी अनुसन्धान गर्नुगराउनु भनी प्रहरी कार्यालयका नाममा आदेशहरू भएका छन्। ती आदेशको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको रहन्छ।

---

६७ नेपालको संविधानको धारा १५८ (६) (ख)

६८ महान्यायाधिवक्ताको कार्यालयको कार्य संचालन निर्देशिका, २०६८ को दफा ७ को उपदफा (१७)

## ३.६ फैसला कार्यान्वयनको अवस्था

यस अध्ययनमा सङ्क्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट २१ वटा मुद्दाहरूमा भएका आदेश र फैसला तथा पुनरावेदन अदालतबाट भएका आठ वटा आदेशहरूको कार्यान्वयनको अवस्थाको विश्लेषण गरिएको छ। यी आदेश र फैसलामध्ये कतिपय आदेश कार्यान्वयन भएको देखिन्छ भने कतिपय आदेश आंशिक रूपमा कार्यान्वयन भएको देखिन्छ। यसै गरी कतिपय आदेश कार्यान्वयन नभएको देखिन्छ। कार्यान्वयन भएका, आंशिक रूपमा कार्यान्वयन भएका तथा कार्यान्वयन नभएका गरी तीन किसिमबाट वर्गीकरण गरी कार्यान्वयनको अवस्था अध्ययन गरिएको छ।

अदालतको आदेश वा फैसला बमेजिमको कार्य सबै सम्पन्न भएकोमा त्यस्ता आदेश वा फैसला कार्यान्वयन भएको श्रेणीमा राखिएको छ।यसै गरी आदेश वा फैसलाले निर्देश गरेका कार्य मध्ये केही कार्यान्वयन भएको र केही कार्यान्वयन नभएको देखिएको वा कार्यान्वयनको प्रक्रियामा रहेको आदेश वा फैसलालाई आंशिक रूपमा कार्यान्वयन भएको श्रेणीमा राखिएको छ। साथै आदेश वा फैसलाले निर्देश गरेका कार्य मध्ये केही पनि कार्यान्वयन नभएकोमा त्यस्ता आदेश वा फैसला कार्यान्वयन नभएको श्रेणीमा राखिएको छ। फैसला कार्यान्वयनको अवस्था देहायअनुसार उल्लेख गरिएको छ।

### क. कार्यान्वयन भएका फैसला

१. ***कर्णबहादुर रसाइली वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत***[69] कर्णबहादुर रसाइलीले रिना रसाइलीको बलात्कार गरी हत्या गरेको सम्बन्धमा अनुसन्धान गरी पाउन दिएको जाहेरी दर्खास्तअनुसार शीघ्र अनुसन्धान गर्न दिएको आदेश अनुसार अनुसन्धान कार्य गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मिति २०६७।६।१ मा उपसेनानी सरोज बस्नेत र अ.म. काजीबहादुर कार्कीसमेत उपर ज्यानसम्बन्धी महलअनुसार सजाय मागदाबी गरी अभियोगपत्र दायर भएको छ। यस मुद्दामा भएको सर्वोच्च अदालतको आदेश कार्यान्वयन भएको छ।

२. ***देवी सुनुवार वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकसमेत***[70] को मुद्दामा मैना सुनारको हत्या भएको घटनाका सम्बन्धमा सहसेनानी अमित पुनसमेत उपर प्रभावकारी अनुसन्धान पूरा गर्न आदेश दिएकोमा उक्त मुद्दाको अनुसन्धान पूरा भै काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मिति २०६४।१०।१७ मा सहसेनानी अमित पुन, निरन्जन बस्नेत समेत चार जनाउपर अभियोगपत्र दायर भएको पाइन्छ। सो अभियोगपत्रको दायरीबाट सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन भएको स्पष्ट हुन्छ।

३. ***अधिवक्ता गोविन्द शर्मा बन्दी वि. महान्यायाधिवक्ता मुक्ति प्रधानसमेत***[71] को दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्यासम्बन्धी मुद्दामा महान्यायाधिवक्ताले उक्त हत्याको अनुसन्धानको कारबाई रोक्न मिति २०६९।९।२७ मा सरकारी वकिल र प्रहरी कार्यालयलाई निर्देशन दिएकोमा उक्त निर्देशन बदर

---

६९ कर्णबहादुर रसाइली वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक समेत सम्वत् २०६४ सालको रिट नं. ०३३९ आदेश मिति २०६६।८।२९

७० देवी सुनुवार वि. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक ने.का.प. २०६४ नि.नं. ७८५७

७१ गोविन्द बन्दी वि. महान्यायाधिवक्ता मुक्ति प्रधान समेत रिट नं ०६९-wo-०७४० आदेश मिति २०७०।१२।१९

गरी अनुसन्धानलाई निरन्तरता दिनु भनी अदालतले गरेको २०६९।१०।०२ को आदेशअनुसार घटनाको अनुसन्धान कार्य सम्पन्न गरी अभियोगपत्र दायर भएको पाइन्छ। सो मुद्दाको दैलेख जिल्ला अदालतबाट न्यायिक निरूपणसमेत भैसकेको छ। यसर्थ यो पनि कार्यान्वयन भएको आदेशमध्ये एक हो।

४. ***सुकदेव राय यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत***[72] भएको मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग गरी मुद्दा फिर्ता लिने गरेको देखिएको र सो प्रयोगमा विविधता र परस्पर विरोधी आधारहरू लिने गरेको देखिएकोले गम्भीर प्रकृतिका नियतवश गरेको हत्या, राज्यविरुद्धका अपराध, युद्धअपराध, मानवअधिकार र क्रूर तथा अमानवीय प्रकृतिका मावता विरुद्धको अपराध, सङ्गठित अपराध, महिला एवम् बालबालिकाविरुद्धको अपराध, जातिहत्या, सार्वजनिक हकविरुद्धको अपराध लगायतमा मुद्दा फिर्ता लिने निर्णय नगर्नु, फिर्ता गर्नुपर्ने निर्णय गर्नुअघि सो गर्नुपर्ने मुनासिव कारण सम्बन्धमा मुद्दा चलाउने महान्यायाधिवक्ता वा अन्तर्गतको अभियोक्तासँग पनि परामर्श गरी मात्र मुद्दा फिर्ता गर्ने निर्णयको परिपाटी विकास गर्नू र नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनुपर्ने मापदण्ड र कार्यविधिमा आवश्यक परिमार्जन गर्नू भनी नेपाल सरकार र विचाराधीन मुद्दाको हकमा बारा जिल्ला अदालतको नाममा समेत परमादेशको आदेश जारी भएको थियो। सो आदेशअनुसार मुद्दा फिर्ता लिनेसम्बन्धी मापदण्ड, २०७१ परिमार्जनसहित जारी भएको, नेपालको संविधानमा मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको परामर्श लिनुपर्ने व्यवस्था गरिएको समेतबाट यो मुद्दाको आदेश कार्यान्वयन भएको देखिन्छ।

५. ***पवनकुमार पटेलका जाहेरीले नेपाल सरकार वि. गगनदेव राय यादव समेत***[७३] ***भएको*** मुद्दा फिर्ता लिने सरकारको निर्णय बदर भै उक्त आदेश कार्यान्वयन भएको छ।

६. ***राजेन्द्र घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत***[74] भएको मुद्दामा यातना दिने कार्यलाई अपराध घोषित गरी यातना पीडितलाई उचित क्षतिपूर्ति दिने कानून वनाउनु भन्ने नेपाल सरकारको नाममा मिति २०६४।०९।०२ मा परमादेश जारी भएको थियो। यातना दिने कार्यलाई अपराध घोषित गरी यातना पीडितलाई उचित क्षतिपूर्ति दिने गरी नेपाल सरकारले फौजदारी अपराध संहिता, २०७१ (प्रस्तावित) र यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१,[७५] व्यवस्थापिका संसदमा पेश गरेको र उक्त संहिता र विधेयक व्यवस्थापिका संसदमा विचाराधीन छ। कानून बनी नसकेको भए पनि नेपाल सरकारले अदालतको आदेश कार्यान्वयन गरेको देखिन्छ। तर यी विधेयकहरूमा गरिएका व्यवस्थाले विगत सशस्त्र सङ्घर्षको सन्दर्भमा भएका यातनाजन्य अपराधहरूमा अनुसन्धान र अभियोजन गरी न्याय

---

७२ *सुकदेव राय यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत रि.न. २०६६-wo-१३३३, आदेश मिति २०६९/१/५, नेकाप २०६९, नि.न ८७८९,*

७३ *पवनकुमार पटेलका जाहेरीले नेपाल सरकार वि. गगनदेव राय यादव समेत सम्वत् २०६१ सालको फौ.पु.न. ३३०२, आदेश मिति २०६५/९/२९*

७४ राजेन्द्र घिमिरे वि. प्र.म. कार्यालय समेत *रि.न. २०६६-wo-३२१९,* ने.का.प. २०६६ अंक ३, आदेश मिति २०६४/९/२

७५ फौजदारी अपराध संहिता, २०७१ (प्रस्तावित) को दफा १६९ र १७१

दिलाउनेतर्फ कुनै व्यवस्था नगरिएकाले नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्वको प्रकाशमा सुधार हुन आवश्यक छ।

*(उल्लिखित मुद्दा/फैसला वा आदेश सान्दर्भिक अंश अनुसूची -१ मा उल्लेख गरिएको छ)*

**ख. आंशिक रूपमा कार्यान्वयन भएका फैसला**

१. ***पूर्णिमाया लामा वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकसमेत*** [७६] को मुद्दामा अर्जुन लामाको हत्या सम्बन्धमा जाहेरी दर्ता गर्नु र अनुसन्धान कारबाई गरी कानूनबमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्नुपर्ने आदेश जारी भएकोमा सो हत्यासम्बन्धी पूर्णिमाया लामाको जाहेरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकले दर्ता गरेको छ। अनुसन्धान कारबाई गरी कानून बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय भएको देखिँदैन।

२. ***काले तामाङ वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*** [७७] भएको निवेदनमा घटनाबाट मृतकहरूको आश्रित परिवारमा पुग्न गएको क्षति र असरवापत राज्यपक्षबाट उचित र सम्मानजनक रूपमा क्षतिपूर्ति दिने सम्बन्धमा र सो घटनाको स्वतन्त्र रूपमा छानबीन गर्न तथा क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनका लागि अध्ययन र अनुसन्धान गरी आवश्यक कार्य गर्न राज्य पक्षबाट दुई महिनाभित्र स्वतन्त्र र निष्पक्ष व्यक्तिको संयोजकत्वमा उच्चस्तरीय कार्यदल गठन गर्नू गराउनू र सो कार्यदलले कार्य सम्पन्न गरी प्रतिवेदन पेस गरेको मितिले तीन महिनाभित्र प्रतिवेदनबमोजिमको क्षतिपूर्ति तथा राहत मृतकका आश्रित परिवारलाई राज्य पक्षबाट उपलब्ध गर्नूगराउनू भन्ने आदेश थियो। यस सन्दर्भमा मृतकका हकदारलाई जनही एक लाख रुपैयाँका दरले चेकमार्फत रकम भुक्तानी दिई क्षतिपूर्ति उपलब्ध गराइसकेको देखिन्छ। कार्यदल गठन गर्नेतर्फ भएको आदेश भने कार्यान्वयन भएको पाइन्न।

३. ***लीलाधर भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत***को [७८] मुद्दामा सर्वोच्च अदालतले द्वन्द्वको समयमा निवेदकहरूको सम्पत्ति कब्जा गरिएकोमा कब्जा सम्पत्ति फिर्ता गर्न र सम्पत्तिको अपहरणबाट पर्न गएको क्षति समेत मूल्याङ्कन गरी क्षतिपूर्ति सहित सम्पत्ति फिर्ता ३ महिना भित्र वास्तविक धनीलाई फिर्ता दिन दिलाउन र त्यसका लागि पीडित समुदायका प्रतिनिधि समेत भएको जिल्ला स्तरीय समिति गठन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्का नाममा परमादेश जारी गरेको थियो। सो आदेशअनुसार सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका सार्वजनिक तथा निजी घरजग्गा र सम्पत्ति फिर्ता सम्बन्धी उच्चस्तरीय कार्यदल र जिल्ला कार्यान्वयन समिति मिति २०६८।६।१० को मन्त्रिपरिषद्को बैठकको निर्णयबाट गठन भएको सम्म देखिन्छ।

---

७६ पूर्णिमाया लामा वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपपलाञ्चोक समेत सम्वत् २०६३ सालको रिट नं. १२३१, आदेश मिति २०६४।११।२७

७७ काले तामाङ वि. नेपाल सरकार समेत सम्बत २०६३ सालको रिट नं. ०२३८, आदेश मिति २०६६/७/९

७८ लिलाधर भन्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सम्बत् २०६४ रि.न. ०८६३, आदेश मिति २०६५/९/२३, ने.का.प. २०६५ अंक ९,।

४. ***राजेन्द्र ढकाल वि. नेपाल सरकार गृह मन्त्रालय समेत*** [७९] को मुद्दामा जबर्जस्त बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्ने गरी विशेष किसिमको कानून बनाउनू, बेपत्ता पारिएका तथा मृत्यु भएकाको तत्कालिक राहतका लागि हकवालालाई एक लाखदेखि दुई लाख रुपैयाँसम्म रकम दिनू भन्ने आदेश जारी भएकोमा तत्कालिक राहतका लागि बेपत्ता पारिएका तथा मत्यु भएकाको हकबालालाई बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका २०६५ निर्माण गरी एक लाखदेखि दुई लाख रुपैयाँसम्म रकम प्रदान गर्ने व्यवस्था भएको देखिन्छ। यसै गरी द्वन्द्वका कारण मत्यु भएका मृतकका नजिकका हकदारलाई एक लाख रुपैंया राहत स्वरूप उपलब्ध गराउने गरी मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका २०६५ बमाजिम एक लाख रुपैंया उपलब्ध गराउने मन्त्रिपरिषद्द्वारा निर्णय भै आदेश कार्यान्वयन भएको देखिन्छ। व्यक्ति बेपता पार्ने कार्यलाई अपराध घोषित गरी नेपाल सरकारले फौजदारी अपराधसहिता, २०७१ (प्रस्तावित)[८०] व्यवस्थापिका संसदमा पेस गरेको पनि छ। सो विधेयक व्यवस्थापिका संसदमा अद्यापि विचाराधीन छ। तर विगत सशस्त्र सङ्घर्षको सन्दर्भमा भएका व्यक्ति बेपता पार्ने अपराधहरूमा अनुसन्धान र अभियोजन गरी न्याय दिलाउनेतर्फ विधेयकमा कुनै व्यवस्था नगरिएकाले नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्वको प्रकाशमा व्यवस्था हुन आवश्यक छ।

५. ***बुद्धिबहादुर प्रजा समेत वि.नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंको*** [८१] मुद्दामा सरकारका जिम्मेवार निकायबाट मानवीय कानूनको उल्लङ्घन गरी हत्या भएका निर्दोष नागरिकको हकमा क्षतिपूर्तिको व्यवस्था गर्न र यस प्रकारका विवादहरूमा निष्पक्ष अनुसन्धान तहकिकात र प्रभावकारी उपचारका लागि सल्लाह सुझाव दिन छुट्टै विस्तत कानून निमार्ण गर्न निर्देशन गरेकोमा मत्यु भएका मृतकका नजिकका हकदारलाई तात्कालिक राहतका लागि एक लाख रुपैंया राहत स्वरूप उपलब्ध गराउने गरी मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ मन्त्रिपरिषद्बाट स्वीकृत भएको तर हत्या भएका निर्दोष नागरिकको हकमा क्षतिपूर्तिको व्यवस्था गर्न र यस प्रकारका विवादहरूमा निष्पक्ष अनुसन्धान गर्न र प्रभावकारी उपचारका लागि सल्लाह सुझाब दिन छुट्टै विस्तृत कानून निमार्ण भएको देखिँदैन।

६. ***बेपत्ता छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग अलगअलग रूपमा गठन गर्ने कानून निर्माण गर्नू*** भनी जुरी नेपालका तर्फबाट माधवकुमार वस्नेत र द्वन्द्वपीडितका तर्फबाट रामकुमार भण्डारी समेतले दायर गरेको रिटनिवेदन[८२] निप्टारा गर्दै सर्वोच्च अदालतबाट आदेश भएको थियो। सो आदेशबमोजिम २०७१ सालमा बनेको यससम्बन्धी ऐनले अलगअलग आयोग गठन गर्ने गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले कानूनी व्यवस्था गरेको र सो अनुरूप अलगअलग आयोग गठन भै कार्यरत रहेका छन्। उक्त मुद्दामा पीडितका सहमतिमा

---

७९ राजेन्द्र ढकाल वि. नेपाल सरकार, २०५९ सालको उत्प्रेषण/परमादेश रि.न. ३५७५ समेत, आदेश मिति २०६४।०२।१८।

८० फौजदारी अपराध सहिता, २०७१ (प्रस्तावित) को दफा २०७ ले व्यक्ति बेपत्ता पार्ने कार्यलाई कसूर मानेको छ।

८१ सम्वत् २०६३ सालको नि.नं. ३४४८ आदेश मिति २०६५।१।३०

८२ ने.का.प. २०७० अंक ९ नि.नं.९०५१

मात्र माफी दिइने गरी कानून परिमार्जन गर्ने, बेपत्ता, यातना, गैरन्यायिक हत्या जस्ता कार्यलाई दण्डनीय बनाउने कानून निर्माण गर्ने, द्वन्द्व पीडित, द्वन्द्व विशेषज्ञ समेत सम्मिलित विशेषज्ञ समितिले सुझायअनुरुप[८३] गम्भीर उल्लंघनलाई अपराधीकरण गर्ने तथा क्षमादानका मापदण्ड ऐनमा नै किटान गर्नेलगायतका आदेशहरूको कार्यान्वयन भने भएको छैन।

७. ***सुमन अधिकारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*** [84] को मुद्दामा बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपदफा २ मा प्रयुक्त आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका भन्ने शब्दावली र दफा २९ को उपदफा १ मा प्रयुक्त नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्ता पीडकउपर मुद्दा चलाउन भन्ने व्यवस्थाहरू बदर गरी सर्वोच्च अदालतबाट आदेश भएकोमा संविधानतः ती व्यवस्थाहरू बदर भै प्रभावशून्य भएकाले फैसला तुरुन्त कार्यान्वयनमा आएको छ। सो मुद्दामा ऐनका केही व्यवस्थाहरू अष्पष्ट रहेकाले विगतका यस्ता मुद्दामा प्रतिपादित सिद्धान्त समेतका आधारमा आवश्यक परिमार्जन गर्न नेपाल सरकारका नाममा आदेश जारी भएकोमा आवश्यक परिमार्जन गर्ने कार्य भने भएको पाइँदैन।

*(उल्लिखित मुद्दा/फैसला वा आदेश सान्दर्भिक अंश अनुसूची -२ मा उल्लेख गरिएको छ)*

**ग. कार्यान्वयन नभएका फैसला**

१. ***जयकिशोर लाभ वि. जिल्ला प्रहरी कार्यालय धनुषासमेत*** [85] भएको रिटमा निवेदकको जाहेरी रीतपूर्वक दर्ता गरी कानूनबमोजिम अनुसन्धानको कारबाई अगाडि बढाउनुपर्नेमा सो गरेको नदेखिएको हुँदा निवेदकको जाहेरीलाई विधिसम्मत रूपमा दर्ता गरी कानूनबमोजिम अनुसन्धान गर्नू भनी मिति २०६५।१०।२० मा आदेश जारी भएको थियो। सोअनुसार जाहेरी दरखास्त लिई दर्ता गरी कानून बमोजिम अनुसन्धान अगाडि बढाई कारबाई चलाएको पाइँदैन।

२. ***भीमप्रसाद ओली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*** [८६] भएको रिटमा द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई राज्यबाट प्रदान गरिने सेवा वा सहुलियतमा समानता विपरीत नहुने गरी स्पष्ट कानूनी व्यवस्था गरी उचित र आवश्यक व्यवस्थापन गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको पाइन्छ। निवेदन र अदालतको आदेशअनुसारको कानूनी व्यवस्था हालसम्म गरेको पाइँदैन।

---

८३ सर्वोच्च अदालतले जुरी नेपालका तर्फबाट माधवकुमार बस्नेतसमेतको मुद्दामा मिति २०७० पौष १८ गते दिएको फैसलाबमोजिम बेपत्ता पारिएका व्यक्तिहरुको छानविन एवं सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धमा दुई अलग अलग विधेयकको मसौदा तयार गर्न मिति २०७० चैत्र १३ गते गठित विषय विशेषज्ञ कार्यदलले मिति २०७० चैत्र २० गते सुझावसहितको प्रतिवेदन दिएको थियो।

८४ सुमन अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०७१ अंक १२ नि.नं. ९३०३

८५ जयकिशोर लाभ वि. जिल्ला प्रशासन कार्यालय, धनुषा समेत २०६३ सालको रिट नं. ०६८१ आदेश मिति २०६५।१०।२०

८६ सम्बत् २०६१ सालको रिट नं. ३३९४, आदेश मिति २०६२।१०।२८

३. ***भोजराज तिमल्सेना वि. नेपाली काग्रेस पार्टी समेत***[८७] भएको रिटमा द्वन्द्वको क्रममा मारिएका, अङ्गभङ्ग गरी अपाङ्ग बनाइएका मानिसहरूको तथ्याङ्क, नोक्सान भएकालाई क्षतिपूर्ति, मुआब्जा र कब्जा गरिएका सम्पति फिर्ता गर्न पीडित व्यक्तिको सहभागिता हुने गरी उच्चस्तरीय छानबिन आयोग गठन गर्नू, दोषी पत्ता लगाई कारबाई चलाउनू, मारिएका परिवार र अपाङ्ग पारिएकाहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनू, असहाय पीडितहरूको जीवन निर्वाह र रोजगारीसमेतका लागि यथाशीघ्र कानून बनाउनू भनी परमादेश जारी भएको थियो।सो अनुसार उच्चस्तरीय छानबिन आयोग गठन पनि भएको पाइँदैन भने कानून बनेको पनि देखिँदैन।

४. ***पूर्णबहादुर चौधरी वि. जिल्ला प्रहरी कार्यालय बर्दियासमेत*** भएको मुद्दामा मिति २०६३/४/१४ मा दर्ता भएको नेपाली सेनाले गोली हानी हत्या गरेको भन्ने आरोपको जाहेरी उपर प्रभावकारी अनुसन्धान गरी मुद्दा चलाउने वा नचलाउने निर्णयमा पुग्नुपर्नेमा ज्यान मार्ने जस्तो संवेदनशील विषयमा लामो समयसम्म पनि अनुसन्धान प्रभावकारी भएको नदेखिँदा निवेदन मागबमोजिम अविलम्ब अनुसन्धानको कार्य पूरा गर्नू भनी मिति २०६६/८/३ मा पुनरावेदन अदालत, नेपालगन्जबाट परमादेश जारी भएको थियो। आदेशअनुसार अनुसन्धान पूरा गरी मुद्दा चलेको अवस्था हालसम्म देखिँदैन।

५. ***भूमिसरा थापा वि. जिल्ला प्रहरी कार्यालय बाँकेसमेत*** भएको मुद्दामा २०६४/४/१९ मा दर्ता भएको नेपाली सेनाले गोली हानि हत्या गरेको भन्ने आरोपको जाहेरी दर्खास्तका सम्बन्धमा दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि अनुसन्धानको कार्य सम्पन्न गरेको देखिएन। कानूनबमोजिम अनुसन्धानको काम तत्कालै अगाडि बढाई सरकारी मुद्दासम्बन्धी ऐनले तोकेको सम्पूर्ण प्रक्रिया पूरा गरी यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र अनुसन्धान पूरा गर्नू भन्ने मिति २०६६/९/२९ को पुनरावेदन अदालत, नेपालगन्जको परमादेश जारी भएको थियो। यस किसिमको समयसीमा तोकेर कार्य गर्न भएको आदेश अद्यापि कार्यान्वन भएको देखिन्न। अहिलेसम्म पनि अनुसन्धान पूरा गरी मुद्दा चल्न नसकेको अवस्था देखिएको छ।

६. ***घुमनिया चौधरी वि. जिल्ला प्रहरी कार्यालय बर्दियासमेत*** भएको मुद्दामा सूर्यलाल चौधरीलाई माओवादी नेता भएको आरोपमा सुरक्षाकर्मीले घरभित्रबाट लिएर गई यातना दिएर गोली हानी हत्या गरेकोले अनुसन्धान गरी कानुनी कारबाईका लागि जाहेरी दिइएको थियो।यसरी दिएको जाहेरी दर्ता नभएपछि अदालतमा निवेदन परेको थियो। पुनरावेदन अदालत नेपालगन्जले जाहेरी दर्ता गरी कानूनबमोजिम कारबाई अगाडि बढाउनू भनी जिल्ला प्रहरी कार्यालय, बर्दियाका नाउँमा २०६७।१।८ मा परमादेश जारी गरेको थियो। अदालतबाट आदेश भए पनि अनुसन्धान पूरा गरी मुद्दा दायर गर्ने कार्य हुन नसकेकोले आदेश कार्यान्वयन नभएको अवस्था देखिन्छ।

---

८७ सम्बत् २०६३ सालको रिट नं.०९२०, आदेश मिति २०६४।९।२

७. *सुकुमराज चौधरी वि. जिल्ला प्रहरी कार्यालय बर्दिया समेत* भएको मुद्दामा बर्दियाका सोहनलाल र सूर्यलाललाई घरबाट लगी सुरक्षाकर्मीर्मीले हत्या गरेकाले अनुसन्धान र कारबाईका लागि जाहेर गरिएको थियो। जाहेरी दिँदा दर्ता नगर्ने र दरपीठ समेत नगरेकाले जाहेरी दर्ता गरी कानूनबमोजिम कारबाई अगाडि बढाउन परमादेश माग गरी निवेदन परेको थियो। पुनरावेदन अदालत नेपालगन्जले जिल्ला प्रहरी कार्यालय बर्दियाका नाउँमा मिति २०६७/१/८ मा जाहेरी दर्ता गरी कानूनबमोजिम कारबाई अगाडि बढाउनू भनी परमादेश जारी गरेको थियो।जाहेरी दर्तासम्म भएको तर अनुसन्धान कारबाई गरी मुद्दा चल्ने नचल्ने निर्णय नभई अनिर्णयको अवस्था रहेको पाइन्छ।

८. *रामकिसन थारू वि. जिल्ला प्रहरी कार्यालय बर्दियासमेत* भएको ११ वर्षिय रूपा थारूलाई सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरेकोले अनुसन्धान तथा अभियोजन गरी पाउन जिल्ला प्रहरी कार्यालय, बर्दियामा मिति २०६४/७/२९ मा जाहेरी दर्खास्त दर्ता गरिएको थियो। दर्खास्त परेको एक वर्षभन्दा बढी समय बिते पनि अनुसन्धानको काम अगाडि बढेन। त्यसपछि परेको निवेदनमा न्याय निरूपण गर्दै पुनरावेदन अदालत नेपागन्जले कानूनबमोजिम अनुसन्धानको काम अविलम्ब पूरा गर्नू भनी प्रहरी कार्यालय, बर्दिया समेतका नाममा आदेश जारी गरेको थियो। अनुसन्धानको कारबाई अगाडि बढाई मुद्दा चल्ने वा नचल्ने निर्णय हुन नसकेकोले यो आदेशको पनि कार्यान्वयन भएको पाइँदैन।

९. *नन्दराम खत्री वि. जिल्ला प्रहरी कार्यालय बाँके समेत* भएको मुद्दामा बाँके महादेवपुरी गा.वि.स.का जयकला खत्री र हितकला डाँगीलाई राती सुरक्षाकर्मीहरूले जबर्जस्ती लिएर गई यौनदुर्व्यवहार तथा यातना समेत दिई गैरन्यायिक हत्या गरी डुम्रीबास खोलाको बगरमा लास फालेको भन्ने व्यहोराको जाहेरी निवेदकले जिल्ला प्रहरी कार्यालय बाँकेमा मिति २०६६ मंसिर २५ मा लगेका थिए। सो जाहेरी दर्ता गर्न प्रहरी कार्यालयले इन्कार गरेको थियो। जाहेरी दर्ता गरी कानूनी कारबाई गर्न माग गरिएकोमा विषय ज्यादै संवेदनशील भएकाले शीघ्रतासाथ अनुसन्धान जिम्मेवारीपूर्वक तथा प्रभावकारी तरिकाले हुनुपर्ने भन्दै पुनरावेदन अदालत नेपालगन्जले जाहेरी दर्ता गरी अनुसन्धानको कार्य पूरा गर्नू भन्ने परमादेश जिल्ला प्रहरी कार्यालय बाँकेलाई मिति २०६७ जेष्ठ १२ गते दिएको थियो। आदेशअनुसार जाहेरी दर्ता भए पनि अनुसन्धान पूरा गरी कानूनबमोजिम मुद्दा दायर गर्ने नगर्ने निर्णय हुन नसकेको अवस्थाबाट आदेशको कार्यान्वयन नभएको देखिन्छ।

१०. *भागीराम चौधरी वि. जिल्ला प्रहरी कार्यालय, बर्दियासमेत।* (नि. नं ७५) भएको बर्दियाका कन्हैयालाल थारूलाई चिसापानी गुल्मबाट आएका सुरक्षाकर्मीको टोलीले मिति २०५८/१२/१ गते कव्जामा लिई यातनापूर्वक निर्मम तरिकाले हत्या गरेको र हत्या पश्चात लास परिवारलाई नदिएको समेतको विषय राखी निवेदक जाहेरी दर्खास्त लिएर मिति २०७०/६/१८ गते जिल्ला प्रहरी कार्यालयमा पुगेका थिए। त्यहाँ जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरियो। निवेदकले अदालतमा निवेदन गरे।अदालतबाट निवेदकको जाहेरी दर्ता गर्ने नगर्ने भन्ने विषयमा कानूनबमोजिम अख्तियारी जिल्ला प्रहरी कार्यालय, बर्दियामा निहित रहेको, जाहेरी दर्ता गराउन आएपछि दर्खास्तमा कुनै कुरा नपुगेको भए पु¥याई ल्याउन र दर्ता गर्न नमिल्ने भए यति कारणले मिलेन भनी जानकारी गराउनुपर्ने कुरामा न्यायिक निरूपण भयो।पुनरावेदन अदालत

नेपालगन्जले दर्ता गर्नुपर्ने देखिन आए दर्ता गरी र गर्न नमिल्ने भए यो यति कारणले दर्ता गर्न मिलेन भनी निवेदकलाई लिखित जानकारी गराई कानूनबमोजिम गर्नू भनी २०७१/७/१९ मा परमादेश दियो। अदालतबाट आदेश जारी भएपछि पनि जिल्ला प्रहरी कार्यालय बर्दियाले जाहेरी दर्ता गरेन। बरु सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोग ऐन, २०७१ बमोजिम द्वन्द्वकालीन मुद्दा प्रहरीको अधिकारक्षेत्र नपर्ने भनि दरपिठ गरियो। निवेदक दोश्रो पटक निवेदन लिएर अदालत गए। अदालतले स्पष्ट रुपमा जाहेरी दर्ता गरी कानून बमोजिम कारबाही गर्नु भन्ने आदेश दियो। अद्यापि प्रहरीले उक्त जाहेरी दरखास्त दर्ता गरेन। निवेदक अदालतको अवहेलनामा कारवाहीको माग गरी अदालत गएको अवस्था छ। आदेशको कार्यान्वयन नभएको स्थिति छ।

११. ***भागीराम चौधरी वि. जिल्ला प्रहरी कार्यालय, बर्दिया समेत।*** (नि. नं ७९) बर्दियाका निशस्त्र र गैरसैनिक व्यक्ति डिलवहादुर खड्कालाई माओवादी कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको छानबिन तथा अनुसन्धानको माग गरी मिति २०७०/६/१८ मा जाहेरी लिएर जिल्ला प्रहरी कार्यालयले दर्ता गर्न मानेन। जिल्ला प्रशासन कार्यालय बर्दियामा जाँदा पनि दर्ता भएन। जाहेरी दर्ता गरी अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरी कानून बमोजिमको कारबाई गराई पाउन परमादेशको आदेश माग गर्दै अदालतमा रिट निवेदन दायर भयो। निवेदकको जाहेरी दर्ता गर्नुपर्ने देखिन आए दर्ता गरी र गर्न नमिल्ने भए यो यति कारणले दर्ता गर्न मिलेन भनी निवेदकलाई लिखित जानकारी गराई कानून बमोजिम गर्नू भन्ने मिति २०७१/७/१९ मा परमादेशको जारी भयो। परमादेश जारी भएपछि पनि जिल्ला प्रहरी कार्यालय बर्दियाले जाहेरी दर्ता गरेन। बरु सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोग ऐन, २०७१ बमोजिम द्वन्द्वकालीन मुद्दा प्रहरीको अधिकार क्षेत्र नपर्ने भनी दरपिठ गरियो। निवेदक दोश्रो पटक निवेदन लिएर अदालत गए। अदालतले स्पष्ट रुपमा जाहेरी दर्ता गरी कानून बमोजिम कारबाही गर्नु भन्ने आदेश दियो। अद्यापि प्रहरीले उक्त जाहेरी दरखास्त दर्ता गरेन। निवेदक अदालतको अवहेलनामा कारवाहीको माग गरी अदालत गएको अवस्था छ। आदेशको कार्यान्वयन नभएको स्थिति छ।

१२. ***अधिवक्ता सुनिलरञ्जन सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेत***[88] को कुवेर सिंह रानाको मुद्दामा सर्वोच्च अदालतबाट छटनी (भेटिङ) सम्बन्धी नीति र कानून बनाउन आदेश जारी भएको थियो। छटनी (भेटिङ) सम्बन्धी नीति र कानून हालसम्म बनेको वा बनाउनका लागि सार्थक काम अगाडि बढेको पाइँदैन। अतः सो मुद्दामा भएको आदेश पनि कार्यान्वयन भएको देखिँदैन।

१३. ***नेपाल सरकार वि. बालकृष्ण ढुङ्गेलसमेत***[८९] रहेको मुद्दामा ओखलढुङ्गाका उज्जनकुमार श्रेष्ठको हत्यासम्बन्धी ज्यान मुद्दामा पुनरावेदन अदालत राजविराजबाट प्रतिवादी बालकृष्ण ढुङ्गेलले सफाइ पाएका थिए। पुनरावेदन अदालतको फैसलाउपर परेको पुनरावेदनमा न्याय निरूपण गर्दै २०६६।०९।१९ मा सर्वोच्च अदालतले प्रतिवादी बालकृष्ण ढुङ्गेललाई सर्वस्वसहित जन्मकैद ठहर हुने फैसला गरेको थियो। सो

---

८८ ने.का.प. २०६९ अंक १२ नि.नं. ८९३३

८९ २०६३ सालका फै. पु. नं. ०६३-CR-०९३२ फैसला मिति २०६६।९।१९

फैसलाअनुसार प्रतिवादी बालकृष्ण ढुङ्गेललाई ठहर भएको सजाय कार्यान्वयन नगरिएकोले अदालतको फैसला कार्यान्वन नभएको अवस्था देखिएको छ।

१४. *रीता गिरी वि. जिल्ला प्रहरी कार्यालय, मोरङ*[९०] को मुद्दामा जाहेरी दर्ता नगरेकाले निवेदिकालाई झिकाई जाहेरी दर्ता गरी अविलम्ब अनुसन्धान कार्य गर्नू भन्ने आदेश जारी भयो।जिल्ला प्रहरी कार्यालय विराटनगरका नाममा जारी भएको सो परमादेश कार्यान्वयन भएको अवस्था देखिँदैन।

१५. *भक्तबहादुर सापकोटा वि. जिल्ला प्रहरी कार्यालय धादिङ २०६१ सालको रिट नं. ०६४ आदेश मिति २०६७।२।१७* को मुद्दामा सरला सापकोटाको हत्याका सम्बन्धमा सम्पूर्ण अनुसन्धान पूरा गरी मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णय गरी मुद्दा चल्ने भएमा अभियाग पत्र दायर गर्नू भनी मिति २०६७।२।१७ मा परमादेश जारी भयो। परमादेश अनुसार अनुसन्धान पूरा गरी मुद्दा चल्ने नचल्ने निर्णय हुनुपर्ने थियो। सो निर्णय हुने अवस्था नबनेबाट परमादेशको कार्यान्वयन नभएको अवस्था देखिएको छ।

१६. *पूर्णबहादुर गुरुङ वि. जिल्ला प्रहरी कार्यालय कास्की समेत*[९१] मुद्दामा सर्वोच्च अदालतले अनुसन्धानको नाममा झारा टार्ने खालको कार्य गरी अनुचित रूपमा समय बिताउन अनुसन्धानकर्तालाई सुहाउने कुरा हुँदैन भन्ने निचोड दियो। चाहिने अनुसन्धान पूरा गरी सोको नतिजा रिटनिवेदकलाई तीन महिनाभित्र दिनू भनेर सो अदालतले जिल्ला प्रहरी कार्यालय कास्कीका नाममा २०७१।१२।२२ मा परमादेश जारी गरेको थियो। परमादेशअनुसार अनुसन्धान पूरा गरिएन र निवेदकलाई जानकारी पनि दिइएन। अतः जारी आदेश कार्यान्वयन भएको देखिँदैन।

*(उल्लिखित मुद्दा/फैसला वा आदेश सान्दर्भिक अंश अनुसूची -३ मा उल्लेख गरिएको छ)*

### ३.७ फैसलाहरूको कार्यान्वयनको तथ्याङ्क विश्लेषण

सर्वोच्च अदालतबाट सङ्क्रमणकालीन न्याय सम्बन्धमा परेका रिट निवेदन तथा मुद्दाहरूमा भएका आदेश र फैसलाहरूको कार्यान्वयनको तथ्याङ्गत अवस्था देहायअनुसार छः

**तालिका नं. १ः अध्ययन गरिएका फैसला /आदेशको सङ्ख्यात्मक विवरण**

| क.सं. | अदालत | फैसला | आदेश | जम्मा |
|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | २ | १९ | २१ |
| २ | पुनरावेदन अदालत | ० | ८ | ८ |
| | **जम्मा** | २ | २७ | २९ |

उल्लिखित २९ वटा मुद्दाको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको पाइन्छः


९० २०६४ सालको दे.पु.नं. ०८५२ निर्णय मितिः २०६७।१।९

९१ २०६६ सालको WO ०९०८ फैसला मिति २०७१।१२।२२

**तालिका नं. २: फैसला /आदेश कार्यान्वयनको स्थिति र अवस्था**


| क्र.सं. | अदालत | कार्यान्वयन भएका | आंशिक कार्यान्वयन भएका | कार्यान्वयन नभएका | जम्मा |
|---|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | ६ (२८.५७ %) | ७ (३३.३३ %) | ८ (३८.०९ %) | २१ |
| २ | पुनरावेदन अदालत | ० | ० | ८ (१००%) | ८ |
| **जम्मा** | | ६ (२०.६८ %) | ७ (२४.१३%) | १६ (५५.१८ %) | २९ |

**चार्ट नं. १: सर्वोच्च अदालतको फैसला /आदेश कार्यान्वयनको अवस्था**




सङ्क्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेश र फैसलामध्ये २१ वटा मुद्दाहरूमा भएका आदेश र फैसलाहरू कार्यान्वयनको अवस्था अध्ययन गर्दा आठ वटा अर्थात् २८.५७ प्रतिशत आदेश कार्यान्वयन भएको देखिन्छ। यसै गरी सात वटा अर्थात् ३३.३३ प्रतिशत आदेश आंशिक रूपमा कार्यान्वयन भएको देखिन्छ। त्यस्तै आठ वटा अर्थात ३८.१० प्रतिशत आदेश कार्यान्वयन नभएको देखिन्छ। यता पुनरावेदन अदालतबाट भएका आठ वटा आदेशहरूको भने कुनैको पनि कार्यान्वयन भएको देखिँदैन। आदेश शतप्रतिशतै कार्यान्वयन नभएको देखिन्छ।

**चार्ट नं. २: सर्वोच्च अदालत/पुनरावेदन अदालतको फैसला /आदेश कार्यान्वयनको अवस्था**




सर्वोच्च अदालत र पुनरावेदन अदालतको फैसला एवम् आदेश कार्यान्वयन सम्बन्धमा कुल २९ आदेश र फैसलाको कार्यान्वयनको अवस्था हेर्दा छ वटा अर्थात् २०.६८ प्रतिशत आदेश कार्यान्वयन भएको देखिएको छ। सात वटा अर्थात् २४.१३ प्रतिशत आदेशको आंशिक कार्यान्वयन भएको देखिएको छ। यसैगरी १६ वटा अर्थात ५५.१८ प्रतिशत आदेश कार्यान्वयन नभएको देखिएको छ।

# परिच्छेद - चार

## आदेश तथा फैसलाहरूको परिपालना नहुनाका कारणहरू र त्यसले पारेको प्रभाव

नेपालमा सङ्क्रमणकालीन न्यायको विषय संस्थागत हुनमा सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट भएका फैसला तथा आदेशबाट दिशाबोध भएको छ। आदेश तथा फैसलाहरूले सङ्क्रमणकालीन न्यायको सन्दर्भमा फौजदारी जवाफदेहीताको अवधारणालाई स्पष्ट बनाउने काम गरेका छन्। यस मानेमा सङ्क्रमणकालीन न्यायप्रतिको न्यायिक धारणा समग्रमा विवेचनापूर्ण रहेको पाइन्छ भन्न सकिन्छ।

आदेशहरूबाट फौजदारी अनुसन्धान तथा अभियोजनको सघन महत्त्व औंल्याइएको देखिन्छ। बेपत्ता तथा यातनालगायतका मानवअधिकारको गम्भीर उलङ्घनलाई अपराधीकरण गर्ने कानून निर्माण गर्न जारी आदेशहरूले सङ्क्रमणकालीन न्यायको वकालतका लागि महत्त्वपूर्ण आधार सिर्जना गरेको कुरा निर्विवाद छ। तर त्यस्ता आदेश तथा फैसलाहरूको कार्यान्वयन वा परिपालनामा भने चुनौती रहेको देखिन्छ। यस खण्डमा न्यायपालिकाको व्याख्याबाट स्थापित विधिशास्त्र, परिपालनाको अवस्था तथा परिपालना नहुनाका कारण एवम् त्यसले पारेको प्रभावको मूल्याङ्कन गरिएको छ।

### ४.१. सङ्क्रमणकालीन न्यायसम्बन्धी आदेश तथा फैसलाहरूको विधिशास्त्रीय महत्त्व

अध्ययन गरिएका आदेश तथा फैसलाहरूले सङ्क्रमणकालीन न्यायका विभिन्न पक्षहरूमा महत्त्वपूर्ण विधिशास्त्र स्थापित गरेको पाइन्छ। सो विधिशास्त्रले सङ्क्रमणकालीन न्यायका धेरै अस्पष्ट विषयहरूमा सुनिश्चितता स्थापित गरेको पाइन्छ।[९२] विशेष गरी न्यायिक व्याख्याको माध्यमद्वारा द्वन्द्वको क्रममा भएका मानवअधिकार उलङ्घनका घटनाहरूको स्वतन्त्र तथा निष्पक्ष अनुसन्धान एवम् अभियोजन गरी पीडितको प्रभावकारी न्यायिक उपचार प्राप्त गर्ने अधिकार[९३] को व्यावहारिक संरक्षण गर्नुपर्ने दायित्वबाट राज्य पन्छिन नमिल्ने कुरा स्थापित भएको छ। त्यसैगरी गम्भीर अपराधको हकमा क्षमादान स्वीकार्य नहुने कुरालाई स्पष्ट गरिएको छ।[९४] व्यक्ति बेपत्ता पार्ने कार्य लगायतका संगीन अपराधमा हदम्याद असान्दर्भिक हुने कुरा

---

९२ खासगरी गम्भीर अपराधमा क्षमादान स्वीकार्य हुने वा नहुने तथा फौजदारी न्याय प्रणालीसँग संक्रमणकालीन न्याय संयन्त्रहरूको सम्बन्ध कस्तो हुने भन्ने समेतका विषयमा देखिएका विवादहरूको निरूपण भएको छ।

९३ अन्तर्राष्ट्रिय सन्धिसंझौता अन्तर्गत मानवअधिकार वा स्वतन्त्रताको उल्लङ्घनबाट पीडित व्यक्तिको प्रभावकारी कानुनी उपचार पाउने हक अन्तरनिहित छ। यो अधिकार प्रमुख रूपमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धिको धारा १४, बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९, जेनेभा महासन्धि, १९४९ को अतिरिक्त सन्धिपत्रको धारा ९१ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानका धारा ६८ र ७५ लगायतका व्यवस्थाहरू अन्तर्गत संरक्षित छ।

९४ जुरी -नेपालका तर्फवाट माधब बस्नेत समेत वि. मन्त्रिपरिषद समेतको मुद्दामा सर्वोच्च अदालतले "अध्यादेशको दफा २३ को क्षमादान माफीसम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसुरहरूमा समेत समग्रमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूति दिएको नदेखिएको र माफीको प्रक्रियाको विषय बनाएको एवम् माफी प्रक्रियामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य नबनाई गौण बनाएको देखिएकोले पीडितको न्यायसम्बन्धी मौलिक हक अन्तर्गत, जीवन, स्वतन्त्रता, सूचनाको हक, यातना विरुद्धको हक लगायत एवम् न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले सो व्यवस्थालाई

स्थापित भएको छ। त्यस्ता अपराधका पीडितलाई न्याय दिलाउन तथा त्यस्ता अपराध गर्नबाट निरुत्साहित गर्न अपवादात्मक रूपमा पश्चातदर्शी प्रभाव दिने फौजदारी कानूनको निर्माण गरी विगतका मानवअधिकारका गम्भीर उल्लङ्घनका घटनालाई सम्बोधन गर्न सकिने विधिशास्त्रले मान्यता पाएको छ।[९५]

फौजदारी न्याय र सङ्क्रमणकालीन न्याय परिपूरक हुन्छन् कि यिनीहरूले एकले अर्कालाई प्रतिस्थापित गर्दछन् भन्ने प्रश्नलाई निप्टारा गर्दै दुवै बीचको परिपूरकतालाई अदालतको फैसलाले स्थापित गरेको छ।[९६] त्यसैगरी क्षमायोग्य कसुरमा पीडकलाई क्षमादान दिनका लागि पीडितको सहमति अनिवार्य बनाइएको छ।[९७] अभियोजनमा विलम्ब सिर्जना गर्ने तथा महान्यायाधिवक्ताको अधिकारलाई कुण्ठित गर्ने गरी कुनै पनि कार्यविधिगत बाधा अवरोध स्वीकार्य नहुने कुरालाई पनि स्थापित गरी दिएको छ।[९८]

संक्षेपमा भन्नु पर्दा स्थापित विधिशास्त्रले अन्योलका बीचमा अल्झेको सङ्क्रमणकालीन न्याय प्रक्रियालाई स्पष्ट दिशानिर्देश गर्दै राज्यलाई न्याय सम्वन्धी अभिभारा यथोचित रूपमा पूरा गर्न ठोस विधिशास्त्रीय आधार खडा गरी दिएको छ। गहिरिदै गएको दण्डहीनताको संस्कृतिलाई जबाफदेहिता र कानूनी शासनद्वारा प्रतिस्थापन गर्ने दिशामा फैसलाहरू महत्त्वपूर्ण छन्।द्वन्द्वोत्तर अवस्थामा सङ्क्रमणकालीन न्यायको

---

पुनरावलोकन गरी उपरोक्त बमोजिम परिमार्जन र संशोधन गर्नुपर्ने" ठहर गरेको छ। त्यसै गरी सुमन अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको मुद्दामा सर्वोच्च अदालतले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपदफा (२) मा प्रयुक्त "आयोगको छानवीनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएको" भन्ने वाक्यांशलाई असंवैधानिक घोषित गरी गम्भीर अपराधलाई क्षमादान अयोग्य वनाएको छ।

९५ राजेन्द्र ढकाल समेत वि. गृह मन्त्रालय समेतको मुद्दामा, "आयोग गठन गरी निवेदनमा उल्लेखित व्यक्तिहरूको हकमा छानविन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौजदारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तता अनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु" भनी निर्देशात्मक आदेश दिएवाट गम्भीर अपराधमा क्षमादनको अस्वीकार्यता स्थापित भएको छ।

९६ सुमन अधिकारीसमेत को मुद्दामा सर्वोच्च अदालतल "वास्तवमा आयोग स्वयममा न्यायिक प्रक्रियाको सहयोगी वा सहायक मात्र हो। यसले उत्खनन् गरेका सत्य र प्रमाणका आधारमा परिणामतः गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका मुद्दाहरू अदालतबाटै निप्टारा हुने हुँदा न्यायिक प्रक्रियामा सघाउ पुऱ्याउन संस्थापित अस्थायी प्रकृतिको निकाय र राज्यको स्थायी संरचना न्यायपालिका बीचको अन्तर छुट्याउन र सोहीअनुरूप बुझ्न जरुरी हुन्छ।" भन्दै संक्रमणकालीन न्याय र फौजदारी न्यायको परिपुरकतालाई अदालतले प्रष्ट्याई दिएको छ।

९७ सुमन अधिकारीसमेत को मुद्दामा सर्वोच्च अदालतले "त्यस्तै दफा २६ को उपदफा (५) मा उल्लेख भएको उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ भन्ने प्रावधान पनि विवादित छ। पीडितको सहमतिपछि लगत्तै उल्लेख भएको असहमति भन्ने पदावली सँगसँगै प्रयोग भएबाट असहमतिको अर्थ दोहोरो लाग्न गएको देखिन्छ। तर पीडितको असहमतिमा र गम्भीर प्रकृतिका अपराधमा क्षमादान हुनै नसक्ने कुरा यसअघि यस अदालतबाट जारी भएका आदेशबाट पटकपटक संबोधन भैसकेको हुँदा त्यसैलाई आयोगले मार्गदर्शन बनाउनुपर्दछ।" भनी व्याख्या गरेकाले पीडितको सहमतिबेगर मेलमिलाप हुन नसक्ने कुरा निश्चित भएको छ।

९८ सर्वोच्च अदालतले "छानबिनबाट दोषी देखिएका व्यक्तिलाई मुद्दा चलाउन आयोगले गर्ने सिफारिस घुमाउरो बाटोबाट महान्यायाधिवक्ता समक्ष पठाउने व्यवस्थाले अनावश्यक जटिलता र संशय मात्र पैदा गरेको देखिन्छ। यसको परोक्ष अर्थ पीडकलाई अभियोजनबाट उम्काउने मात्र हुन सक्दछ" भन्दै ऐनको दफा २९(१)मा प्रयुक्त "नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने वाक्यांश बदरभागि देखियो" भन्ने व्यवस्थालाई असंवैधानिक घोषित गरेको छ।

व्यवस्थापनका सम्बन्धमा विकसित अन्तर्राष्ट्रिय कानूनी सुझबुझलाई हाम्रो न्यायिक व्याख्याले आत्मसात गरेको देखिन्छ।[९९]

## ४.२. आदेश तथा फैसला कार्यान्वयन तथा स्थापित विधिशास्त्रको परिपालनाको संवैधानिक दायित्व

विधिशास्त्रीय महत्त्व बोकेका न्यायिक फैसलाको परिपालना वाध्यकारी संवैधानिक दायित्वको रूपमा रहँदै आएको छ। नेपालको अन्तरिम संविधानले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने एवम् सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्ने स्पष्ट संवैधानिक दायित्व तोकेको थियो।[१००] साथै अभिलेख अदालतको रूपमा रहेको सर्वोच्च अदालतको फैसला वा आदेशको अवज्ञालाई अवहेलनाको कारबाईको दायराभित्र ल्याउन सक्ने अख्तियारी पनि प्रदान गरेको थियो।[१०१] यसका अतिरिक्त मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको ब्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने विशेष संवैधानिक जिम्मेवारी महान्यायाधिवक्तालाई सुम्पेको थियो।[१०२] सोही व्यवस्थाहरूलाई निरन्तरता दिँदै नेपालको संविधानले पनि सर्वोच्च अदालतबाट स्थापित नजिर तथा सिद्धान्तहरूको परिपालनालाई बाध्यात्मक बनाएको छ। यस अर्थमा नजिरको रूपमा व्याख्या भएको विषय सबैको लागि बन्धनकारी हुने कुरा उल्लेख भएको छ। न्यायिक निर्णयहरूको बन्धनकारिता कानून सरह हुन्छ।[१०३] कुनै पनि बाहाना बनाएर त्यस्ता न्यायिक सिद्धान्त तथा नजिरहरूको परिपालनाबाट पन्छिन सक्ने अबस्था रहँदैन। फैसलाको जानाजान कार्यान्वयन नगर्नु अथवा त्यस्को अवज्ञा गर्नु आफैमा संविधानप्रतिको बेइमानी र अपमान हुन्छ।

## ४.३. आदेश तथा फैसलाको परिपालना नहुनाका कारणहरू

सङ्क्रमणकालीन न्याय प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा विधिशास्त्रीय दृष्टिबाट न्यायिक फैसलाहरू उल्लेखनिय भए तापनि तिनको परिपालना र कार्यान्वयन चुनौतीपूर्ण बनेको छ। बेपत्ता, यातना तथा युद्ध अपराधलाई दण्डनीय वनाउने गरी हालसम्म पनि राष्ट्रिय कानूनहरू नबनाईनु, द्वन्द्वकालीन गम्भीर अपराधसम्बन्धी जाहेरी दर्खास्त उपर प्रभावकारी फौजदारी अनुसन्धान तथा अभियोजन गर्ने तर्फ तदारुकता

---

९९ जुरी—नेपालका तर्फवाट माधब बस्नेत समेत वि. मन्त्रिपरिषद समेतको मुद्दामा सर्वोच्च अदालतले "अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाहरू नेपाल कानूनसरह लागू हुने व्यवस्था नेपाल सन्धी ऐन, २०४७ को दफा ९(१) मा भएको हुँदा त्यस्ता अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अपराधहरूको अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउने, पीडकलाई अभियोजन गरी न्यायको परिधिभित्र ल्याउने र पीडितलाई परिपूरण गर्ने दायित्व राज्यको रहेको हुन्छ" भनी अन्तर्राष्ट्रिय कानूनको परिपालनामा जोड दिएको पाइन्छ।

१०० नेपालको अन्तरिम संविधान, २०६३।

१०१ ऐ. धारा १०२(३): सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ। यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाही चलाई कानूनबमोजिम सजाय गर्न सक्नेछ।

१०२ ऐ. धारा १३५ (३)(ख): मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउन।

१०३ नेपालको संविधान, २०७२, धारा १२८(४): मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ।

नदेखाइनु, छटनी (भेटिङ) सम्बन्धी कानून नबन्नु, व्यक्तिको कब्जा सम्पत्ति फिर्ता नगरिनु, मानवअधिकारको अभिलेख राम्रो नभएका व्यक्तिहरूलाई पदोन्नति तथा उच्च ओहदामा नियुक्ति गरिनु, फौजदारी अनुसन्धान प्रणालीप्रति असहयोग गरिनु तथा जिम्मेवार निकायबाट नै त्यसलाई अवरोध पुर्‍याउने कार्य हुनु र सत्यनिरूपण आयोग तथा बेपत्ता छानबिन आयोग गठन सम्बन्धमा बनेको ऐनमा अघिल्लो अध्यादेशका त्रुटिहरू दोहोर्‍याउनु जस्ता दृष्टान्तहरूले न्यायिक आदेश, निर्णय तथा व्याख्याको अवज्ञा वा परिपालना नभएको अवस्थालाई चित्रित गरेको छ। त्यस किसिमको अपरिपालना तथा अवज्ञाको पछाडि केके कारण थिए र छन् भनेर एकिन रूपमा भन्न गाह्रो छ। तथापि, यससम्बन्धी घटनाक्रमको अध्ययन तथा अध्ययनको क्रममा विभिन्न सरोकारवालाहरूबीचको छलफलको आधारमा देहायका कुराहरू आएका छन्।

नेपालगन्ज, पोखरा र हेटौंडामा आयोजना गरिएको अन्तरक्रियामा दुई जना न्यायाधीश, नौं जना न्याय समूहका अधिकृत, छ जना सरकारी वकिल, एक जना नेपाल सरकारका अधिकृत, मानवअधिकार आयोगका दुई जना अधिकृत, चार जना सामाजिक कार्यकर्ता, तीन जना प्रहरी अधिकृत र ११ जना कानूनव्यवसायीहरूको सहभागिता रहेको थियो।

**तालिका नं. लक्षित समूह छलफलका सहभागी सङ्ख्याको विवरण**


| क स | स्थान | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | नेपालगन्ज | १ | १७ | १८ |
| २ | पोखरा | १ | १४ | १५ |
| ३ | हेटौडा | २ | ३ | ५ |
| **जम्मा** | | ४ | ३४ | ३८ |

लक्षित समूह छलफलका सहभागीहरूको अनुभवमा सङ्क्रमणकालीन अवस्थामा अदालतबाट भएका फैसला तथा आदेशहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन नहुनुमा देहायका २५ वटा कारणहरू बताएका छन्। सबैभन्दा धेरै ३३.३३ प्रतिशत सहभागीहरूले राजनीतिक प्रभाव वा दबाबका कारण फैसला तथा आदेशहरू कार्यान्वयन हुन नसकेको बताएका छन्। यसै गरी १५ देखि २५ प्रतिशत सहभागीहरूले जिम्मेवारी क्षेत्राधिकारको अस्पष्टता, कानून तथा नीति नियमको अस्पष्टता, अनिच्छा, डर धम्की सुरक्षा, रिटआदेश कार्यान्वयन को छुट्टै निकाय नहुनु जस्ता कारणहरू बताएका छन्।

सहभागीहरूको अनुभवमा अक्षमता, फैसलाको अस्पष्टता, कार्यान्वयन गर्न नसकिने खालका फैसला, सर्व साधारणको असहयोग, प्रतिशोध, भेदभाव, साधानस्रोतको अभाव, शान्ति पुनःस्थापनाका लागि जिम्मेवारी हस्तान्तरण, एक निकायले गरेको कामलाई अन्य निकायले आत्मसात नगर्ने, पीडकको पहिचान र परिचय नभएको, प्रमाणको अभाव, सहज पहुँच नहुनु, कारबाईको व्यवस्था नहुनु, अनावश्यक आश्वासन, एकीकृत योजना र प्रतिबद्धता नहुनु, सम्बन्धित इजलासले ताकेता नगर्नु, अनुसन्धान गर्ने निकाय छुट्टै नहुनु र पीडितको सक्रियता नहुनुलाई सङ्क्रमणकालीन अवस्थामा अदालतबाट भएका फैसला तथा आदेश

कार्यान्वयन हुन नसकेका कारणहरू बताएका छन्। यसको विस्तृत विवरण सम्लग्न (चार्ट नं. ३) मा उल्लेख गरिएको छ।

**चार्ट नं. ३: फैसला कार्यान्वयन नहुनाका कारणहरू (प्रतिशतमा)**




उल्लिखित सम्बन्धमा सर्वोच्च अदालत तथा पुनरावेदन अदालतहरूले आदेश तथा फैसलामा व्यक्त गरेका धारणाहरू समेतलाई समष्टिगत रूपमा विश्लेषण गर्दा आदेश तथा फैसलाहरूको कार्यान्वयन नहुनुका पछाडि निम्न कारणहरू रहेको देखिन्छ:

### १. राजनीतिक इच्छाशक्तिको अभाव

नेपाल सरकार तथा राजनीतिक दलका तर्फबाट औपचारिक धारणा व्यक्त गर्दा दण्डहीनताको अन्त्य गर्ने एवम् सङ्क्रमणकालीन न्यायलाई सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ। पटकपटकका

राजनीतिक सम्झौता, सरकारका नीति तथा कार्यक्रम एवम् नेपाल सरकारले विभिन्न राष्ट्रसंघीय निकाय तथा संयन्त्रहरूमा प्रस्तुत गरेका प्रतिवेदनहरूले[१०४] पनि त्यस किसिमको प्रतिबद्धता अद्यापि कायमै रहेको दर्साउँछन्। यसरी राजनीतिक तहमा दण्डहीनताविरुद्ध र उत्तरदायित्वका पक्षमा राज्यको औपचारिक प्रतिबद्धता दर्सिएबाट सर्वोच्च अदालतबाट प्रतिपादित नजिर तथा सिद्धान्तहरूलाई स्वीकार गर्नमा सिद्धान्ततः राजनीतिक इच्छाशक्ति नरहनु पर्ने कुनै कारण र अवस्था देखिँदैन।

तर व्यावहारिक रूपमा त्यस्ता प्रतिबद्धता पालना गर्ने सन्दर्भमा भने विगतदेखि नै प्रश्नचिह्न खडा हुँदै आएको पाइन्छ। न्यायिक निर्णयहरूले पथप्रदर्शन गरेअनुरूप सङ्क्रमणकालीन न्याय सुनिश्चित गर्नेतर्फ राजनीतिक नेतृत्वको इच्छाशक्ति छ भन्ने कुरा व्यावहारिक रूपमा पुष्टि हुन सकेको छैन। यस सन्दर्भमा फैसला कार्यान्वयन हुन नसक्नुमा तथ्यतः द्वन्द्वका क्रममा घटेका गम्भीर उलङ्घनका घटनाहरूमा फौजदारी जवाफदेहीता सुनिश्चित गर्ने राजनीतिक इच्छाशक्तिको अभावले मूल कारणको रूपमा काम गरेको देखिन्छ। अध्ययनक्रममा छलफलमा सहभागी लक्षित समूह/सरोकारवालाहरूले पनि राजनीतिक दबाब तथा प्रभावलाई प्रमुख कारणको रूपमा औंल्याएका छन्।[१०५] सहभागीमध्ये ३३% भन्दा धेरैले राजनीतिक प्रभावलाई आदेश तथा फैसला कार्यान्वयन नहुनाको प्रमुख कारणको रूपमा प्रस्तुत गरेका छन्।

बृहत शान्तिसम्झौता र अन्तरिम संविधान, २०६३ ले निर्देश गरेकै कारण आयोगहरू गठन गरेर आयोग गठनको विषयलाई शान्तिसम्झौता कार्यान्वयनको अन्तिम कार्य मानी अन्य विषयहरू कार्यसूचीबाट हटाउने उद्देश्यसम्म राखेको देखिन्छ। त्यसबाहेक सर्वोच्च अदालतका फैसलाहरूले मागेअनुरूप र पीडितले महसुस गर्ने गरी प्रमुख राजनीतिक दल तथा सरकारको तर्फबाट सङ्क्रमणकालीन न्यायलाई प्रमुख एजेन्डा बनाएको देखिँदैन। न्याय र जवाफदेहीताको विषयलाई पन्छाएर परिपूरण तथा मेलमिलापको विषयलाई प्रधानता दिने उद्देश्यले मात्रै सङ्क्रमणकालीन न्याय प्रक्रियालाई अगाडि बढाउने रुची दलहरूले प्रकट गरेको पाइन्छ।[१०६]

नेपालको संविधान (२०७२) को धारा २० मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन" भन्ने व्यवस्था गरी अतीतप्रभावी कानूनविरुद्धको प्रत्याभूतिलाई निरपेक्ष बनाइएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानून तथा तुलनात्मक संवैधानिक अभ्यासअनुरूप अपवादात्मक व्यवस्था राखिएको छैन।[१०७]

---

१०४ उदाहरणको लागि नेपाल सरकारले संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषदमा पहिलो र दोश्रो मानवअधिकारको विश्वव्यापी समिक्षाको सन्दर्भमा प्रस्तुत गरेका प्रतिवेदन र सिफारिसहरूको स्वीकारोक्तिले पनि स्पष्ट पार्दछ।

१०५ यस अध्ययनका लागि नेपालगञ्ज. पोखरा र हेटौडामा आयोजना गरिएको लक्षित समूह छलफल

१०६ राष्ट्रिय न्यायिक प्रतिष्ठानद्धारा आयोजित संक्रमणकालीन न्यायसम्बन्धी फैसला कार्यान्वयनका चुनौतिहरू विषयक परामर्श कार्यक्रममा सरोकारवालाहरूले राजनीतिक ईच्छा शक्तिको अभावलाई प्रमुख कारणको रूपमा औंल्याएका थिए।

१०७ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा १५(२) ले अपबादात्मक व्यवस्था गरेको छ। जसअनुसार कुनै कार्य गर्दाको समयमा राष्ट्रिय कानूनमा अपराध मानिएको नभएपनि "राष्ट्रहरूको समुदायबाट मान्यता दिईएका कानुनी सिद्धान्त" अनुरूप भुतप्रभावी फौजदारी कानून लागू गर्न सकिन्छ। सन् २००८ को कासोभोको संविधानको धारा १२मा

यसबाट अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुसारको दायित्व तथा सर्वोच्च अदालतबाट स्थापित विधिशास्त्रको मर्म अनुसार नयाँ संविधानले सङ्क्रमणकालीन न्यायलाई मार्गप्रशस्त गर्ने गरी गम्भीर अपराधको हकमा अतीतप्रभावी फौजदारी कानूनको अपवादात्मक व्यवस्थालाई मान्यता दिनुपर्ने र गम्भीर अपराधमा क्षमादान, माफी तथा मुद्दा फिर्तालाई बन्देज लगाइनुपर्ने लगायतका नागरिक समाज, पीडित समुदाय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घसंस्थाहरूको मागलाई सम्बोधन गर्न प्रमुख दल र तिनको राजनीतिक नेतृत्व तयार नभएबाट उत्तरदायित्व स्विकार्नमा रहेको राजनीतिक अनिच्छा स्पष्टै देखिएको छ।

दलहरूभित्र विभिन्न मतहरू रहे पनि समग्रमा प्रमुख राजनीतिक दलहरूका बीचमा एक खालको सहमति बनेको देखिन्छ। केही दलभित्रका केही नेताहरूबाट न्यायिक निर्णय तथा सिद्धान्तहरूले मागे बमोजिम सङ्क्रमणकालीन न्यायलाई अगाडि बढाउने प्रयास हुँदै नभएको अवस्था पनि देखिँदैन। तथापि, ती प्रयासहरू मूलप्रवाह हुन नसकी दलभित्रै पनि सीमान्तकृत मतका रूपमा रहेको पाइन्छ। राजेन्द्र ढकालको मुद्दामा सर्वोच्च अदालतले बारम्बार बेपत्तालाई आपराधीकरण गर्ने गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको फौजदारी कानून निर्माण गर्न दिएको आदेशका बाबजुद पनि त्यस विषयलाई हालसम्म पनि पन्छाउने काम भएको छ। बेपत्तालाई अपराधीकरण गर्ने गरी २०६६ सालमा नै विधेयक संसदमा प्रस्तुत भए पनि त्यसलाई फिर्ता लिइयो र बेपत्ता अपराधीकरणको विषयलाई थाँती राखेर सङ्क्रमणकालीन न्याय सम्बोधन गर्न अध्यादेश जारी गरिएको थियो।

बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने तथा सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने कानूनलाई सँगसँगै तर्जुमा गर्नुपर्ने आवश्यकता औंल्याइएको[१०८] भए तापनि बेपत्ता छानबिन एवम् सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी कानून मात्रै निर्माण गरिएको छ। यता सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि जिम्मेवार सरकारले नै न्यायिक फैसलाका कतिपय पक्षमा चित्त नबुझाएर पुनरावलोकन हुन निवेदन गरेको अवस्था पनि छ। यसले उत्तरदायित्व सुनिश्चित गर्ने सन्दर्भमा राजनीतिक इच्छाशक्तिको अभाव थियो र छ भन्ने तथ्यको खुलासा गरेको छ। यसबाट गम्भीर अपराधमा संलग्नलाई फौजदारी उत्तरदायित्व बहन गराउने राज्यको अविच्छिन्न दायित्व रहने निष्कर्षको न्यायिक दृष्टिकोणप्रति राजनीतिक नेतृत्व तथा सरकारको असहमति रहेको अवस्था झल्किएको पाइन्छ।

---

अन्तर्राष्ट्रिय कानून अनुसार अपराध जनिने कुरामा भुतप्रभावी राष्ट्रिय कानून बनाई अभियोजन गर्न सकिने व्यवस्था छ। दक्षिण अफ्रिकी संविधान, १९९६ को धारा ३५मा पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअनुसार कसुर नजनिएका विषयमा अभियोजन नगरिने भन्ने व्यवस्था छ।

१०८ सर्वोच्च अदालतको आदेश बमोजिम नेपाल सरकारद्वारा गठित विषय विशेषज्ञ कार्यदलको प्रतिवेदनले पनि वेपत्तालाई फौजदारी कसुरको रूपमा दण्डनिय घोषित गर्न अलग्गै विधेयकको मसौदा तर्जुमा गरी बुझाएको थियो। साथै नेपालको सन्धि जनित दायित्वअनुरूप यातना तथा यूद्ध अपराधलाई दण्डनिय घोषित गर्ने कानून पनि संगसंगै तर्जुमा गर्न सरकारलाई सुझाव दिएको थियो।

## २. वृहत शान्तिसम्झौताको बुझाइमा आफूअनुकूल व्याख्या

बृहत् शान्तिसम्झौताले दण्डहीनताको अन्त्य,[१०९] कानुनी शासनको पुनःस्थापना तथा मानवअधिकारको संरक्षण[११०] प्रतिको प्रतिबद्धतालाई मुखरित गरेकोमा विवाद छैन। नेपालका राजनीतिक शक्तिहरू भने शान्तिसम्झौतालाई दण्डहीनताको पक्षमा व्याख्या गरेर अगाडि बढे। सर्वोच्च अदालतले लीलाधर भण्डारी[१११] लगायतका फैसलामार्फत शान्तिसम्झौताको कानुनी तथा संवैधानिक हैसियतको बारेमा न्यायिक व्याख्या गर्‍यो। शान्तिसम्झौतालाई एकाङ्गी रूपमा नहेरेर अन्तरिम संविधान तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको आलोकबाट हेर्न मार्गनिर्देशित पनि गर्‍यो। तथापि, राजनीतिक नेतृत्व शान्तिसम्झौताको आफूअनुकूल व्याख्याबाट बाहिर आउन चाहेन। परिणामस्वरूप, सर्वोच्च अदालतका फैसलाहरूको कार्यान्वयनप्रति त्यसको प्रतिकूल प्रभाव पर्न गयो।

"दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्"[११२] भनी शान्ति सम्झौतामा गरिएको व्यवस्था सबैभन्दा अपव्याख्याको सिकार भयो। यो प्रावधानले विशुद्ध "राजनीतिक कारणले" लगाइएका मुद्दाको कुरा गर्दागर्दै यसलाई द्वन्द्वको क्रममा संलग्न राजनितिक दलसम्बद्ध पीडकलाई फौजदारी जवाफदेहीबाट उन्मुक्ति दिलाउनका लागि प्रयोग गरियो। अझ यसलाई बाध्यात्मक संवैधानिक व्यवस्थासरह जबर्जस्ती कार्यान्वयनमा ल्याउने कोसिस गरियो। अनि, व्यवहारमा यसबाट राजनीतिक दलका नेताविरुद्धका मुद्दा फिर्ता लिएर फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने काम भयो। द्वन्द्वकालका गम्भीर मानवअधिकारको उलङ्घनका घटनामा पनि फौजदारी उत्तरदायित्व होइन मेलमिलाप मात्रै भन्ने मान्यतालाई राजनीतिक मूल्य दिँदै सम्झौताको केन्द्रीयतालाई अन्यत्रै मोडियो। यसरी शान्तिसम्झौताको बुझाइको पाक्षिक तथा एकाङ्गी व्याख्याले सङ्क्रमणकालीन न्यायलाई प्रवर्द्धन गर्ने गरी गरिएका न्यायिक फैसलाको कार्यान्वयनमा बाधा सिर्जना हुन पुग्यो।

---

१०९ वृहत शान्ति सम्झौताको धारा ७.१.३ः दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुर्‍याउने जिम्मेवार व्यक्तिहरू माथि कानून अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्।

११० वृहत शान्ति सम्झौताको धारा ३.४ः विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्वन गर्ने।

१११ लिलाधर भण्डारी समेत वि. नेपाल सरकार (२०६४ सालको रिट न. ०८६३)। सर्वोच्च अदालतले शान्ति संझौताका व्यवस्थाहरू संविधान वा कानूनमा रुपान्तरण नभैकन कानून सरह लागु हुन नसक्ने कुरालाई व्याख्याको माध्यामवाट स्पष्ट पारेको छ।

११२ हेर्नुहोस् OHCHR-Nepal, Legal Opinion "Remedies and Rights Revoked: Case Withdrawals for Serious Crimes in, June 2011. Page 1, 16& 17. Available at: *http://nepal.ohchr.org/en/resources/publications/2011/2011_06_23_Case_Withdrawals_for_Serious_Crimes_in_Nepal_E.pdf. [ I THINK TO PUT THE CITATION OF THE COURCE OF CPA. THEN GIVE NEW CITAION NUMBER AT THE END OF THE SENTENCEOF THE TEXT AND PUT THIS SOURCE THERE.]*

## ३. फौजदारी र सङ्‌क्रमणकालीन न्यायप्रणालीबीचका अन्तरसम्बन्धको अवधारणागत अस्पष्टता

सुरुको समयमा सङ्‌क्रमणकालीन न्याय र फौजदारी न्यायबीचको सम्बन्धको बारेमा अष्पस्टता रहन पुग्यो। यस बारेमा आआफ्नै अनुकुलको व्याख्या गर्ने प्रवृत्ति देखा पर्‍यो। अन्तरिम संविधानको सत्यनिरूपण आयोग गठनसम्बन्धी व्यवस्थालाई देखाएर प्रचलित कानूनअन्तर्गत पीडितले न्यायिक उपचार प्राप्त गर्ने हकलाई नै इन्कार गर्ने हदसम्म यो अगाडि बढ्यो। सङ्‌क्रमणकालीन न्यायका संयन्त्रले फौजदारी न्यायको विकल्प दिने अर्थमा प्रयोग भयो। सोही तर्कका आडमा मानवअधिकार आयोगका अनुसन्धानका प्रयासहरूको अवज्ञा गर्ने काम भयो। केही मुद्दामा स्वयं न्यायिक निकायबाट पनि त्यसबाट प्रभावित भएर फौजदारी अनुसन्धान र अभियोजनलाई थाँती राख्न लगाउने उदेश्यले आदेशहरू पनि जारी हुन पुगे।[११३] न्यायिक निकायमा विचाराधीन मुद्दाहरूलाई गैरन्यायिक प्रकृतिको (अभियोजन तथा न्यायनिरूपण गर्न सक्ने अधिकार नभएको) सत्य आयोगमा हस्तान्तरण गर्ने गरी सङ्‌क्रमणकालीन न्यायसम्बन्धी ऐनमा व्यवस्था गरियो।

सर्वोच्च अदालतले *गोविन्द बन्दी* तथा *सुमन अधिकारी समेतको* मुद्दामा व्याख्याको माध्यामद्धारा प्रष्ट पारेको भए पनि त्यसप्रति असन्तुष्टि जनाउँदै सर्वोच्च अदालतमा सरकारले पुनरावलोकनको निवेदन दिएको छ। उक्त विचाराधीन निवेदनमा महत्त्वपूर्ण सवालको रूपमा अदालतमा विचाराधीन द्वन्द्वकालीन मुद्दाहरू आयोगमा नसर्ने भन्ने व्याख्या रहेको छ। फौजदारी र सङ्‌क्रमणकालीन न्यायप्रणालीबीचको अन्तरसम्बन्धको गलत बुझाइका आडमा पनि न्यायिक निर्णयहरूको कार्यान्वयन अवरुद्ध भएको स्पष्टै देखिन्छ।

## ४. सङ्‌क्रमणकालीन न्याय राजनीतिक प्रभावको विषयवस्तु बन्नु

विगतमा सङ्‌क्रमणकालीन न्यायलाई न्यायभन्दा राजनीतिको विषयका रूपमा बढी हेरियो। सत्तासमीकरण, सेना समायोजन र संविधानमा नमिलेका विषयसँगै सङ्‌क्रमणकालीन न्यायलाई पनि राजनीतिक आलोकबाट हेरियो। सङ्‌क्रमणकालीन न्याय सधैँजसो राजनीतिक सौदाबाजीको कार्यसूची बन्न पुग्यो। परिणामस्वरूप फैसलाहरूको कार्यान्वयनमा बाधा उत्पन्न हुन गयो। फैसला कार्यान्वयनको जिम्मेवारी रहेका सरकारी निकाय सो राजनीतिक सौदाबाजीबाट प्रभावित भए। प्याकेजको राजनीतिक सहमतिका बहानामा सत्यनिरूपण आयोग तथा बेपत्ता छानबिन आयोग गठनका लागि अपरिहार्य कानून निर्माणको न्यायिक आदेशको कार्यान्वयनमा अलमल गरिँदै लगियो। मानवअधिकार उल्लघनका पीडितहरूले न्याय प्राप्त गर्ने विषयलाई राजनीतिभन्दा माथिको स्वतन्त्र कार्यसूची नै मानिएन र न्यायप्राप्तिको सवाललाइ राजनीतिक प्रभावको सौदाबाजीमा बन्धक बनाइन पुग्यो।

---

११३ हेर्नुहोस् OHCHR Nepal's Legal Opinion, "The relationship between Transitional Justice mechanisms and the Criminal Justice system: Can conflict-related human rights and humanitarian law violations and abuses be deferred or suspended on the basis of commitments to establish a Truth and Reconciliation Commission?", March 2011. Page 3. Available at: *http://nepal.ohchr.org/en/resources/publications/2011_03_29_Legal_Opinion_E.pdf*

## ५. नागरिक समाज तथा पीडित समुदायको सशक्त भूमिकाको कमी

बृहत् शान्तिसम्झौतापछि सङ्क्रमणकालीन न्यायको अनिवार्यताले व्यापकता पाए मुलुकभित्रको मानवअधिकार आन्दोलनको साझा कार्यसूची बन्न सकेन। नागरिक समाजले यसलाई साझा कार्यसूची बनाएर मूलप्रवाहीकरण गरेन। न्यायिक निरूपण भैसकेका विषयमा कार्यान्वयनका लागि साझा नागरिक दबाब र जागरूकता पर्याप्त सिर्जना हुन नसक्दा निरूपण भएका न्यायिक विषय पनि ओझेलमा परे। यसले अदालतका आदेश तथा फैसलाहरुको परिपालनालाई उपेक्षा गर्ने प्रवृत्तिलाई नै मलजल हुन पुग्यो। अझै पनि नागरिक समाजभित्र न्यायिक निर्णयको बन्धनकारिताको मान्यतालाई आत्मसात् गर्ने गराउने कुरामा नागरिक समाज तथा मानवअधिकार सङ्घसंस्थाहरू एकजुट हुन नसके न्यायनिरूपणका विषयको कार्यान्वयन र परिपालना कमजोर हुने स्पष्टै छ।

## ६. मानवअधिकार आयोगको भूमिकाको अपर्याप्तता

सङ्क्रमणकालीन न्यायको विषयमा नागरिक समाज तथा पीडित समुदायको वकालत तथा पैरवीका लागि ठोस आधार प्रदान गर्न तथा सकारात्मक न्यायिक भूमिकालाई प्रवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगको भूमिका महत्त्वपूर्ण रहेकोमा विवाद छैन। सङ्क्रमणकालीन न्यायबारे अदालतका आदेश र फैसलाहरूको व्यावहारिक कार्यान्वयनमा राज्यका निकायहरूलाई जवाफदेही बनाउने सन्दर्भमा पनि आयोगको सशक्त भूमिका अपेक्षित थियो। अनेक कारणले यसमा आयोगबाट पर्याप्त प्रयास हुन सकेन। आयोगका सिफारिसलाई नै टेकेर भएका आदेश वा फैसलाहरूको कार्यान्वयनका लागि त मानवअधिकार आयोगको रणनीतिक भूमिका नै आवश्यक हुने भए पनि तदअनुरूप आयोगबाट काम हुन सकेको देखिएन।

## ७. स्पष्ट कार्यान्वयनकारी निकाय तथा अनुगमन संयन्त्रको कमी

फैसला कार्यान्वयन निर्दाशनालयले प्रभावकारी रूपमा फैसला कार्यन्वयन गर्न नसकेको भन्ने गुनासो अभिव्यक्त हुने गरेको छ। राजनीतिक तहमा धेरै चाँसो र सरोकार व्यक्त भएका विषयका फैसलाको कार्यान्वयनको विषयमा पृथक दृष्टिकोण राखु, पृथक विधि तथा रणनीतिको अख्तियार गर्नु र विशिष्टिकृत संयन्त्रको व्यवस्था हुनु आवश्यक ठानिएन। महान्याधिवक्ताको भूमिका पनि यस किसिमका फैसला तथा नजिरको परिपालना गराउने कुरामा स्वतन्त्र र प्रभावकारी हुन सकेन। फैसला कार्यान्वयन तथा न्यायिक नजिर र सिद्धान्तको परिपालना गराउने विषयलाई आफ्नो दायित्वको रूपमा स्वीकार्ने सँस्थागत प्रवृत्ति विकास हुन सकेन। साथै अभियोजनात्मक स्वतन्त्रताको संवैधानिक प्रत्याभुति पनि सङ्क्रमणकालीन न्यायको सन्दर्भमा फिका हुन पुग्यो। राजनीतिक प्रभावका कारण सर्वोच्च अदालतले अनुसन्धान र अभियोजन गर्न भनेका विषयहरू कार्यान्वयन हुन सकेनन्।

## ८. अवज्ञा गर्नेलाई जवाफदेही बनाउने परिपाटीको कमी

फैसलाको अवज्ञा गर्दा वा परिपालना नगर्दा कसैले पनि कुनै परिणाम भोग्नु पर्ने अवस्था देखिएन। जवाफदेही नबन्दा पनि कुनै दण्डभार बेहोर्नुपर्ने परिपाटी नभएपछि अदालतको आदेश वा फैसलाको परिपालना नगर्ने प्रवृत्तिलाई प्रश्रय मिल्यो। अदालतको अवहेलनाबाहेक अधिकारीलाई उत्तरदायी बनाउने प्रणाली सुनिश्चित गर्ने कानुनी व्यवस्था भएन। आदेश/फैसलाको अवज्ञा भएको विषय अदालतको प्रष्ट

जानकारीमा हुँदाहुँदै अदालतले पनि सक्रिय रूपमा अवहेलनाको कारबाई अगाडि बढाएर परिपालना नगर्ने प्रवृत्तिविरुद्ध पाइला चाल्न सकेको पाइँदैन।

### ९. संरचनागत तथा व्यावहारिक समस्याहरू

सरोकारवालाहरूले फैसला परिपालना नहुनुको पछाडि बहुधा कारणहरू रहेको औँल्याएका छन्। समूहकेन्द्रित छलफलमा संरचनागत तथा व्यावहारिक कारण औंलिएका छन्। यस्ता समस्यामा फैसलामा गरिएको व्याख्यामा अर्थप्रष्टताको कमी, फैसलाको पूर्ण पाठ समयमा नआउनु, पूर्ण पाठ आए पनि त्यसलाई सम्बन्धित सरोकारवाला निकायमा पुग्नमा ढिलाइ, त्यसपछि ताकेता नहुनु, निवेदकले पनि फैसलाको कार्यान्वयन प्रति चाँसो नदेखाउनु जस्ता कुरा देखिएका छन्।

## ४.४. फैसला कार्यान्वयन नहुनाको परिणाम

न्यायिक निकायबाट हुने कुनै पनि फैसला कार्यान्वयन हुनुपर्दछ। फैसलाको प्रभावकारी कार्यान्वयन भएमा मात्र उत्तरदायित्वको परिपालना भएको अनुभूति जनसाधारणले गर्दछन्। यसले न्यायप्रतिको जनविश्वास अभिवृद्धि हुनुका साथै कानूनी शासन सुदृढीकरणका लागि मद्दत पुग्दछ। फैसला कार्यान्वयन नहुँदा यस्तो परिणाम आउन सक्छ:

### १. नेपालको सङ्क्रमणकालीन न्यायको बढ्दो अन्तर्राष्ट्रियकरण

राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले सन् २०११ जुनमा एक प्रतिवेदन मार्फत नेपालमा मुद्दा फिर्ता लिने कार्य राजनीतिक सम्बन्ध भएका व्यक्तिहरूलाई फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिनको लागि दुरूपयोग भएको र यसले व्यावहारिक रूपमा दण्डहीनताको स्थिति सिर्जना गर्दै लगेको तर्फ ध्यानाकर्षण गरायो।[११४] अदालतको फैसलाविपरीत भएका मुद्दा फिर्ता लिने कार्यहरूले मानवअधिकार हनन गर्ने दोषीहरूले फौजदारी उत्तरदायित्व बहन गर्नु नपर्ने संस्कारको विकास भएको कुरामा अन्तर्राष्ट्रिय समुदायको चासो बढ्दै गयो। यसैगरी सन् २०११ संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्मा भएको नेपालको मानवअधिकारको स्थितिको प्रथम समिक्षा हुँदा पनि अदालतको आदेशको परिपालना नभएको तथा गम्भीर अपराधमा मुद्दा फिर्ताको प्रवृत्ति लगायतका विषयलाई जोडदार रूपमा उठाइएको थियो।[११५]

---

११४ National Human Rights Commission and OHCHR, Remedies and Rights Revoked: Case Withdrawals for Serious Crimes in Nepal, 2011 हेर्नुहोस् प्रतिवेदनको पेज २ -Case withdrawals have effectually served to protect politically connected individuals from criminal accountability, promoting a policy of de facto impunity_ Available at: http://nepal.ohchr.org/en/resources/publications/2011/2011*_06_23_Case_Withdrawals_for_Serious_Crimes_in_Nepal_E.pdf*

११५ हेर्नुहोस् UPR Report : Its Recommendations, Action Plan and Implementation Status, Government of Nepal, Office of the Prime Minister and Council of Ministers, page, 70 (e.g. Recommendation no 106.8*: Ensure that all decisions from the judiciary, regarding those presumed responsible for serious human rights violations during and after the conflict, are fully respected by all concerned institutional actors, particularly by the army and the police forces (France); Tackle impunity by investigating and prosecuting human rights violations and abuses committed by state and non-state actors during and since the conflict, implementing court orders including on the Nepal Army, and ending political interference* (United Kingdom)). Available at: ;*http://www.opmcm.gov.np/uploads/resources/file/UPR%201st%20Report_201503 23070658.pdf*

मानवअधिकार उच्चायुक्तको कार्यालयले सन् २०१२ मा सार्वजनिक गरेको नेपाल द्वन्द्व प्रतिवेदन[११६] एवम् मानवअधिकार परिषद्मा हालै भएको नेपालको विश्वव्यापी मानवअधिकार स्थितिको समीक्षा, २०१५ मा न्यायिक निर्णयको अवज्ञा लगायतका विषय महत्त्वका साथ उठ्नु र तिनको परिपालनाको लागि महत्त्वपूर्ण सिफारिस हुनुले पनि व्यापक अन्तर्राष्ट्रियकरण हुँदै गएको देखाउँछ।

## २. पीडितले मानवअधिकार समितिलगायतका संयन्त्र गुहार्ने प्रवृतिमा बृद्धि

नेपालको कानून प्रणालीबाट कानुनी उपचार इन्कार गरिएको वा प्रभावकारी नभएका कारण राष्ट्रसंघीय मानवअधिकार समितिमा मुद्दा पुगेका र त्यहाँबाट राज्यलाई जवाफदेही बनाउने कार्य भएको उदाहरणहरू छन्। उदाहरणको रूपमा समितिले यशोदा शर्मा वि. नेपाल सरकार (८ अक्टोवर २००८), युवराज गिरी वि. नेपाल सरकार (२४ मार्च २०११) र देवबहादुर महर्जन वि. नेपाल सरकार (२७ जुलाई २०१२) लगायतका मुद्दाहरूमा[११७] नेपालले बेपत्ता तथा यातना लगायतका मानवअधिकार उलङ्घनको अनुसन्धान गरी जिम्मेवार व्यक्तिलाई न्यायिक कारबाईमार्फत पीडितलाई प्रभावकारी कानूनी उपचार प्रदान गर्नुपर्ने दायित्व सम्झाएको पाइन्छ।[११८]

## ३. विश्वव्यापी क्षेत्राधिकारप्रतिको आकर्षण

गम्भीर मानवअधिकार उलङ्घनमा फौजदारी उत्तरदायित्व बहन गराउने विषय राज्यका कुनै निकायको तजबिजको विषय होइन र बनाउन सकिँदैन। यस्ता अपराधहरू पीडितका विरुद्ध मात्रै लक्षित नभई सिङ्गो मानवसमाज र मानवताविरुद्ध लक्षित हुने हुनाले पीडित मात्रको इच्छाले पनि फौजदारी दायित्वबाट उन्मुक्ति पाउने विषय बन्न सक्तैनन्। यस्ता अपराधहरूमा क्षमादान, माफीमिनाहा, मुद्दा फिर्ता वा हदम्याद सङ्कुचन (मुद्दा दायर गर्ने समयसीमा) जस्ता दण्डहीनता बढाउने कुनै कुरा लागू हुँदैनन्। कुनै विशेष परिस्थिति फौजदारी उत्तरदायित्वलाई बाहेक गर्ने वा पन्छाउने आधार हुन सक्दैन। मुलुकभित्र यिनको उचित सम्बोधन नभएमा यस्ता अपराधहरूमा विश्वव्यापी क्षेत्राधिकारको प्रयोगका लागि दबाब बढ्दै जान्छ।

नेपाल राष्ट्रसङ्घको सदस्य रहेको र थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिसम्झौताको पक्षराष्ट्र हुनुको नाताले यो अन्तर्राष्ट्रिय कानून प्रणालीबाट पनि निर्दिष्ट छ। अन्तर्राष्ट्रिय कानूनमा आमसंहार, मानवताविरुद्धको अपराध, युद्धअपराध, यातना तथा बेपत्ता लगायतका गम्भीर उलङ्घनहरू कठोर फौजदारी कसुर मानिएका

---

११६ राष्ट्र संघीय मानवअधिकार उच्चायूक्त कार्यालयको नेपाल द्वन्द्व प्रतिवेदन २०१२ (वि.सं २०६९), पेज १९८ देखि २०० सम्म। उदाहरणको लागि प्रतिवेदनले रक्षा मन्त्रालयलाई न्यायिक आदेश अनुसारका प्रहरी अनुसन्धान तथा भावी सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्र लगायतद्वारा गरिएका कारबाहीमा पूर्ण रूपमा सहयोग गर्न सिफारिस गरेको पाइन्छ।

११७ मानवअधिकार समितिवाट भएका निर्णयहरू तथा तिनको कार्यान्वयन अवस्थाको वस्तृत विवरणका लागि Advocacy Forum, Nepal, JuRI-Nepal, TRAIL र REDRESS नामक संस्थाहरूले संयूक्त रूपमा सञ्चालनमा ल्याएको वेबसाईट हेर्नुहोसः http://realrightsnow.org/en/

११८ Shanta Sedhai, Ram Kumar Bhandari, (represented by counsel, Track Impunity Always-TRIAL), Kedar Chaulagain (represented by counsel, Advocacy Forum-Nepal, and Carla Ferstman, Redress Fund) Jit Man Basnet and Top Bahadur Basnet (represented by counsel, Track Impunity Always-TRIAL) Sharmila Tripathi (represented by counsel, Track Impunity Always-TRIAL) मा पनि मानव अधिकार समितिले नेपालको दायित्वको बारेमा बोली सकेको छ।

छन्। यस्ता अपराधको हकमा अभियोजन नगरे हस्तान्तरण गर भन्ने अन्तर्राष्ट्रिय प्रथागत कानूनको सर्वमान्य सिद्धान्त छ। यसैले यस्ता कसुरमा नेपालमा उन्मुक्ति दिइए तापनि अर्को मुलुकमा हुन सक्ने अभियोजन रोक्न राज्यले सक्दैन।

बेलायतको फौजदारी न्याय ऐन, १९८८ को दफा १३४ अन्तर्गत यातनासम्बन्धी कसुरमा नेपाली सेनाका महासेनानी कुमार लामाविरुद्ध चलाइएको कारबाई[११९] यसको उदाहरण छँदैछ। यो कारबाई अन्तर्राष्ट्रिय कानुनी दायित्वअनुरूपको राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको प्रयोग नगरी दण्डहीनतालाई निरन्तरता दिनुको परिणामस्वरूप हुन पुगेको कुरा निर्विवाद छ। अतः द्वन्द्वकालमा भएका मानवअधिकार उलङ्घनका विषयमा सर्वोच्च अदालत र मातहत अदालतहरूले गरेका फैसला/आदेशहरूको परिपालना नहुने हो भने द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उलङ्घन वा ज्यादतीमा संलग्न नेपाली नागरिकविरुद्ध अन्य देशमा फौजदारी कारबाई चल्ने त्रास अझ बढेर जाने देखिन्छ।

११९ International Commission of Jurists (ICJ), Nepal: the Case of Colonel Kumar Lama The Application of Universal Jurisdiction, Questions and Answers, Available at: *http://icj.wpengine.netdna-cdn.com/wp- content/uploads/2013/09/LAMA-leaflet-print-final.pdf*

# परिच्छेद - पाँच

## निष्कर्ष तथा सिफारिसहरू

अदालतबाट भएका फैसला वा आदेशको यथासमयमा पालना गर्नु सरकार तथा नागरिक सबैको कर्तव्य हो। फैसलाको कार्यान्वयनमा नै अदालतबाट प्रदान गरिने उपचारको प्राप्ति हुन्छ। यसको अभावमा न्यायिक उपचारको कुनै महत्त्व रहँदैन। अदालतका फैसला कार्यान्वयन नहुँदाका अवस्थामा कानूनी शासनको कुनै सम्भावना नै रहँदैन। फैसला कार्यान्वयन नहुनुले अन्ततः राज्यले अँगालेको लोकतान्त्रिक शासन प्रणालीका आधारभूत स्तम्भहर नै खलवललिन पुग्दछन्।यस अध्ययनले फैसला वा आदेशहरूको सान्दर्भिक विश्लेषणबाट निम्न अनुसार निष्कर्ष निकाल्दै खासखास सुझाब पनि सिफारिस गरेको छः

### ५.१ निष्कर्ष

सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्थाको यस अध्ययनमा गरिएको तथ्यगत विश्लेषण तथा लेखाजोखाको परिणामले नेपालमा सङ्क्रमणकालीन न्यायको स्थिति पूर्णतः सकारात्मक भएको देखाउँदैन। माथि प्रस्तुत विवरण तथा विश्लेषणका आधारमा अध्ययनकर्ताको निष्कर्ष निम्नानुसार छः

क. अध्ययनमा समावेश गरिएका २९ फैसलाहरूमध्ये १६ वटा फैसलाहरू कार्यान्वयन भएको नदेखिँदा पीडितले फैसला अनुसार न्याय नपाएको जस्तो देखिन्छ। यस्तो अवस्था यस अघि सार्वजनिक सरोकारका विवादमा सर्वोच्च अदालतले गरेका आदेशहरूको कार्यान्वयनको अवस्थासँग पनि सामिप्यता राख्दछ।[१२०]

ख. अध्ययनमा समावेश गरिएका फैसलाहरूमध्ये कार्यान्वयन भएका फैसलाहरूको सङ्ख्या छ वटा रहेको देखियो। सात वटा मुद्दा आंशिक रूपमा कार्यान्वयन भएको देखियो। तुलनात्मक रूपमा कार्यान्वयन नभएका आदेशहरूको बाहुल्यता रहेको देखियो।

ग. नेपालमा सशस्त्र द्वन्द्वको अन्त्य भई प्रजातान्त्रिक पद्धतिको रूपमा रहेको निर्वाचनमा बहुमत प्राप्त गर्ने दलले सरकारको नेतृत्व गर्ने अभ्यास भए तापनि यसको अर्को पाटोको रूपमा रहेको अदालतको फैसलालाई ससम्मान पालना गर्ने अभ्यास सकारात्मक रूपमा अवलम्वन भएको देखिएन।

---

१२० राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालले अध्ययनको क्रममा संकलन गरिएका २०० वटा निर्देशनात्मक आदेशहरूमध्ये ७२ वटा आदेश पूर्ण रूपमा कार्यान्वयन भएको उल्लेख गरेको छ। नौं वटा आदेश आंशिक रूपमा कार्यानवयन भएका र ६७ वटा आदेशहरू कार्यान्वयनको प्रक्रियामा रहेका र २२ वटा कार्यान्वयन नै नभएका र ३० वटा आदेशको कार्यान्वयनको अवस्था सम्बन्धमा कुनै जानकारी प्राप्त हुन नआएको उल्लेख छ। हेर्नुहोस् श्यामकुमार भट्टराई र उमेश कोइराला, **सर्वोच्च अदालतद्वारा जारी गरिएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्थाः अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०७२,** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल।

घ. फैसला कार्यान्वयन नहुनाको मुख्य कारण राजनीतिक तहबाट भएको हस्तक्षेप हो भन्ने अनुसन्धानकर्ताहरूको बुझाइलाई अधिकांश सरोकारवालाहरूको भोगाइसँग मिल्न आएको देखियो। सरोकारवालाहरूले यस्तो हस्तक्षेप नीतिगत रूपमा केन्द्रबाट सुरु हुने र कार्यान्वयनका क्रममा स्थानीय तहसम्म पनि कायम रहने गरेको बताएको पाइन्छ।

ङ. रिट क्षेत्राधिकार अन्तर्गत भएका आदेश कार्यान्वयन नहुनुमा हाल विद्यमान संरचना प्रयाप्त भएको र भएको संरचनामा पनि कानूनी अधिकारको अभाव रहेको पाइयो। महान्यायाधिवक्ताको संवैधानिक दायित्व पालनाको निम्ति चाहिने ऐन नियम वा संरचनाको अभाव देखिन्छ।

च. यस अध्ययनबाट कतिपय चाखलाग्दा तथ्यहरू पनि उजागर भएका छन्। फैसला कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरूसँग गरिएको छलफलमा सशस्त्र द्वन्द्वका समयका कतिपय पीडितले दोषीलाई कारबाई गर्न अदालतले दिएको आदेश कार्यान्वयन नहुनु पनि राम्रो हो भन्ने धारणा व्यक्त गरेको पाईयो। उनीहरुको विचारमा समाजमा वन्दै गएको मेलमिलाप तथा शान्तिको अवस्थालाई कायम गरी पुनःस्थापना तथा पुनर्निर्माणको कार्य अघि बढाउन लागि फौजदारी कारबाईले नकारात्मक प्रभाव पार्न सक्ने भन्ने रहेको पाईन्छ।

छ. सङ्क्रमणकालीन न्याय सम्बन्धमा अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन नहुनाका गम्भीर परिणामहरू देखा परिसकेका छन्। आन्तरिक रूपमा यसले मानवअधिकारको गम्भीर उलङ्घनमा संलग्न व्यक्तिलाई कानुनी उत्तरदायित्व बहन गर्नबाट उन्मुक्ति प्रदान गरेको पाइयो। अन्ततः यसले दण्डहीनतालाई मलजल गरेको छ। परिणामतः सरकारी पदाधिकारी, कुनै दलका नेता वा कार्यकर्ता तथा कुनै कुनै समूहका तर्फबाट भएका फौजदारी अपराधलाई राज्यले दण्ड दिन सक्दैन भन्ने संस्कारले जरो गाड्दै गएको पाइन्छ। यस्ता अपराधबाट पीडित लगायत सबै व्यक्तिको राज्य संयन्त्रप्रति विश्वास गुम्दै जाने अवस्था पनि सिर्जना भएको भन्ने पाइयो।

ज. फैसला कार्यान्वयन नहुनाको कारण बाह्य प्रभाव पनि हो भन्ने पाइयो। त्यसको एउटा स्वरूप सशस्त्र द्वन्द्वका अवधिमा नेपालमा भएका मानवअधिकार हननका सम्बन्धमा अन्य देशले विश्वव्यापी क्षेत्राधिकारका आधारमा अधिकारक्षेत्र ग्रहण गरी नेपाली सुरक्षा निकायका पदाधिकारीहरू उपर कारबाई चलाउनु हो। यो अभ्यास बढ्दै जाने सम्भावना देखिन्छ। मानवअधिकार समितिमा नेपालका विरुद्ध परेका व्यक्तिगत उजुरीहरूको अधिकांश सङ्ख्या सशस्त्र द्वन्द्वका अवधिमा भएका मानवअधिकार हननका सम्बन्धमा परेको देखिन्छ।

झ. अन्तर्राष्ट्रिय समुदाय खासगरी संयुक्त राष्ट्रसङ्घको नेपालका सम्बन्धमा रहेको मुख्य सरोकार विगतमा भएका मानवअधिकार हननको सम्बोधनमा रहेको उदासीनता पनि रहेको देखिन्छ। विशेष गरी अदालतबाट आदेश हुँदा पनि व्यक्ति बेपत्ता पर्ने कार्यलाई अपराध घोषणा गरी कानून निर्माण तथा संशोधन नभएका कारणले बेपत्ता व्यक्ति छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई उक्त संस्थाले सहयोग गर्न नसक्ने जनाएको पाइन्छ।[१२१]

---

१२१ Nepal: OHCHR position on UN support to the Commission on Investigation of Disappeared Persons and the Truth and Reconciliation Commission (16 February 2016).

## ५.२ सिफारिसहरू

यस अनुसन्धान अध्ययनले सङ्क्रमणकालीन न्याय सम्बन्धमा अदालतबाट भएका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाई कानुनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न, पीडितलाई उपचार प्रदान गर्न तथा अन्तर्राष्ट्रिय तहमा नेपालमा मानवअधिकारको संरक्षणका सम्बन्धमा सकारात्मक सन्देश प्रवाह गर्नका लागि देहायका सिफारिसहरू औँल्याएको छ।

क. फैसला कार्यान्वयनको आवश्यकता र फैसला कार्यान्वयन नहुँदा पर्न सक्ने गम्भीर नकारात्मक असरका वारेमा राजनीतिक नेतृत्व सचेत भएको देखिएन। यस विषयमा राजनीतिक नेतृत्वलाई जानकारी गराउने कार्यक्रम सरकारका तर्फबाट सञ्चालन गर्न आवश्यक देखिन्छ।

ख. फैसला कार्यान्वयनको अभावले प्रजातान्त्रिक व्यवस्थाप्रति जनताको नकारात्मक धारणा विकास हुने र सरकारको कार्यात्मक वैधानिकतामा समेत क्षयीकरण हुने अवस्था सिर्जना हुन्छ। प्रजातान्त्रिक पद्धतिको सुनिश्चितताको निमित्त सरकारले अदालतको फैसला कार्यान्वयनलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्न आवश्यक संयन्त्रको स्थापना गर्न उपयुक्त देखिन्छ।

ग. क्षतिपूर्ति वा राहत उपलब्ध गराउनु पर्ने गरी भएका फैसलाहरू अधिकांश कार्यान्वयन भएको देखिएका छन्। तर फौजदारी कारबाई अघि वढाउनु पर्ने भनी भएका फैसलाको कार्यान्वयनमा न्यूनता देखिन्छ। फौजदारी कारबाईलाई क्रियाशील बनाउनका लागि अनुसन्धानकर्ता, अभियोजनकर्ता र अदालत समेतको क्षमता अभिवृद्धि गर्न अनिवार्य देखिन्छ।

घ. फैसला कार्यान्वयन निर्देशनालयलाई अझै प्रभावकारी बनाई सङ्क्रमणकालीन न्यायका सन्दर्भमा भएका फैसला कार्यान्वयन गर्न सो निर्देशनालयमा छुट्टै शाखाको स्थापना गरी अभियानको रूपमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ। हाल यस महाशाखालाइ भएको अधिकारमा वृद्धि गरी अदालतको आदेश कार्यान्वयन नगर्ने अधिकारीलाई जवाफदेही वनाउन विभागीय कारवाही गर्न सक्ने अधिकार यो शाखालाइ दिन उपयुक्त हुन्छ।

ङ. रिट क्षेत्राधिकारअन्तर्गत भएका आदेशको कार्यान्वयनमा कानूनी र संरचनागत अभाव देखिएकाले त्यस्तो संरचना वनाउनु पर्ने देखिन्छ।

च. महान्यायाधिवक्ताको कार्यालयले फैसला कार्यान्वयनलाई आफ्नो जिम्मेवारीको रूपमा ग्रहण गर्न आवश्यक देखिन्छ। सङ्क्रमणकालीन न्यायका सन्दर्भमा भएका फैसलाहरूको कार्यान्वयनको अनुगमन गर्न गराउन विशेष संयन्त्र बनाउनु आवश्यक देखिन्छ।

छ. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगले कार्य सम्पादन गर्दा समेत फैसलाबाट भएका मार्गनिर्देशनलाई कार्य सञ्चालन नियमावलीमा नै समावेश गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी फैसलाहरूको आफू पनि पालना गर्ने र अरू निकायले पनि पालना गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी निर्वाह गरेमा मात्रै आयोगहरूको वैधतामा पनि अभिवृद्धि हुन जाने देखिन्छ।

ज. सशस्त्र द्वन्द्वका अवधिमा भएका मानवअधिकार हननका विषयमा मानवअधिकार आयोगबाट भएका छानबिन समेतका निष्कर्ष र अदालतबाट भएका फैसलाहरूको पनि सामान्जस्यपूर्ण कार्यान्वयनको

आवश्यकता छ। यसका लागि महान्यायाधिवक्ताको कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्न आवश्यक देखिन्छ।

झ. विगतमा भएका मानवअधिकारको उलङ्घनमा अन्तर्राष्ट्रिय समुदायको चासो गम्भीर रूपमा रहिआएको देखिन्छ। उक्त समुदायले सो चासोलाई व्यवहारमा उतार्नका निमित्त फैसला कार्यान्वयनमा संलग्न हुने निकायहरूको क्षमता बढाउनका लागि सहयोग गर्न आवश्यक देखिन्छ।

ञ. यस अध्ययनमा मुद्दालाई अध्ययनको एकाइ मानी विश्लेषण गरिएको छ। आदेशअनुसार गर्नुपर्ने कामलाई एकाइ मानी थप फैसलासमेत समावेश गरी विस्तृत अनुसन्धान गर्न सकिन्छ।

# अनुसूची -१

## फैसला वा आदेश पूर्णरूपमा कार्यान्वयन भएका मुद्दाहरूको विवरण

| क्र.सं | पक्ष/ विपक्षी | संक्षिप्त तथ्य | आदेशको व्यहोरा | कार्यान्वयन गर्ने निकाय | कार्यान्वयनको अवस्था र स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कर्णबहादुर रसाईली वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत | रिना रसाइलीको बलात्कार गरी हत्या गरेको सम्बन्धमा अनुसन्धान गरी पाउन दिएको जाहेरी दर्खास्त अनुसार शिघ्र अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको आदेश अनुसार अनुसन्धान कार्य गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मिति २०६७।६।१ मा उपसेनानी सरोज बस्नेत र अ.म. काजीबहादुर कार्की समेत उपर ज्यान सम्बन्धी महल अनुसार कर्णबहादुर रसाइलीले सजाय माग दावी। | जाहेरी दरर्खास्त उपर अनुसन्धान तहकिकातका कार्यलाई उक्त प्रहरी कार्यालयले जिम्मेवारी पूर्वक प्रभावकारी ढङ्गले अगाडि बढाई कानूनी कर्तव्य पूरा गरेको नदखिँदा उक्त जाहेरी दरर्खास्त अनुरूप शीघ्र अनुसन्धान तहकिकात पूरा गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी। | जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत | अदालतको आदेश कार्यान्वयन भएको। | |
| २ | देवी सुनुवार वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक समेत | मिति २०६०।११।५ गते विहानको ६ बजेको समयमा वीरेन्द्र शान्ति तालीम केन्द्र पाँचखालबाट सेनाका पोशाक लगाएका तत्कालीन सेनाका मानिसहरू घरमा गई वर्ष १५ कि मैना सुनवारलाई पक्राउ गरी पाँचखाल सेनाको ब्यारेकमा यातना दिएको। तत्कालीन सेनाको पाँचखाल क्याम्पमा कार्यरत रहेका महासेनानी बबी खत्री, ऐ. मा कार्यरत सहसेनानी अमृत पुन, ऐ. मा कार्यरत सहसेनानी सुनिल अधिकारी | मृतक मैना सुनुवारको मृत्यु नेपाली सेनाको सोधपुछको क्रममा अपनाएको गलत प्रक्रिया एवम् प्रविधिसमेतको कारण भएको तथ्य सैनिक अदालतको फैसला समेतबाट स्पष्ट भै रहेको अवस्थामा मृत्यु जे जस्तो अधिकारीको कारणबाट भएको भए तापनि मृत्यु अपराधजन्य कृयाकलापबाट भए नभएको र मुद्दा चल्ने अवस्था रहे नरहेको भन्ने कुराको सम्बन्धमा | जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक | कार्यान्वयन भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समेतको कामकारबाईले मैनाको मृत्यु भएकोले निजहरूउपर सैनिक अदालतबाट जंगी कारबाई गरिएको भनी सेनाको मुख्यालयले सार्वजनिक गरेको।<br>यस्तो अपराधजन्य कार्यको सम्बन्धमा निर्णय गर्ने क्षेत्राधिकार सैनिक अदालतलाई प्रष्टसँग Exclude गरेको छ। यस स्थितिमा त्यस्ता मुद्दाको सुनुवाइ सामान्य अदालतबाट सामान्य मुद्दासरह हुनुपर्ने प्रष्ट छ। कर्तव्यपूर्ण ढङ्गबाट हत्या गर्ने कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत भै सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्दछ। दोषीउपर कानूनबमोजिम कारबाई गरी पाउन घटनाको उजुरी गरेकोमा लामो समयसम्म पनि दोषी उपर कारबाई नगरे पनि कानूनबमोजिमको कारबाई गरी पाऊ भनी कार्तिक २७, २०६२ का दिन जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा म सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३(१)(२) बमोजिम दरखास्त गर्न जाँदा ऐ. दफा ३(४) बमोजिम तोकिएको दर्ता किताबमा दर्ता गर्नुपर्नेमा सैनिकहरू विरुद्ध जाहेरी दर्ता गर्न प्रहरी कर्मचारीले इन्कार गरेकोले ऐ. दफा ३(५) बमोजिम सोही दिन जिल्ला प्रशासन कार्यालयमा सो | जिम्मेवार र प्रभावकारी रूपबाट अनुसन्धान तहकिकात गरी मुद्दा चल्ने अवस्था भए सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको उल्लिखित व्यवस्था बमोजिम मुद्दा चलाउनु पर्नेमा २०६२।७।२७ को जाहेरीको सम्बन्धमा हाल यति लामो समय विति सक्दा पनि अनुसन्धान तहकिकात प्रभावकारी रूपमा भएको नदेखिँदा यो आदेश प्राप्त भएको मितिले ३ महिना भित्र अनुसन्धान पूरा गर्नु। | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जाहेरी दरखास्त गराएको।<br>प्रस्तुत जाहेरी दरखास्तका आधारमा कानून बमोजिमको अनुसन्धानको काम तत्काले अगाडि बढाई यथाशीघ्र अभियुक्तलाई पक्राउ गरी अभियोग दावी दायर गर्नु भनी तथा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले तोकेको कर्तव्य पूरा गर्नु भनी विपक्षी निकायहरूको नाउँमा संविधानको धारा ८८(२) बमोजिम परमादेश लगायत जो चाहिने आदेश जारी गरी अनुसन्धानको काम यथाशीघ्र अगाडि बढाउने व्यवस्था मिलाई पाऊ। | | | | |
| ३ | अधिवक्ता गोविन्द शर्मा वन्दी वि. महान्याधिवक्ता मुक्ति प्रधान समेत | द्वन्द्वकालमा दैलेखमा मारिएका पत्रकार डेकेन्द्र थापाको हत्या सम्बन्धमा अनुसान्धान भई केही प्रतिवादीहरू पक्राउ परी अदालतबाट म्याद थप भएको अवस्थामा महान्यायाधिवक्ताले प्रहरी प्रधान कार्यालयलाई अनुसन्धान प्रक्रिया रोक्नु भनी दिएको निर्देशन बदर गरी पाउन माग। | सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी अनुसन्धानको प्रक्रिया जारी राख्न निर्देशन। | नेपाल प्रहरी र सरकारी वकिल। | कार्यान्वयन भई मुद्दा जिल्ला अदालतमा दायर भएको र फैसला समेत भएको। | कार्यन्वयन भएको। |
| ४ | सुकदेव राय यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा | जाहेरीबमोजिम कारबाई चलिरहेको अवस्थामा विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयसमेतबाट मिति २०६७।३।१६ मा कर्तब्य ज्यान मुद्दा फिर्ता लिने निर्णय भएकाले बिपक्षीहरूको मुद्दा फिर्ता गर्ने निर्णय गैरसंवैधानिक, | मन्त्रिपरिषद्बाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग पटकपटक गरी मुद्दा फिर्ता लिने गरेको देखिएको र सो प्रयोगमा विविध र परस्पर विरोधी आधारहरू लिने गरेको देखिएकोले निम्न कुराहरूमा ध्यान | नेपाल सरकार, मन्त्रिपरिषद्, गृह मन्त्रालय। | नेपाल सरकारवादी भई चलाएका मुद्दाहरू फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ ले जाति हत्या, युद्ध अपराध | आदेशले माग गरे अनुसार कतिपय कुराहरूलाई मुद्दा फिर्ता सम्बन्धी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मन्त्रिपरिषद्को कार्यालय समेत। | गैरकानूनी एवम् मौलिकहकसमेतको हनन भएकोले सो निर्णय वदर गरी पाउन आदेश जारी भएको। | दिएर मात्रै उक्त दफा २९ को प्रयोगतर्फ विचार गर्नु भनी नेपाल सरकार र विचाराधीन मुद्दाको हकमा बारा जिल्ला अदालतको नाममा समेत परमादेशको आदेश जारी भएकोः—<br>• फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि २०५५ को मापदण्डको प्रकरण ४ मा उल्लिखित अपराधहरूका अतिरिक्त गम्भीर प्रकृतिका नियतवस गरेको हत्या, राज्य विरुद्धका अपराध, युद्ध अपराध, मानवअधिकार र क्रूर र अमानविय प्रकृतिका मानवता विरुद्धको अपराध, संगठीत अपराध, महिला एवम् बालबालिका विरुद्धको अपराध, जाति हत्या, सार्वजनिक हक विरुद्धको अपराध लगायतमा मुद्दा फिर्ता लिने निर्णय नगर्नु,<br>• फिर्ता गर्नुपर्ने निर्णय गर्नुअघि सो गर्नुपर्ने मुनासिव कारण सम्बन्धमा मुद्दा चलाउने महान्यायाधिवक्ता वा अन्तर्गतको अभियोक्तासँग पनि परामर्श गरी मात्र मुद्दा फिर्ता गर्ने निर्णयको परिपाटी विकास गर्नु<br>• पीडितले क्षतिपूर्तिसमेत पाउने | | तथा मानवता विरुद्धको अपराध लगायतका मुद्दा फिर्ता गर्न नसकिने गरी व्यवस्था गरेको पाइन्छ। त्यसैगरी दफा ७ मा सरकारवादी मुद्दा फिर्ता लिन अनिवार्य रूपमा महान्यायधिवक्ता कार्यलयसंग परामर्श गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी नेपालको संविधान २०७२ को धारा १५८ (३) ले नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था छ। | कार्यविधि एवम् नयाँ संविधानमा व्यवस्था गरेको पाइन्छ। व्यवहारमा तीनको परिपालना कुनरूपमा हुन्छ हेर्न वाँकी छ। सामान्यतया राजनीतिक प्रभाव तथा शान्ति सम्झौताको गलत व्याख्याको कारण नै विगतमा मुद्दा फिर्ताले प्रश्रय पाएको देखिन्छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कानुनी व्यवस्था रहेकोमा मुद्दा फिर्ता लिँदा सो क्षतिपूर्ति पाउने कुरामा प्रतिकूल असर नपर्ने व्यवस्थामा विचार पुर्‍याउनु,<br>• जस्को हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको अवस्थाको प्रतिवादीको हकमा फिर्ता सम्बन्धी बिचार नगर्नु,<br>• जाहेरवाला वा पीडितलाई मुद्दा फिर्ताको सुनुवाइ प्रक्रियामा सहभागी हुन सक्ने गराउन सूचना दिई निजलाई आफ्नो कुरा भन्ने मौका प्रदान गर्नु,<br>• उल्लिखित कार्यको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०५५।५।१ मा स्वीकृत नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनुपर्ने मापदण्ड र कार्यविधिमा आवश्यक परिमार्जन गर्नू। | | | |
| ५ | नेपाल सरकार वि. गगन देव | मिति २०५६/१०/९ को वारदातमा जाहेरी परि रौतहट जिल्ला पिपरिहा गा.वि.स. वार्ड नं. २ घर भएका गगनदेव | पुनरावेदनको रोहमा विचाराधिन रहेको अवस्थामा मिसिलमा रहेको तथ्य अध्ययन गर्दा वारदात राजनीतिक | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को | कार्यान्वयन भएको | कार्यान्वयन भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राय यादवसमेत | राय यादव समेत ६ जना प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दा रौतहट जिल्ला अदालत र पुनरावेदन अदालत हेटौंडाबाट समेत फैसला भई पुनरावेदनको रूपमा सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई माओवादी जनयुद्धको क्रममा राजनीतिक प्रशोधनका कारण उक्त मुद्दा लगाइएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६ को उपधारा ३ सँग सम्बन्धित अनुसूची ४ मा उल्लेख भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.७ बमोजिमको आधारबाट मुद्दा फिर्ता लिने र सो व्यहोरा महान्यायाधिवक्ता मार्फत सर्वोच्च अदालतमा अनुरोध गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६५/९/२ को निर्णय र सो व्यहोराको महान्यायाधिवक्ताको पत्र सर्वोच्च अदालतमा पेश भएको। | कारणबाट सृजित भएको भन्ने वस्तुनिष्ठ रूपमा पुष्टि नभएको अवस्थामा कानून र संविधानको मुद्दा फिर्ता लिने व्यवस्था उल्लेख भएकै आधारमा मात्र प्रतिवादीहरूलाई दण्ड सजाय शुन्य बनाउन मुद्दा नै फिर्ता लिने आधार सन्तोषप्रद नदेखिएको हुँदा मागबमोजिम प्रस्तुत मुद्दा फिर्ता गर्न मञ्जुरी दिन मिलेन। | कार्यालय | | |
| ६ | राजेन्द्र ढकाल वि. नेपाल सरकार गृह मन्त्रालय समेत। | सशस्त्र द्वन्द्वका समयमा राज्यका तर्फबाट पगरिएका भन्ने विभिन्न ८० जना व्यक्तिहरूका तर्फबाट परेका फरक फरक वन्दीप्रत्यक्षिकरणका मुद्दाहरूमा सरकारका तर्फबाट पक्राउ नगरिएको भन्ने लिखित जवाफ परेको थयो। सर्वोच्च अदालतले त्यस्ता निवेदनहरूलाई एकैसाथ लगाउमा | हिरासतमा मृत्यु हुन गएको चक्रबहादुर कटुवालको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउन सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारी लगायतलाई विभागीय कारबाई र सजायको प्रक्रिया चलाई टुङ्गो लगाई दिनु।<br>हालसम्म स्थिति अज्ञात रहेको भनी | नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, कानून | पीडितलाई केहीहदसम्म रहात प्रदान गरिएको छ। राहत र क्षपिपुर्तिका सम्बन्धमा नियम तथा निर्देशिकाहरू वनाएर लागुगरेको देखिन्छ। | शान्ति सम्झौताको आ-आफ्नो हित अनुसारको वुझाई, जवाफदेहिता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राखी हेर्ने आदेश दियो। साथै निवेदनको प्रकृतिका आधारमा मात्रै कारबाई अघि बढाउन उपयुक्त नहुने हुँदा त्यस विषयमा छानबिन गर्न पुनरावेदन अदालतका मुख्य न्यायाधीशको अध्यक्षतामा बन्दी छानबिन समिति गठन गऱ्यो। सो समितिले दिएको प्रतिवेदनलाई अदालतले ग्रहण गरी सो समेतका आधारमा अन्तिम आदेश जारी गरेको थियो। | पहिचान गरिएका राजेन्द्र ढकाल, विपिन भण्डारी र दिलबहादुर राईको हकमा अनुसन्धान गरी मुद्दा चलाई न्याय दिन आवश्यक कानून निर्माण, बेपत्ता पार्ने कार्य गर्न जिम्मेवारलाई मुद्दा चलाउने र सम्बन्धी व्यक्ति तथा पीडित परिवारलाई कानून बमोजिमको क्षतिपूर्ति दिने।<br>पक्राऊ गरी पछि अज्ञात अवस्थामा पुऱ्याउने कार्यमा संलग्न सम्बन्धित निकायको प्रमुख तथा अन्य कर्मचारीहरूलाई विभागीय कारबाई गरी सजायसमेत गर्नु।<br>बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई मार्गनिर्देशकको रूपमा ग्रहण गरी कानून वनाउने।[१२२] | मन्त्रालय। | बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को निर्माण बेपत्ता नागरिको छानबिन आयोग गठन भएको छ। तथापी फैसलाले माग गरेको बेपत्तालाई आपराधिकरण गर्नेसम्बन्धी कानून निर्माण हुन सकेको छैन। फैसलाले चाहेजस्तो पीडित मैत्री | सुनिश्चित गर्ने राजनीतिक ईच्छा शक्तिको अभाव, फैसला कार्यान्वयन अवस्थाको अनुगमन नहुनु। |

१२२ त्यस्तो कानूनमा पक्रने, थुन्ने, वन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनुपर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार, निजहरूले प्राप्त गर्न सक्ने उपचार, निजहरूको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धान जस्ता विषयहरूमा संवोधन गरिएको अभावलाई पूर्ति गर्न वेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक वेपत्ता पारिएको कुरालाई वेपत्ता पारिएकाहरूको संरक्षण सम्बन्धी महासन्धि, २००६ मा समावेश गरिएको परिभाषा अनुरूप परिभाषित गर्न, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउंको किटान र थुनामा रहनेसंग नीजको वकिल र परिवारजनको सम्बन्ध र पहुंचको व्यवस्था, थुनुवालाई थुनाको कारण सहित सूचनाको हक, थुनुवाका न्यायिक उपचारको हकको व्यवस्था, गैरकानूनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखिएबाट वा वेपत्ता पारिएबाट पीडित भएका सम्बन्धित व्यक्ति तथा परिवारको क्षतिपूर्तिलगायतको उपचारको हक, अनुसन्धान प्रकृयालाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्याद सम्बन्धी व्यवस्था, गैरकानूनी थुनामा राखेको वा वेपत्ता गर्यो भन्ने सम्बन्धी उजुरी सुन्ने निकाय र तिनको उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनको लागि औपचारिक वन्दी गृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाको लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम नामेसी र ठेगाना लगायतका प्रासङ्गिक विवरणहरू र थुना हस्तान्तरण गर्दा पनि तदनुरूपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रकृयाको विकास, थुनावाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने शर्तहरूको व्यवस्था र निजको शारीरिक एवं मानसिक अवस्थाको अभिलेख राख्ने, सजाय तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्ने गरी व्यवस्था गर्नुपर्ने गरी फैसलाले मार्ग निर्देशित गरेको पाइन्छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा जाँचवुझ गर्ने आयोगको आधारहरू (Criteria for Commission on Enforced Disappearance) अनुरूप[१२३] बेपत्ता छानबिन आयोगको गठन गर्न उपयुक्त कानुनी प्रबन्ध गर्ने।<br><br>कानुनी व्यवस्था अनुरूप छानबिन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लिखित व्यक्तिहरूको हकमा छानबिन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौज्दारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु।<br><br>कानूनबमोजिम दिइने उपचारमा असर | | प्रक्रियाद्वारा आयोगको गठन हुन नसकेको गुनासो पीडित तथा नागरिक समाजको छ। फैसलामा आदेश गरिएअनुसार फौजदारी अनुसन्धान तथा अभियोजन हुन सकेको वा विभागिय कारबाई गरि गैरफौजदारी जवाफदेहिता बहन गराउन सकेको देखिँदैन। | |

१२३ फैसलामा मान्यता दिईएका त्यस्ता आधारहरूमा वेपत्ता पार्ने कार्य सम्बन्धि सबै घटनाहरूको जाँचवुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचवुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामको लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सोको लागि आवश्यक सेवा शर्त र सुविधाको व्यवस्था गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाति वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको काम कर्तव्य र अधिकार ऐनमा नै तोकिनुपर्ने, समस्याका प्रकृतिअनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीको आधारमा जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभएसम्म जाँचवुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचवुझको लागि महत्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनी रहनको लागि निजहरूको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरूले आफ्नो सरोकार र भनाई राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरूको भनाई गोप्य राख्न सकिने व्यवस्था, आयोगलाई आवश्यक ठाउँ, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्नुपर्ने देखिएका व्यक्तिहरू वुझ्ने लगायतको सबै अधिकार दिने कुराहरू पर्दछन।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुंच खोज्दा व्यहोर्नु परेको दायित्व बहन गर्न सघाउने सीमित उद्देश्यले तात्कालिक राहतको रूपमा मृत घोषित भएका परिवारलाई जनही २ लाख, सुरक्षाकर्मीले पक्राऊ गरी बेपत्ता पारिएको निष्कर्ष निकालिएको हकमा जनही एक लाख पचास हजार र वांकी निवेदनमा उल्लिखित स्थिति प्रष्ट नभएका व्यक्तिहरूको हकमा जनही एक लाख रुपैया तात्कालिक राहत अविलम्व उपलव्ध गराइ दिनु। पीडितहरूको लागि उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्नु। | | | |

# अनुसूची -२

## फैसला वा आदेश आंशिकरूपमा कार्यान्वयन भएका मुद्दाहरूको विवरण

| क्र सं | पक्ष/ विपक्षी | संक्षिप्त तथ्य | आदेशको व्यहोरा | कार्यान्वयन गर्ने निकाय | कार्यान्वयनको अवस्था र स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्णिमाया लामा वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत | अर्जुनबहादुर लामा श्रीकृष्ण माध्यामिक विद्यालयमा २०६२।१।१६ गते स्वागत कार्यक्रममा भाग लिई रहेको अवस्थामा माओवादीको एक समूह आई तपाईसँग केही कुरा गर्नुछ भनी कार्यक्रम स्थलबाटै अपहरण गरी लिई गएका थिए। यसरी लिएर गएपछि माओवादीहरूले काभ्रेपलाञ्चोक जिल्लाकै विभिन्न गाविसहरू घुमाउदै बुढाखानी गाविसको चार किल्ला क्षेत्रमा पुर्‍याई २०६२ साल आषाढको दोस्रो हप्तामा हत्या गरेका थिए। यसरी गैरकानुनी रूपमा हत्या गर्ने कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत भएको र | जिल्ला प्रशासन कार्यालयले विपक्षी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकलाई च. नं. ३४५८ मिति २०६४।३।२४ मा लेखेको पत्र र सोही आधारमा दरपीठ गरी २०६४।३।२६ को पत्रद्वारा निवेदिकालाई जानकारी दिएको त्यस्तो कानून विपरीतको निर्णय तथा काम कारबाई कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। यी निवेदिकाले २०६४।३।२१ मा दिएको जाहेरी दरखास्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३ अनुरूप दर्ता गरी कानून बमोजिम अरू कारबाई गर्नु भनी विपक्षी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेतका नाममा परमादेशको आदेश समेत जारी। | जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत | आंशिक कार्यान्वयन भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अपराधीहरू सोही महलको १३(३) नं बमोजिम सजायको भागिदार भएकोले आवश्यक कारबाई गरी पाउन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम किटानी जाहेरी दर्ता गर्न मिति २०६४।३।२१ मा जिल्ला प्रहरी कार्यालयले उक्त ऐनको दफा ३(४) बमोजिम तोकिएको दर्ता किताबमा दर्ता गर्नुपर्नेमा दर्ता र दरपीठ गर्न प्रहरी कर्मचारीले इन्कार गरेकोले दफा ३(५) बमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन गरेको। जिल्ला प्रशासन कार्यालयले २०६४।३।२४ को लामाका आफन्तलाई बोधार्थ पत्र पठाई जाहेरी व्यहोराको बारेमा जानकारी गराई जिल्ला प्रहरी कार्यालयलाई दरपीठ गरिदिन अनुरोध गरिएबमोजिम २९६४।३।२६ मा निवेदन दरपीठ गरेको व्यहोरा समेतको जानकारी गराएको। | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रहरी कार्यालयले रीतपूर्वकको जाहेरी दर्ता नगरिकन विपक्षी जिल्ला प्रशासनको कार्यालयको २०६४।३।२४ को निर्देशन बमोजिम २०६४।३।२६ मा दरपीठ गर्ने गरी भएको विपक्षी जिल्ला प्रहरी कार्यालयको आदेश सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३ तथा अन्तरिम संविधानको धारा १३ समेत विपरीत हुँदा संविधानको धारा ३२ र १०७(३) बमोजिम सो आदेश र सो सम्बन्धमा भए गरेका अन्य काम कारबाईहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी सो जाहेरी दर्ता गरी कानून बमोजिम प्रभावकारी अनुसन्धान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी गरी पाऊ। | | | | |
| २ | काले तामाङ वि. नेपाल सरकार, प्रधानमन्त्री | मिति २०५९।०८।११ गते राती घरतर्फ फर्कदै गरेका अवस्थामा नुवाकोट जिल्ला, काहुले गा.वि.स. वडा नं. ४ बाल गाउँमा | मृतकहरूलाई राज्य पक्षले गैरकानुनी ढगंले गोली हानि हत्या गरेको हुँदा सो घटनाबाट मृतकहरूको आश्रित परिवारमा पुग्न गएको क्षति र असर वापत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। नेपाल सरकार, | मिति २०६०।०१।०२ मा जनही एक लाखका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सुरक्षा फौजले गैरकानुनी ढङ्गले गोली चलाई निर्दोष परिमान तामाङ, समेत ५ जनाको हत्या गरेको हुदां उक्त घटनाको छानबिन गरी न्यायोचित क्षतिपूर्ति दिलाई गैरकानुनी ढङ्गले ज्यान लिने कार्यमा संलग्न सुरक्षा अधिकारीलाई दण्ड सजाय गरी पाउँन आदेश माग गर्दै रिट निवेदन दायर भएको | सम्बन्धमा पीडितलाई क्षतिपूर्ति उपलव्ध गराउन र सो घटनाको स्वतन्त्र रूपमा छानबिन गर्न तथा क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनका लागि अनुसन्धान गरी आवश्यक कार्य गर्न स्वतन्त्र र निष्पक्ष व्यक्तिको संयोजकत्वमा एउटा उच्चस्तरीय कार्यदल गठन गर्नु गराउनु र प्रतिवेदन पेश गरेको मितिले ३ महिनाभित्र प्रतिवेदनमा उल्लेख भए बमोजिमको क्षतिपूर्ति तथा राहत मृतकका आश्रित परिवारलाई उपलब्ध गर्नु गराउनु। क्षतिपूर्ति दावी गरी लिन सक्ने गरी क्षतिपूर्ति सम्बन्धी कानून निर्माण गर्नु गराउनु। | गृह मन्त्रालय। | दरले क्षतिपूर्ति उपलब्ध गराईएको। सो सम्वन्धि उपयुक्त कानुनी व्यवस्था हालसम्म नभएको। | |
| ३ | लिलाधर भण्डारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत। | २०६३ सालमा विस्तृत शान्ति सम्झौता पश्चात जारी नेपालको अन्तरिम संविधान, २०६३ को अनुसूची ४ र ऐ को दफा ५.१.८ मा सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका सम्पत्ति फिर्ता हुने कुरा उल्लेख गरिए पनि कब्जा गरिएका सम्पत्ति फिर्ता नगरिएबाट निवेदकहरूको सम्पतिको हक र बाँच्न पाउने जीवनको हकबाट | निवेदकहरूको सम्पत्तिको अनाधिकृत कब्जा छुटाई हाल सम्म क्षतिपूर्तिसहित सम्पति फिर्ता गर्न निवेदकहरूको खासखास सम्पत्तिको दर्ता श्रेस्ता र भोग तथा तिनको आय उर्पाजनको समीक्षा गरी क्षति समेतको आँकलन गरी निरूपण गर्न सम्पत्ति कब्जाको समस्या भएका जिल्लाहरूमा निवेदकहरू रहेको र पीडित समूदायहरूको प्रतिनिधि र कानून कार्यान्वयन निकायको प्रतिनिधि एवम् | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय महान्यायाधिवक्ताको कार्यालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सो अन्तगर्तका | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वंचित हुनु परेकोले सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका निवेदकहरूका घर, जग्गा, कल कारखाना, उद्योग धन्दा फिर्ता गर्नु गराउनु, कब्जा गरिएको मितिदेखि हालसम्मको सरकारी मापदण्ड अनुसारको क्षतिपूर्ति समेत दिनु दिलाउनु भन्ने विपक्षी नेपाल सरकारसमेतका नाममा परमादेश जारी गरी पाउं। | राजनीतिक व्यक्तिहरू समेत समावेश भएको वढीमा पांच सदस्यीय जिल्ला स्तरीय सम्पति फिर्ता सम्बन्धी समिति गठन गरी सो समिति मार्फत कब्जा भएको सम्पति फिर्ता गर्नु गराउनु तथा कब्जा भएदेखि हाल सम्मको सम्पतिमा भएको हानि नोक्सानी वा हस तथा कब्जा सम्पतिबाट आय हुनेमा सो आयमा भएको नोक्सानीको मूल्याङ्कन गरी सो नोक्सानीको क्षतिपूर्ति समेत आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र वास्तविक धनीलाई फिर्ता दिनु दिलाउनु र क्षतिपूर्ति कोष खडा गर्नु भनी मन्त्रिपरिषद् कार्यालय समेतका नाममा परमादेशको आदेश। | विभाग र कार्यालयहरू। | | |
| ४ | राजेन्द्र ढकाल वि. नेपाल सरकार गृह मन्त्रालय समेत। | सशस्त्र द्वन्द्वका समयमा राज्यका तर्फबाट पगरिएका भन्ने विभिन्न ८० जना व्यक्तिहरूका तर्फबाट परेका फरक फरक वन्दीप्रत्यक्षिकरणका मुद्दाहरूमा सरकारका तर्फबाट पक्राउ नगरिएको भन्ने लिखित जवाफ परेको थयो। सर्वोच्च अदालतले त्यस्ता निवेदनहरूलाई एकैसाथ | हिरासतमा मृत्यु हुन गएको चक्रबहादुर कटुवालको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउन सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारी लगायतलाई विभागीय कारबाई र सजायको प्रक्रिया चलाई टुङ्गो लगाई दिनु।<br><br>हालसम्म स्थिति अज्ञात रहेको भनी पहिचान गरिएका राजेन्द्र ढकाल, विपिन | नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, कानून मन्त्रालय। | पीडितलाई केहीहदसम्म रहात प्रदान गरिएको छ। राहत र क्षतिपूर्तिका सम्बन्धमा नियम तथा निर्देशिकाहरू | शान्ति सम्झौताको आ-आफ्नो हित अनुसारको वुझाई, जवाफदेहिता सुनिश्चित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लगाउमा राखी हेर्ने आदेश दियो। साथै निवेदनको प्रकृतिका आधारमा मात्रै कारबाई अघि बढाउन उपयुक्त नहुने हुँदा त्यस विषयमा छानबिन गर्न पुनरावेदन अदालतका मूख्य न्यायाधीशको अध्यक्षतामा वन्दी छानबिन समिति गठन गर्यो। सो समितिले दिएको प्रतिवेदनलाई अदालतले ग्रहण गरी सो समेतका आधारमा अन्तिम आदेश जारी गरेको थियो। | भण्डारी र दिलबहादुर राईको हकमा अनुसन्धान गरी मुद्दा चलाई न्याय दिन आवश्यक कानून निर्माण, बेपत्ता पार्ने कार्य गर्न जिम्मेवारलाई मुद्दा चलाउने र सम्बन्धी व्यक्ति तथा पीडित परिवारलाई कानून बमोजिमको क्षतिपूर्ति दिने।<br>पक्राऊ गरी पछि अज्ञात अवस्थामा पुर्‍याउने कार्यमा संलग्न सम्बन्धित निकायको प्रमुख तथा अन्य कर्मचारीहरूलाई विभागीय कारबाई गरी सजायसमेत गर्नु।<br>बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई मार्गनिर्देशकको रूपमा ग्रहण गरी कानून वनाउने।[१२४] | | वनाएर लागुगरेको देखिन्छ।<br>बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को निर्माण बेपत्ता नागरिको | गर्ने राजनीतिक ईच्छा शक्तिको अभाव, फैसला कार्यान्वयन अवस्थाको अनुगमन नहुनु। |

१२४ त्यस्तो कानूनमा पक्रने, थुन्ने, वन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनुपर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार, निजहरूले प्राप्त गर्न सक्ने उपचार, निजहरूको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धान जस्ता विषयहरूमा संवोधन गरिएको अभावलाई पूर्ति गर्न वेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक वेपत्ता पारिएको कुरालाई वेपत्ता पारिएकाहरूको संरक्षण सम्बन्धी महासन्धि, २००६ मा समावेश गरिएको परिभाषा अनुरूप परिभाषित गर्न, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउंको किटान र थुनामा रहनेसंग नीजको वकिल र परिवारजनको सम्बन्ध र पहुँचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाका न्यायिक उपचारको हकको व्यवस्था, गैरकानूनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखिएबाट वा वेपत्ता पारिएबाट पीडित भएका सम्बन्धित व्यक्ति तथा परिवारको क्षतिपूर्तिलगायतको उपचारको हक, अनुसन्धान प्रकृयालाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्याद सम्बन्धी व्यवस्था, गैरकानूनी थुनामा राखेको वा वेपत्ता गर्यो भन्ने सम्बन्धी उजुरी सुन्ने निकाय र तिनको उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनको लागि औपचारिक वन्दी गृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाको लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम नामेसी र ठेगाना लगायतका प्रासङ्गिक विवरणहरू र थुना हस्तान्तरण गर्दा पनि तदनुरूपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रकृयाको विकास, थुनावाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने शर्तहरूको व्यवस्था र निजको शारीरिक एवमम् मानसिक अवस्थाको अभिलेख राख्ने, सजाय तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्ने गरी व्यवस्था गर्नुपर्ने गरी फैसलाले मार्ग निर्देशित गरेको पाइन्छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा जाँचवुझ गर्ने आयोगको आधारहरू (Criteria for Commission on Enforced Disappearance) अनुरूप[१२५] बेपत्ता छानबिन आयोगको गठन गर्न उपयुक्त कानुनी प्रबन्ध गर्ने।<br><br>कानुनी व्यवस्था अनुरूप छानबिन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लिखित व्यक्तिहरूको हकमा छानबिन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौज्दारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु। | | छानबिन आयोग गठन भएको छ। तथापी फैसलाले माग गरेको बेपत्तालाई आपराधिकरण गर्ने सम्बन्धी कानून निर्माण हुन सकेको छैन। फैसलाले चाहेजस्तो पीडित मैत्री प्रक्रियाद्वारा आयोगको गठन हुन नसकेको गुनासो पीडित तथा नागरिक | |

१२५ फैसलामा मान्यता दिईएका त्यस्ता आधारहरूमा वेपत्ता पार्ने कार्य सम्बन्धि सबै घटनाहरूको जाँचवुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचवुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामको लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सोको लागि आवश्यक सेवा शर्त र सुविधाको व्यवस्था गर्पर्ने, त्यसमा महिला वा अन्य जाति वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको काम कर्तव्य र अधिकार ऐनमा नै तोकिनुपर्ने, समस्याका प्रकृतिअनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीको आधारमा जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभएसम्म जाँचवुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचवुझको लागि महत्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनी रहनको लागि निजहरूको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरूले आफ्नो सरोकार र भनाई राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरूको भनाई गोप्य राख्न सकिने व्यवस्था, आयोगलाई आवश्यक ठाउँ, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्नुपर्ने देखिएका व्यक्तिहरू वुझ्ने लगायतको सबै अधिकार दिने कुराहरू पर्दछन।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कानूनबमोजिम दिइने उपचारमा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुंच खोज्दा व्यहोर्नु परेको दायित्व बहन गर्न सघाउने सीमित उद्देश्यले तात्कालिक राहतको रूपमा मृत घोषित भएका परिवारलाई जनही २ लाख, सुरक्षाकर्मीले पक्राऊ गरी बेपत्ता पारिएको निष्कर्ष निकालिएको हकमा जनही एक लाख पचास हजार र वांकी निवेदनमा उल्लिखित स्थिति प्रष्ट नभएका व्यक्तिहरूको हकमा जनही एक लाख रुपैया तात्कालिक राहत अविलम्व उपलव्ध गराइ दिनु। पीडितहरूको लागि उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्नु। | | समाजको छ। फैसलामा आदेश गरिएअनुसार फौजदारी अनुसन्धान तथा अभियोजन हुन सकेको वा विभागिय कारबाई गरि गैरफौजदारी जवाफदेहिता बहन गराउन सकेको देखिदैन। | |
| ५ | बुद्धिबहादुर प्रजा समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | मिति २०५८।११।१२ मा तत्कालीन शाही नेपाली सेनाद्वारा आतंककारीसँगको मुठभेडको हवाला दिई कालिकोट कोटवाडा विमानस्थलमा कार्यरत हामी निवेदकका आफन्त निर्दोष व्यक्तिहरूको गैरकानूनी ढङ्गले गोली हानि सामुहिक हत्या | मानवीय कानूनको उलङ्घन गरी निर्दोष नागरिकहरूको हत्याको सम्बन्धमा पीडित शास्त्रीय दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहीनताको अन्य गर्नुको साथै यस प्रकृतिका विवादहरूमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सल्लाह | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | आंशिक कार्यान्वयन भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काठमाडौं। | गरियो। आश्रित परिवारमा पुग्न गएको क्षति वापत विपक्षीहरूबाट उचित क्षतिपूर्ति भराई कानूनले तोकेको न्यूनतम शर्त र मापदण्डको समेत कुनै वास्ता नगरी स्वेच्छाचारी ढङ्गले बल प्रयोग गरी निर्दोष नागरिक उपर जथाभावी गोली चलाउने र त्यस्तो आदेश दिने सुरक्षा अधिकारीलाई हदैसम्मको सजाय गरी पीडितलाई भएको क्षति भराईलिन सक्ने सम्बन्धी छुट्टै कानूनको निर्माण समेत गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाँउ भन्ने समेत व्यहोराको निवेदन माग दावी। | सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि छुट्टै विस्तृत कानून बनाउने तर्फ यथाशीघ्र पहल गर्नु भनी विपक्षीको नाममा परमादेश जारी हुने ठहर्छ। | | | |
| ६ | जुरी–नेपाल समेत वि. मन्त्रिपरिषद् समेत। | बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ को संवैधानिक वैधतालाई चुनौती दिई जुरी–नेपालको तर्फबाट एउटा र पीडित समुदाय तथा | • अध्यादेशमा समावेश भएका बेपत्तासम्बन्धी विषय व्यवस्थाहरू संविधान, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकूल देखिएकोले विपक्षीको नाउँमा उत्प्रेषणको आदेश जारी हुने भई उक्त व्यवस्था अमान्य भई | नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, कानून मन्त्रालय। | फैसलाअनुरूप बेपत्ता र सत्यनिरूपण सम्बन्धी दुई अलग अलग आयोग गठन गर्ने व्यवस्था | शान्ति सम्झौताको आ-आफ्नो हित अनुसारको वुझाई, जवाफदेहि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मानवअधिकारकर्मिहरूको तर्फबाट अर्को गरी दुई अलग–अलग मुद्दा दायर गरिएको थियो। निवेदकहरूले अध्यादेशको दफा २३(२) मा गम्भीर अपराधमा क्षमादान दिन सकिने गरी गरिएको व्यवस्था खारेजी, गम्भीर अपराधमा पनि मेलमिलाप हुन सक्ने व्यवस्था तथा मेलमिलाप तथा क्षमादानको निमित्त पीडितको सहमति अनिवार्य नभएको व्यवस्थालाई समेत अन्तर्राष्ट्रिय कानून अनुसार वनाउन माग गरेका थिए। | अध्यादेशबाट हटाउनु पर्ने ठहर्छ र यथावस्थामा अध्यादेश कार्यान्वयन गर्न गराउन नमिल्ने। बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न र संविधान, कानून एवम् यस अदालतबाट राजेन्द्र ढकालको मुद्दामा भएको निर्णय एवम् प्रतिपादित कानूनी सिद्धान्त बमोजिम समेत छुट्टै छानबिन आयोग गठन गर्न आवश्यक कानूनी व्यवस्थासहित अबिलम्ब अर्को अध्यादेश जारी गर्ने वा जो चाहिने प्रबन्ध गर्नु। अध्यादेशको दफा २३ को क्षमादान माफीसम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसुरहरूमा समेत समग्रमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूति दिएको नदेखिएको र माफीको प्रक्रियाको विषय बनाएको एवम् माफी प्रक्रियामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य नबनाई गौण बनाएको देखिएकोले सो व्यवस्थालाई पुनरावलोकन गरी उपरोक्त बमोजिम परिमार्जन र | | गरेर बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ निर्माण गरियो। आदेशको पालनाका लागि विधेयक तर्जुमा गर्ने प्रयोजनको लागि पीडित तथा मानवअधिकार कानून विज्ञलाई समावेश गरी विषय विज्ञ कार्यदलको गठन गरियो | ता सुनिश्चित गर्ने राजनीतिक ईच्छा शक्तिको अभाव, फैसला कार्यान्वयन अवस्थाको अनुगमन नहुनु। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | संशोधन गर्नुपर्ने।<br>• दफा २५ र २९ को व्यवस्थाबाट मानवअधिकारको गम्भीर उल्लङ्घनको दोषी देखिएका व्यक्तिउपरको फौजदारी अभियोजन निश्चित, सहज र निर्बाध नबनाई कार्यपालिकाको विवेकाधीन एवम् अनिश्चित रूपमा राखिएको कारण न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकोले सो व्यवस्थालाई संविधान र कानूनसङ्गत बनाउनुपर्ने।<br>• आयोगले सिफारिस अनुसार मुद्दा चलाउन ३५ दिन हदम्याद तोकिएको कारणबाट मानवअधिकार कानूनको उलङ्घनको घटनामा दण्डहीनताको अवस्था सिर्जना हुन सक्ने हुनाले उपरोक्त बमोजिम संविधान र न्यायसङ्गत हुने गरी संशोधन र परिमार्जन गर्नुपर्ने। माथि उल्लिखित व्यवस्थाको अतिरिक्त सत्य निरूपण एवम् मेलमिलापको बृहत् व्यवस्थापनको लागि कानूनको | | तर कार्यदलले दिएको सुझावलाई परिपालना गरेको देखिएन।<br>बेपत्ता, यातना तथा मानविय कानून उलङ्घन विरुद्धका अपराधहरूको अपराधीकरण सम्बन्धी कानूनको निर्माण हुन सकेको छैन। कानुनी रिक्तताको अबस्था कायमै छ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यावहारिक उपायहरू अपनाउने।[१२६]<br>• आयोगले माफी लगायतको विषयमा अपनाउनु पर्ने मापदण्डको लागि कानूनमा नै आधारभूत कुराको किटान गर्ने लगायतका व्यवस्था गर्न द्वन्द्व विशेषज्ञ, पीडित वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानवअधिकार कानून विशेषज्ञ एवम् सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञ टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जन गर्नु। | | | |
| ७ | सुमन अधिकारी समेत वि. नेपाल सरकार, | बेपत्ता छानबिन, सत्यनिरूपण एवम् मेलमिलाप आयोग गठन सम्बन्धी ऐन, २०७१ का कतिपय प्रावधानहरूको वैधानिकतालाई | ऐनको दफा २६ को उपदफा २ मा प्रयुक्त "....आयोगको छानबिनबाट क्षमादान दिन प्रयाप्त आधार र कारण नदेखिएका...." भन्ने वाक्यांशलाई अमान्य | मन्त्रिपरिषद्, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, | अदालतको व्याख्या अनुरूप बेपत्ता छानबिन, सत्यनिरूपण | शान्ति सम्झौताको आ-आफ्नो हित |

१२६ गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधीकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रबर्द्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवम् पीडितको परिवारको लागि यथेष्ट आर्थिक, कानूनी एवम् संस्थागत व्यवस्थासहित परिपूरणको व्यवस्था गर्न, सत्य निरूपण एवम् मेलमिलाप आयोगको स्वायत्तता एवम् निष्पक्षताको सुनिश्चितताको लागि द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रूपमा द्वन्द्वका पक्षरत वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लङ्घनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डसमेतको आधारमा त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारी ढङ्गले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवम् साक्षी संरक्षणसम्बन्धी कार्यक्रम बनाई लागू गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक विवरणको संरक्षण गर्ने, आवश्यकताअनुसार बन्द इजलासबाट सुनुवाई हुने वा श्रव्य दृष्यको माध्यमबाट दूर सुनुवाईलगायतको उपयुक्त व्यवस्थापन गर्नुपर्ने गरी मार्ग निर्देशित गरेको पाइन्छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत। | चुनौती दिंदै २३४ जना पीडितहरूले सार्वजनिक सरोकारको विवाद दायर गरेको। जुरी–नेपाल समेत विरुद्ध नेपाल सरकारको मुद्दामा स्थापित नजिर तथा कानुनी सिद्धान्त प्रतिकुल क्षमादान, मेलमिलाप, अभियोजन तथा आयोग र अदालत बीचको अन्तर्सम्बन्धलाई निर्देशीत गर्ने गरी ऐनमा राखिएका प्रावधानहरू अन्तरिम संविधान तथा सर्वोच्च अदालतकै २०७० पौष १८ को फैसला प्रतिकुल भएकोले तीनको खारेजी वा परिमार्जन हुनु पर्ने दावी लिईएको। | घोषित गरिएको परिणाम स्वरूप फैसलाले गम्भीर अपराधमा क्षमादानलाई अस्वीकार्य वनाई दिएको छ। वलात्कार, बेपत्ता, गैरन्यायिक हत्या तथा यातनालगायतका गम्भीर अपराधहरू कुनै पनि वहानामा क्षमादानको विषय वन्न सक्ने अवस्था छैन। फैसलाका कारण दफा २६ को उपदफा २ को प्रावधान निम्नानुसार कायम रहन गएको छः— "उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न सक्ने छैन"। त्यसैगरी क्षमायोग्य अपराधमा पनि पीडितको सहमति वेगर क्षमादान हुन नसक्ने नियम बाँधी दिएको कारण क्षमादानको सम्बन्धमा पीडितलाई भिटो प्राप्त भएको छ। अदालतले ऐनको दफा २२ को व्याख्या गर्दै सहअस्तित्व र समभावमा आधारित पीडितको स्वतन्त्र र जाग्रृत सहमतिविना मेलमिलाप पनि असम्भव हुने कुरालाई थप स्पष्ट पारेको छ।<br>ऐनको दफा १३(२) र (४) मा अदालत | महान्यायाधिवक्ताको कार्यालय, कानून मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग। | एवम् मेलमिलाप आयोग गठन सम्बन्धी ऐन, (२०७१) मा आवश्यक समायोजन र परिमार्जनको काम हुन सकेको छैन। व्याख्याद्वारा स्थापित कानुनी सिद्धान्त तथा नजिरको परिपालनामा नेपाल सरकारको प्रतिबद्धता देखिएको छैन। फैसला प्रति असन्तुष्ट भएर अन्तिम फैसलाको पुनरावलोकनका | अनुसारको वुझाई, जवाफदेहिता सुनिश्चित गर्ने राजनीतिक ईच्छा शक्तिको अभाव, फैसला कार्यान्वयन अवस्थाको अनुगमन नहुनु। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथा अन्य निकायमा विचाराधिन रहेका मुद्दाहरू सम्बन्धित अदालत वा निकायको परामर्शमा आयोगमा स्थानान्तरण हुने एवम् कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होईन भन्ने निक्योल गर्ने अधिकार आयोगमा रहने प्रावधानहरूलाई अदालतले व्याख्यात्मक पुनरावलोकन गरेको छ। उक्त प्रावधानहरूको आडमा सत्य निरूपण आयोगले न्यायिक निकायको क्षेत्राधिकारलाई विस्थापित गर्ने गरी मुद्दा हस्तान्तरण हुन नसक्ने कुरालाई व्याख्याको माध्यामद्वारा स्थापित गरिदिएको छ। अदालत र आयोग बीचको परिपूरकताको प्रश्न टुंगो लगाउँदै न्यायिक निकायअन्तर्गत विचाराधिन रहेका सम्पूर्ण मुद्दाहरूको अन्तिम निप्टारा न्यायिक प्रक्रियावाटै हुने कुरालाई सुनिश्चित गरिदिएको छ। साथै अदालतमा विचाराधिन विषयका सम्बन्धमा द्वन्द्वको क्रममा भएको घटना हो होईन भनेर निर्णय गर्ने अधिकार पनि अदालतमा नै निहित रहने कुरालाई प्रष्ट पारिदिएको छ। साथै दफा २९(१)मा अभियोजनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने | | लागि सर्वोच्च अदालतमा निवेदन दायर गरेको अबस्था छ। उक्त पुनरावलोकनको निवेदन विचाराधिन छ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र मुद्दा चलाउन सम्बन्धित मन्त्रालयले महान्यायाधिवक्ता समक्ष लेखी पठाउने व्यवस्थाले महान्यायधिवक्ताको संवैधानिक अधिकारमा अंकुश लागेको ठहर गर्दै न्यायिक पुनरावलोकन मार्फत संच्याई दिएको छ। अब आयोगले अभियोजनको सिफारिस सिधै महान्यायधिवक्ता समक्ष पठाउनु पर्नेछ।<br>यसका अतिरिक्त सर्वोच्च अदालतले यसअधि विभिन्न मुद्दाहरू मार्फत प्रतिपादित नजिर तथा सिद्धान्तहरूलाई नेपाल सरकार र आयोगहरूले यथोचित परिपालनाका लागि समेत आदेश दिएको छ। "गम्भीर मानवअधिकार उलङ्घन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन सक्दैन भन्नुको अर्थ यो वा त्यो वहानामा त्यस्ता व्यक्तिलाई उम्काउने चेष्टा अरू कसैले पनि गर्नु हुँदैन भन्ने हो। यदि दोषीलाई उम्काउने प्रयास गरिन्छ वा त्यसको मतियार बनिन्छ भने सिर्जित परिणाम भोग्न समेत तयार रहनुपर्दछ। कानूनबमोजिम स्थापित आयोगहरूले त्यस्तो गर्दैनन् भन्ने विश्वास यो | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ईजलासले लिएको छ" भन्दै अदालतले गम्भीर अपराधका जिम्मेवारलाई जवाफदेही वनाउने विषयलाई नितान्त गम्भीरताका साथ लिनका लागि सचेत समेत गराएको छ। | | | |

# अनुसूची -३

## फैसला वा आदेश कार्यान्वयन नभएका मुद्दाहरूको विवरण

| क्र सं | पक्ष/ विपक्षी | संक्षिप्त तथ्य | आदेशको व्यहोरा | कार्यान्वयन गर्ने निकाय | कार्यान्वयनको अवस्था र स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जयकिशोर लाभ वि. जिल्ला प्रहरी कार्यालय धनुषा समेत | मिति २०६०।०६।२१ गते विहान १० वजेको समयमा जनकपुर न.पा. वडा नं. ५ स्थित कटैया चौरबाट प्रहरी टोलीले पक्राउ गरेका शैलेन्द्र यादव, जितेन्द्र झा, प्रमोदनारायण साउत, दुर्गेश कुमार लाभ र संजिव कुमार झालाई वेलुका प्रहरीले आर्मी व्यारेक, भिमानमा वुझाई फर्केको भन्ने वुझिएको। पछि खोजबीन गर्न र सार्वजनिक गर्न अनुरोध गर्दा सेनाको कार्यरथी विभाग, मानवअधिकार शाखाबाट फक्राउ परेका संजिव कुमार कर्णलगायत पाँचै जनाको मिति २०६०।०६।२१ गते पक्राउ परेकै दिन प्रहरी कारबाईमा जनकपुर इलाकामा मृत्यु भएको | संजीवकुमार कर्ण र अन्य पाँच जनालाई पक्राउ गरी सुनियोजित तवरबाट विना आधार हत्या गरी लाश समेत बेपत्ता पारेको भनी मुलुकी ऐन, ज्यान सम्बन्धी महलबमोजिम कारबाई गरी पाउन दिएको जाहेरी रितपूर्वक दर्ता गरी कानूनबमोजिम अनुसन्धान तथा तहकिकातको कारबाई अगाडि वढाउनु भन्ने परमादेश जारी। | जिल्ला प्रहरी कार्यालय, धनुषा<br>जिल्ला सरकारी वकिल कार्यालय, धनुषा<br>प्रहरी प्रधान कार्यालय | जिल्ला प्रहरी कार्यालय, धनुषा। | कारवाही अघि वढेको नापाईएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जानकारी गराइएको। यसरी निर्दोष व्यक्तिलाई गैरन्यायिक तथा कर्तव्यपूर्ण ढङ्गबाट हत्या भएको हुँदा हत्यामा संलग्न व्यक्तिहरूलाई कर्तव्य ज्यानको अपराधमा मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १ नं. विपरीत कसुरमा पक्राउ गरी अनुसन्धानको कार्य गर्न जाहेरी दिएकोमा विपक्षी जि.प्र.का., धनुषासमेतका निकायको नाममा परमादेश जारी गरी स.मु.स.ऐन, २०४९ बमोजिम अनुसन्धानको काम अगाडि वढाई अभियुक्तहरूलाई पक्राउ गरी कानूनी कर्तव्य पूरा गर्नु भन्ने परमादेश जारी गरी पाउँ। | | | | |
| २ | भिम प्रसाद ओली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | द्वन्द्वका कारण विस्थापित भै काठमाण्डौमा आई आफन्तको घरमा वसोवास गरी आएका द्वन्द्वबाट पीडित नागरिकहरूलाई राहत प्रदान गर्ने सम्बन्धमा कानूनी र संरचनागत व्यवस्थासमेत नभएको हुँदा केन्द्र देखि स्थानीय स्तरसम्म सक्षम एवम् सशक्त | द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई राज्यबाट प्रदान गरिने सेवा वा सहुलियतमा समानता विपरीत नहुने गरी स्पष्ट कानूनी व्यवस्था गरी उचित र आवश्यक व्यवस्थापन गर्नु भनी निर्देशनात्मक आदेश जारी। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | यस प्रयोजनको लागि कानुन हालसम्म वनेको नपाईएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संस्थागत संरचनाको व्यवस्था समेत गर्न वोधगम्य कानुनी व्यवस्था गर्नु भनी विपक्षीको नाममा परमादेश जारी गरी पाउ। | | | | |
| ३ | भोजराज तिमल्सेना वि. नेपाली काग्रेस पार्टी समेत | माओवादी सशस्त्र द्वन्द्वको क्रममा मारिएका, अङ्गभङ्ग गरी अपाङ्ग वनाइएका मानिसहरूको लागि क्षतिपूर्ति, मुआब्जा र कब्जा गरिएका सम्पति फिर्ता गर्न पीडित व्यक्तिको सहभागिता हुने गरी उच्चस्तरीय छानबिन आयोग गठन गर्नु, दोषी पत्ता लगाई कारबाई चलाउनु, असहाय पीडितहरूको जीवन निर्वाह र रोजगारी समेतका लागि यथाशिघ्र कानून वनाउन परमादेश जारी गरी पाउ। | लामो समय देखि द्वन्द्वबाट पीडित नागरिकहरूको समस्या समाधानका लागि समिति गठन भई काम थालेको मितिले छ महिनाभित्र नभ्याएमा म्याद थप गर्न सक्ने गरी वास्तविक विस्थापीतहरूको स्थिति पत्ता लगाई राहात प्रदान गर्ने सुझाव दिन पाचंवटै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रत्येक विकास क्षेत्रबाट एक एक जना राजनीतिक प्रतिनिधि, निवेक द्वन्द्व पीडितहरू मध्येबाट एक जना प्रतिनिधि तथा अन्य बांकी सदस्य तथा अध्यक्षको हकमा नेपाल सरकारले उपयुक्त ठानेका व्यक्तिहरू रहेको एउटा समिति गठन गरी सो समितिको सिफारीस बमोजिम निवेदक लगायत द्वन्द्व कारबाई गर्नु भनी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | हालसम्म समिति गठन नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशानात्मक आदेश. | | | |
| ४ | पुर्ण वहादुर चौधरी वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत | वर्दियाका मौना थारूलाई माओवादी भएको आशंकामा नेपाली सेनाले गोली हानि हत्या गरेको भन्ने आरोप लगाएर जाहेरी दर्ता गरेको। जाहेरी दर्ता भएको तीन वर्षसम्म पनि फौजदारी अनुसन्धानको कारबाई अगाडि नवढाएकाले जाहेरीउपर फौजदारी अनुसन्धानका लागि परमादेशको माग गर्दै पुनरावेदन अदालत नेपालगन्जमा रिट दायर भएको। अभियुक्त नेपाली सेनाका भएको र जंगी अड्डासमेतलाई पत्राचार गर्दासमेत आरोपितहरू उपस्थित हुन नआएको र पक्राउ पनि हुन नसकेको र पक्राउ भएपछि अनुसन्धानको काम सम्पन्न गरिने भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालयको लिखितजवाफ रहेको। अनुसन्धान भएर प्रतिवेदन पेश भएपछि कानूनबमोजिम अभियोजनको | मिति २०६३-४-१४ मा दर्ता भई सकेको जाहेरी उपर प्रभावकारी अनुसन्धान गरी मुद्दा चलाउने वा नचलाउने निर्णयमा पुग्नुपर्नेमा ज्यान मार्ने जस्तो संवेदनशील विषयमा लामो समयसम्म पनि अनुसन्धान प्रभावकारी भएको नदेखिंदा निवेदन मागबमोजिम अविलम्व अनुसन्धान तहकिकातको कार्य पूरा गर्नु भनी मिति २०६६-८-३ मा परमादेश जारी गरिएको। | जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय वर्दिया। | अहिलेसम्म पनि अनुसन्धान पूरा भएर मुद्दा चल्न नसकेको अवस्था। | घटनाका आरोपी व्यक्तिको प्रक्राउ गर्न नेपाली सेनाले सहयोग नगरेको कारण अनुसन्धान प्रभावित हुन गएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कारबाई अगाडि वढाउने भन्ने सरकारी वकिल कार्यालयको जवाफ रहेको। | | | | |
| ५ | भूमिसरा थापा वि. जिल्ला प्रहरी कार्यालय बाँके समेत। | आफ्नै घरको कोठामा सुतिरहेको अवस्थामा सर्चमा आएका सुरक्षाकर्मीले छोरा र वुहारीलाई गोली हानि हत्या गरेको र नातिनीलाई घाईते बनाएको घटनाको छानबिनका लागि दिईएको जाहेरी अदालतको आदेशबमोजिम मिति २०६४-४-१९ मा दर्ता इलाका प्रहरी कार्यालय, कोहलपुरमा दर्ता गरिएको भए पनि लामो समयसम्म अनुसन्धानको कारबाई अगाडि नवढेकाले जाहेरी दर्खास्तका आधारमा यथासिघ्र अभियुक्तलाई प्रक्राउ गरी तीन महिनाभित्र अभियोगपत्र दायर गर्नु भन्ने परामादेश माग गर्दै रिट निवेदन दायर हुन आएको। अनुसन्धान कार्य भैरहेको भन्ने जिल्ला प्रहरी तथा ईलाका प्रहरी कार्यालयको जवाफ तथा अनुसन्धान भै मिसिल | मिति २०६४-४-१९ मा दर्ता भएको जाहेरी दर्खास्तका सम्बन्धमा दुई वर्षभन्दा वढी समय विति सक्दा पनि अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरेको नदेखिंदा कानून बमोजिम अनुसन्धान तहकिकातको काम तत्कालै अगाडि वढाई सरकारी मुद्दा सम्बन्धी ऐनले तोकेको सम्पूर्ण प्रक्रिया पूरा गरी यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र अनुसन्धान पूरा गर्नु भन्ने मिति २०६६-९-२९ को नेपालगन्ज पुनरावेदन अदालतको परमादेश।<br>फैसला गर्दा मानवअधिकारको विश्वव्यापी घोषणपत्र, नागरिक तथा राजनीतिक अधिकार प्रतिज्ञापत्रअन्तर्गत संरक्षित प्रभावकारी कानुनी उपचारको | जिल्ला प्रहरी कार्यालय बाँके। जिल्ला सरकारी वकिलको कर्यालय बाँके। | अनुसन्धान पूरा गरी मुद्दा दायर गर्ने कार्य सम्पन्न हुन नसकेको। | आरोपित व्यक्तिहरू सुरक्षाकर्मी रहेको र उनीहरू विरुद्धको अनुसन्धानमा उदासीनताको अवस्था। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्राप्त नभएकाले अभियोजनको कारबाई अगाडि बढ्न नसकेको भन्ने सरकारी वकिल कार्यालयको जवाफ। | हकको सन्दर्भ तथा सर्वोच्च अदालतले मैना सुनुवारको घटना सम्बन्धमा गरेको आदेशसमेतको सन्दर्भ उल्लेख गरिएको। साथै अनुसन्धान प्रक्रिया अगाडि नवढाईदा अदालतप्रतिको जनआस्था समेतमा आँच पुग्न गई पञ्चवर्षीय रणनीतिक योजना समेत असफल हुने उल्लेख गरिएको। | | | |
| ६ | घुमनिया चौधरी वि. जिल्ला प्रहरी कार्यालय बर्दिया समेत। | सूर्यलाल चौधरीलाई माओवादी नेता भएको आरोपमा सुरक्षकर्मीले घरबाट लिएर गई यातना दिएर गोली हानि हत्या गरेको सम्बन्धमा दिएको जाहेरी जिल्ला प्रहरी कार्यालयबाट दर्ता गर्न ईन्कार गरेकाले जिल्ला प्रशासन कार्यालयमा जाँदासमेत दर्ता नगरेकाले जाहेरी दर्ता गर्नु भन्ने परमादेश माग गर्दै रिट निवेदन दायर गरिएको। किटानी जाहेरी लिएर नआएको र जिल्ला प्रहरी कार्यालयका प्रमुखउपर नै | अपराधवारेको सूचना दर्ता गर्नुपर्ने सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३(५) अन्तर्गतको कानुनी कर्तव्य विपक्षीबाट पालना भएको नदेखिएको भन्दै जाहेरी दर्ता गरी कानूनबमोजिम कारबाई अगाडि बढाउनु भनी पुनरावेदन अदालत नेपालगन्जले जिल्ला प्रहरी कार्यालय वर्दियाका नाउँमा मिति २०६७-१-८ मा परमादेश जारी गरेको। | जिल्ला प्रहरी कार्यालय वर्दिया। | जाहेरी दर्ता भएको तर अनुसन्धान पूरा गरी मुद्दा दायर गर्ने कार्य सम्पन्न हुन नसकेको। | आरोपित व्यक्तिहरू सुरक्षाकर्मी रहेको र उनीहरू विरुद्धको अनुसन्धानमा उदासीनताको अवस्था। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कपोल्कल्पित जाहेरी दिएकाले दर्ता नगरेको भन्ने जिल्ला प्रहरी कार्यालयको जवाफ रहेको। कार्यालयमा आई मौखिक रूपमा घटना विवरण बताएको सम्म हो। घटना भएको दुई वर्षपछि जाहेरी दर्ता गर्न मिल्ने नमिल्ने बारेमा वुझौंला भनेर पठाएको र त्यसपछि जाहेरवाला आएनन् भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालयको जवाफ। | | | | |
| ७ | सुकुमराज चौधरी वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत। | बर्दियाका सोहनलाल र सूर्यलाललाई घरबाट समातेर घिसार्दै लगी कुटपिट गरी यातना दिई कोठियाघाट नदी किनारामा लगी सुरक्षाकर्मीले हत्या गरेकाले जाहेरी दर्ता गर्न मिति २०६६ मंसीर २५ गते जिल्ला प्रहरी कार्यालयमा जाँदा दर्ता पनि नगर्ने र दरपीठसमेत नगरेकाले जिल्ला प्रशासन कार्यालयमा जाँदासमेत दर्ता हुन नसकेको हुँदा जाहेरी दर्ता गर्नु भन्ने परमादेश माग गरी रिट निवेदन परेको। जाहेरी दर्खास्त | जाहेरी दर्तापूर्व नै अनुसन्धान तहकिकात नै नगरी मुलुकी ऐन ज्यान सम्बन्धीको २० नं को व्याख्या गर्ने विषयवस्तुमा प्रवेश गर्न मिल्ने अबस्था हुन्छ भन्न मिल्दैन भन्दै जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासनले सररकारी मुद्दा सम्बन्धी ऐनको दफा ३ अन्तर्गतको दायित्व उलङ्घन गरेको ठहर गर्दै जाहेरी दर्ता गरेर कानून बमोजिम अनुसन्धान तहकिकातको कार्य पूरा गर्नु भन्ने पुनरावेदन | जिल्ला प्रहरी कार्यालय वर्दिया। जिल्ला सरकारी वकिलको कार्यालय, वर्दिया। | जाहेरी दर्ता भएको तर अनुसन्धान पूरा गरी मुद्दा दायर गर्ने कार्य सम्पन्न हुन नसकेको। | आरोपित व्यक्तिहरू सुरक्षाकर्मी रहेको र उनीहरू विरुद्धको अनुसन्धानमा उदासिनताको अवस्था। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लिएर दर्ता गराउन नआएको भन्ने जिल्ला प्रहरी कार्यालयको र "ज्यान सम्बन्धी महलको दफा २० अन्तर्गत २ वर्षको हदम्याद व्यतित" भएपछि जाहेरी दर्ता गर्न मिल्ने हो वा होईन बुझौला भनी पठाएकोसम्म हो भन्ने जिल्ला प्रशासन कार्यालयको जवाफ। | अदालत नेपालगन्जबाट मिति २०६७ वैशाख ८ मा परमादेश जारी गरिएको। | | | |
| ८ | रामकिसन थारू वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत। | घरभित्र पसि ११ वर्षीय रुपा थारूलाई सुतिरहेको अबस्थामा हतियारधारी सुरक्षाकर्मीले आँखामा पट्टि बाँधी लतार्दै लगेर गोली प्रहार गरी निर्ममतापूर्वक हत्या गरे। ईलाका प्रहरी कार्यालय मैना पोखराबाट लास वुझि लियौं। हत्याको अनुसन्धान तथा अभियोजन गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा मिति २०६४-७-२९ मा जाहेरी दर्खास्त दर्ता गरिएकोमा एक वर्षभन्दा वढी समय वितिसक्दा पनि अनुसन्धानको काम अगाडि नवढाएकाले ऐनबमोजिम अनुसन्धानको काम पूरा गरी ३ महिनाभित्र अभियोगपत्र दायर गर्नु | ज्यान मार्ने अपराध गरेको भन्ने विषय ज्यादै सम्वेदनशील भएकाले यस्तो विषयमा अनुसन्धान ज्यादै शीघ्रताका तथा जिम्मेवारी र प्रभावकारी तरिकाले हुनुपर्नेमा मिति २०६४-७-२९ मा दर्ता भएको जाहेरीउपर लामो समय वितिसक्दा पनि अनुसन्धान तहकिकातको कार्य प्रभावकारी भएको नदेखिंदा निवेदक मागबमोजिम अनुसन्धान तथा तहकिकातको काम अविलम्ब पूरा गर्नु भनी जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालय वर्दियाको | जिल्ला प्रहरी कार्यालय वर्दिया। जिल्ला सरकारी वकिलको कार्यालय, वर्दिया। | जाहेरी दर्खास्त दर्ता भएर सामान्य अनुसन्धानको कार्य अगाडि वढेको भए पनि अनुसन्धान तहकिकातको कार्य पूरा गरेर अभियोजन गर्ने कार्य सम्पन्न हुन नसकेको। | आरोपित व्यक्तिहरू नेपाली सेना सम्वद्ध भएको र तिनीहरूलाई पक्राउ गरी अनुसन्धानको दायरामा ल्याउन नेपाली सेनाको जङ्गी अड्डाको सहयोग नभएको कारणले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भनी विपक्षीको नाउँमा परमादेश माग गर्दै रिट निवेदन दर्ता गरिएको। अनुसन्धान भै प्रहरीबाट मिसिल प्राप्त भएपछि आवश्यकताअनुसार कारबाई अगाडि वढाईनेछ भन्ने व्यहोराको जिल्ला सरकारी वकिल कार्यालयको जवाफ तथा जाहेरी दर्ता गरी अनुसन्धानको कार्य जारी रहेको, "अभियुक्तहरू सुरक्षाकर्मी देखिएकाले अनुसन्धानका लागि निजहरूलाई उपस्थित गराई दिन भनी सम्बन्धित कार्यलय तथा नेपाली सेनाको जङ्गी अड्डालाईसमेत पत्राचार गरेकोमा हालसम्म उपस्थित हुन नआएको" एवम् अभियुक्तहरू पक्राउ परेपछि वा उपस्थित हुन आएपछि कानूनबमोजिम हुनेछ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालयको जवाफ। | नाउँमा मिति २०६६-८-३ गते परमादेश जारी। | | | अनुसन्धान अगाडि वढ्न नसकेको। |
| ९ | नन्दराम खत्री वि. जिल्ला प्रहरी | बाँके महादेवपुरी गा.वि.स.का जयकला खत्री र हितकला डाँगीलाई गोठमा सुतिरहेको | ज्यान मार्ने अपराध गरेको भन्ने विषय ज्यादै सम्वेदनशील भएकाले यस्तो विषयमा | जिल्ला प्रहरी कार्यालय बाँके। | जाहेरी दर्ता भए पनि अनुसन्धान पूरा गरी मुद्दा | आरोपित व्यक्तिहरू सुरक्षाकर्मी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यालय बाँके समेत। | अवस्थामा राती सुरक्षाकर्मीहरूले जवर्जस्ती लिएर गई यौन दुर्व्यवहार तथा यातनासमेत दिई हत्या गरी डुम्रीवास खोलाको वगरमा लास फाली गैरन्यायिक हत्या गरेको भन्ने व्यहोराको मिति २०६६ मंसीर २५ को जाहेरी दर्ता गर्न ईन्कार गरिएको। राष्ट्रिय मानवअधिकार आयोगमा समेत उजुरी गरिएको। सोही आधारमा आयोगले क्षतिपूर्ति दिन एवम् फौजदारी अनुसन्धान र अभियोजन हुनुपर्ने गरी सरकारलाई निर्देशन दिएको।<br>जाहेरी दर्ता लागि जिल्ला प्रशासनमा जाँदा जिल्ला प्रशासन कार्यालयले रितपूर्वकको जाहेरी लिई आएमा दर्ता गरीदिनु भन्ने व्यवहोराको पत्राचार गरेको भएपनि त्यसको पालना नभएकाले विपक्षिका नाउँमा जाहेरी दर्तागरी जाहेरी उपर अनुसन्धान गर्नु भन्ने परमादेश माग गरी रिट निवेदन दायर भएको। जमहेरी दर्खास्त उपर | अनुसन्धान ज्यादै शीघ्रताका साथ जिम्मेवारी तथा प्रभावकारी तरिकाले हुनुपर्ने हुन्छ भन्दै जाहेरी ल्याएपछि दर्ता गरी अनुसन्धान कार्य अगाडि बढाउनु पर्नेमा सो नगरेकाले अबिलम्ब दर्ता गरी अनुसन्धान तहकिकातको कार्य पूरा गर्नु भन्ने जिल्ला प्रहरी कार्यालय बाँकेको नाउँमा मिति २०६७ जेष्ठ १२ गते परमादेश जारी। | | दायर गर्ने कार्य सम्पन्न हुन नसकेको। | रहेको र उनीहरू विरुद्धको अनुसन्धानमा उदासिनताको अवस्था। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुसन्धान जारी रहेको भन्ने लिखित जवाफ। | | | | |
| १० | भागीराम चौधरी वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत। (नि. नं ७५) | वर्दियाका कन्हैयालाल थारूलाई चिसापानी गुल्मबाट आएका सुरक्षाकर्मीको टोलीले मिति २०५८-१२-१ गते दिउँसो १२ वजे आफ्नो कब्जामा लिएर यातनापूर्वक निर्मम तरिकाले हत्या गरेको, हत्या पश्चात् लास परिवारलाई नदिएकोसमेतको विषयमा जाहेरी दर्खास्त लिएर मिति २०७०-६-१८ गते जिल्ला प्रहरी कार्यालयमा जाँदा दर्ता गर्न ईन्कार गरिएको, जिल्ला प्रशासनमा जाँदासमेत दर्ता नगरिएकाले जाहेरी दर्ता गरी अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरी कानून बमोजिमको कारबाई गराई पाउन परमादेशको आदेश माग गर्दै रिट निवेदन दायर भएको। घटनाका सम्बन्धमा केवल जाहेरी मात्रै ल्याएको र घटनाका सम्बन्धमा अन्य प्रमाण कागज केही नल्याएकालेविना कुनै कागज प्रमाण | जाहेरी दर्ता गर्ने नगर्ने भन्ने विषयमा कानूनबमोजिम अख्तियारी जिल्ला प्रहरी कार्यालय वर्दियामा निहित रहेको, जाहेरी दर्ता गराउन आएपछि दर्खास्तमा कुनै कुरा नपुगेको भए पुऱ्याई ल्याउन र दर्ता गर्न नमिल्ने भए यति कारणले मिलेन भनी जानकारी गराउनु पर्ने, दर्ता गर्नुपर्ने देखिन आए दर्ता गरी र गर्न नमिल्ने भए यो यति कारणले दर्ता गर्न मिलेन भनी निवेदकलाई लिखित जानकारी गराई कानूनबमोजिम गर्नु भन्ने मिति २०७१-७-१९ मा परमादेशको आदेश जारी भएको। | जिल्ला प्रहरी कार्यालय, वर्दिया। जिल्ला प्रशासन कार्यालय, वर्दिया। | परमादेश जारी भएपनि जिल्ला प्रहरी कार्यालय बर्दियाले जाहेरी दर्ता गरेन। बरु सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोग ऐन, २०७१ बमोजिम द्धन्द्धकालीन मुद्दा प्रहरीको अधिकार क्षेत्र भित्र नपर्ने भनि दरपिठ गरियो। निवेदक दोश्रो पटक निवेदन लिएर अदालत गए। अदालतले स्पष्ट रुपमा जाहेरी दर्ता गरी | आरोपित व्यक्तिहरू सुरक्षाकर्मी रहेको र उनीहरू विरुद्धको अनुसन्धानमा उदासिनताको अवस्था। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मुद्दा दर्ता गर्न नसकिने र अन्य कुनै क्षतिपूर्तिका लागि भए जिल्ला प्रशासन कार्यालय जानु भनी पठाएको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालयको जवाफ। | | | कानून बमोजिम कारबाही गर्नु भन्ने आदेश दियो। अद्यापि प्रहरीले उक्त जाहेरी दरखास्त दर्ता गरेन। निवेदक अदालतको अवहेलनामा कारवाहीको माग गरी अदालत गएको अवस्था छ। आदेश कार्यान्वयन नभएको। | |
| ११ | भागीराम चौधरी वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत। (नि. नं ७९) | वर्दियाका निशस्त्र र गैरसैनिक व्यक्ति डिलवहादुर खड्कालाई माओवादी कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको छानबिन तथा अनुसन्धानको माग गरी मिति २०७०-६-१८ मा किटानी जाहेरी लिएर जाँदा दर्ता गर्न ईन्कार गरिएको, जिल्ला प्रशासनमा | जाहेरी दर्ता गर्ने नगर्ने भन्ने विषयमा कानूनबमोजिम अख्तियारी जिल्ला प्रहरी कार्यालय वर्दियामा निहित रहेको, जाहेरी दर्ता गराउन आएपछि दर्खास्तमा कुनै कुरा नपुगेको भए पुऱ्याई ल्याउन र दर्ता गर्न नमिल्ने भए यति | जिल्ला प्रहरी कार्यालय वर्दिया। जिल्ला प्रशासन कार्यालय वर्दिया। | परमादेश जारी भएपनि जिल्ला प्रहरी कार्यालय बर्दियाले जाहेरी दर्ता गरेन। बरु सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता | आरोपित व्यक्तिहरू माओवादीका कार्यकर्ता रहेको र राजनीतिक सेरक्षणका कारण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जाँदासमेत दर्ता नगरिएकाले जाहेरी दर्ता गरी अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरी कानूनबमोजिमको कारबाई गराई पाउन परमादेशको आदेश माग गर्दै रिट निवेदन दायर भएको। घटनाका सम्बन्धमा केवल जाहेरी मात्रै ल्याएको र घटनाका सम्बन्धमा अन्य प्रमाण कागज केही नल्याएकाले विना कुनै कागज प्रमाण मुद्दा दर्ता गर्न नसकिने र अन्य कुनै क्षतिपूर्तिका लागि भए जिल्ला प्रशासन कार्यालय जानु भनी पठाएको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालयको जवाफ। | कारणले मिलेन भनी जानकारी गराउनु पर्ने, दर्ता गर्नुपर्ने देखिन आए दर्ता गरी र गर्न नमिल्ने भए यो यति कारणले दर्ता गर्न मिलेन भनी निवेदकलाई लिखित जानकारी गराई कानूनबमोजिम गर्नु भन्ने मिति २०७१-७-१९ मा परमादेशको आदेश जारी भएको। | | छानविन आयोग ऐन, २०७१ बमोजिम द्वन्द्वकालीन मुद्दा प्रहरीको अधिकार क्षेत्र भित्र नपर्ने भनि दरपिठ गरियो। निवेदक दोश्रो पटक निवेदन लिएर अदालत गए। अदालतले स्पष्ट रुपमा जाहेरी दर्ता गरी कानून बमोजिम कारबाही गर्नु भन्ने आदेश दियो। अद्यापि प्रहरीले उक्त जाहेरी दरखास्त दर्ता गरेन। निवेदक अदालतको अवहेलनामा | उनीहरू विरुद्धको अनुसन्धानमा उदासिनताको अवस्था रहेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कारवाहीको माग गरी अदालत गएको अवस्था छ। आदेश कार्यान्वयन नभएको। | |
| १२ | अधिवक्ता सुनिल रञ्जन सिंह समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेत | माओवादी द्वन्द्वकालमा धनुषाको प्रहरी उपरीक्षक (SP) रही कानून बमोजिम पदीय दायित्व अनुसार आफूले तोकेको जिम्मेवारी पूरा नगरी गैरन्यायिक जस्तो जघन्य अपराधमा संलग्न रहेको कुरा राष्ट्रिय मानवअधिकार आयोगको मिति २०६४/१०/२५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गरेको सिफारिस, जनकपुरको कटैया चौरीबाट माओवादी पार्टी प्रति आस्था राखेकै भरमा पक्राउ गरी बेपत्ता पारिएको भन्ने तत्कालीन प्रहरी नायब महानिरीक्षक दिपेन्द्रबहादुर विष्टको अध्यक्षतामा गठित ५ सदस्यीय समितिको प्रतिवेदन पीडितहरूको जाहेरी समेतको आधारमा आरोपित | सार्वजनिक पदमा नियुक्ति र वढुवा लगायतका अन्य कारबाई गर्दा त्यस्तो पदाधिकारी विगतको मानवअधिकारको उल्लङ्घनको घटनामा संलग्न भएको नभएको तथा मानवअधिकार एवम् कानूनी राज्यमा आस्था भए नभएको हेरी सो कुराको परिक्षण गरी जिम्मेवारी सुम्पने सम्बन्धमा परिक्षण प्रक्रिया (Vetting Process) व्यवस्था गर्न आवश्यक कानून एवम् मापदण्ड तोकी सोको कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशनात्मक आदेश जारी। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | कार्यान्वयन नभएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निज कुँवेर सिंह राणा पदमा निरन्तर रही रहने हो भने प्रमाणको लोप गर्ने, पदको दुरूपयोग गरी प्रहरी उपर अनुचित प्रभाव पार्ने र आफू अनुकुल निर्णय गराउन सक्ने र पीडितले न्याय पाउँने हकबाट वञ्चित हुनुपर्ने अवस्था हुने भएकोले उक्त विवादको टुंगो नलागेसम्मको लागि ए.आई.जी. को हौसियतले कुनै पनि काम गर्न नगराउनु भनी अन्तरिम आदेश समेतको लागि रिट निवेदन। | | | | |
| १३ | नेपाल सरकार वि. बालकृष्ण ढुगेल समेत | रामेछाप जिल्लाका उज्वन श्रेष्ठको हत्या गरेका हुदा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) न. बमोजिम सजाय गरी पाउ भन्ने अभियोग | उज्वन श्रेष्ठको हत्यामा संलग्न रहेको पुष्टी भएको हुदा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) न. बमोजिम सर्वस्वसहित जन्म कैद ठहर गरेको रामेछाप जिल्ला अदालतको फैसला सदर हुने। | फैसला कार्यन्वयन निर्देशनालय, नेपाल प्रहरी | हालसम्म फैसला कार्यन्वयन नभएको | |
| १४ | रीता गिरी वि. जिल्ला प्रहरी कार्यालय, मोरङ्ग समेत | मेरो पति धनजन्य गिरीलाई मिति २०६१।९।३ गतेका दिन पूर्वी पृतना सैनिक मुख्यालय अन्तर्गत भवानी दल गण, इटहरीबाट गस्तीमा गएको सुरक्षा फौजले | जाहेरी दर्खास्त दिन पाउने र विपक्षीहरूले दर्खास्त दर्ता गरी अनुसन्धान तहकिकात गर्नुपर्नेमा सो गरेको नदेखिँदा त्यस कार्यालयबाट निवेदिका रीता | जिल्ला प्रहरी कार्यालय, मोरङ्ग | आदेश कार्यान्वयन भएको देखिएन। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पथरी गा.वि.स.को वडा नं. ३ र ४ को सिमाना स्थित मायालु चौकको केही पश्चिमबाट पक्राउ गरी यातना दिई गोली हानी हत्या गरेको र पोष्टमार्टमको लागि मंगलबारे स्वास्थ्य केन्द्रमा राखेकोमा त्याहाँबाट शव बुझेकी थिएँ। मिति २०६४।२।२२ तगे जिल्ला प्रहरी कार्यालय, मोरङ्गमा अपराध अनुसन्धान कार्य तत्काल प्रारम्भ गरी दोषीलाई हदैसम्मको सजाय गरी न्याय दिलाई पाउँ भनी किटानी जाहेरी दर्खास्त दिई गएकोमा उक्त कार्यालयका प्रमुख समेतले यस प्रकृतिका घटना दर्ता गर्न माथिबाट केही निर्देशन नआएकोले दर्ता गर्न सक्दिन अन्यत्रै कानूनी प्रक्रिया बढाउनुहोस् भनी जाहेरी दर्ता गर्न र दरपीठ गर्न समेत नमानेकोले सोही व्यहोराको जानकारी सहितको निवेदन लिई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३(५) बमोजिम जिल्ला प्रशासन कार्यालय, मोरङ्गमा | गिरीलाई झिकाई निजको जाहेरी दर्खास्त दर्ता गरी अविलम्ब अनुसन्धानको कार्य प्रारम्भ गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश। | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जाँदा त्याहाँबाट पनि जाहेरी दर्खास्त दर्ता गर्न र दरपीठ गर्न इन्कार गरेकोले नागरिक अधिकार ऐन, २०१२ को दफा १३ को समेत उलङ्घन भएकोले निवेदकले दर्ता गर्न ल्याएको जाहेरी दरखास्त दर्ता गर्नु भन्ने परमादेशको आदेश जारी गरी पाउँ भन्ने रीता गीरीको निवेदन पत्र। | | | | |
| १५ | भक्तबहादुर सापकोटा वि. जिल्ला प्रहरी कार्यालय, धादिङ समेत | मिति २०६१।३।३१ गते राती ११:०० बजेको समयमा लगभग १२ जनाको सङ्ख्यामा नेपाल आर्मीका हतियार बोकेका कालो बर्षादी लगाएका तत्कालिन शाही नेपाली सेनाका सेनाहरू हामी वैरेनी व्यारेकबाट आएका शाही नेपाली सेना हौं। ढोका खोल भनी ढोका खोल्न लगाई सुतिरहेकी छोरी सरला सापकोटालाई उठाई नाम्लोले बाँधी लान खोज्दा बुबा समेत भै पक्राउ गर्नाको कारण खोज्दा निजसँग केही बुझ्नु छ, २-३ दिन पछि फिर्काई दिने भनी लिई गएका थिए। | जाहेरी दर्खास्तमा तुरून्त अनुसन्धान कार्य प्रारम्भ गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले तोकेका सम्पूर्ण अनुसन्धान पूरा गरी मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णय गरी मुद्दा चल्ने भएमा तुरुन्त अभियोग पत्र दायर गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिदिएको छ। | जिल्ला प्रहरी कार्यालय, धादिङ समेत | कार्यान्वयन नभएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मिति २०६१।४।१ मा श्री नम्बर ६ बाहिनी अड्डा वैरेनी व्यारेक, धादिङ्गमा छोरी खोज्न जाँदा त्यस कार्यालयमा नल्याएको भन्ने जवाफ दिइयो।<br>छोरीको खोजी गर्ने क्रममा मिति २०६२।८।२२ गते विहान मेरो गाँउ नजिकैको अर्को गाउँ केवलपुर वडा नं. ८ मैदानचौतारा नजिकैको काँडाघारीमा धेरै अगाडि नै लाशको गन्ध आएकोले सो लाश सरलाको पनी हुन सक्छ भनी गाउँलेहरूले भनेका ठाउँमा ICRC का प्रतिनिधि र गाउँलेहरूका रोहवरमा लाशका निमित्त खन्दा सो स्थानमा छोरी सरलाको अस्थिपञ्जर र पक्राउ परेका दिन लगाएको कपडा फेला परेको थियो।<br>मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं बमोजिम सजाय गरिपाउँ भनी मिति २०६३।३।१४ मा विपक्षी जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बैरेनी ब्यारेक मार्फत जाहेरी दर्ता गरेको थिएँ। अत : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ का माथि उल्लिखित दफाहरूले तोकेको कानूनी कर्तव्य पूरा गरी मैले दिएको जाहेरी दर्खास्त अनुसार मुद्दाको अनुसन्धान कार्य तत्कालै अगाडि बढाई यथाशिघ्र अभियुक्तलाई पक्राउ गरी कानूनी कर्तव्य पूरा गर्नु भनी विपक्षीहरूका नाममा परमादेश लगायत अन्य उपयुक्त आज्ञाआदेश जारी गरिपाऊँ। | | | | |
| १६ | पूर्णबहादुर गुरुङ वि. जि.प्र.का. कास्की समेत | | सर्वोच्च अदालतले अनुसन्धानको नाममा झारा टार्ने खालको कार्य गरी अनुचित रूपमा समय विताउन अनुसन्धानकर्तालाई सुहाउने कुरा हुँदैन भनी जे चाहिने अनुसन्धान प्रक्रिया पूरा गरी नतिजा रिट निवेदकलाई ३ महिनाभित्र दिनू भनी जिल्ला प्रहरी कार्यालय कास्कीका नाममा २०७१।१२।२२ मा परमादेश जारी | जिल्ला प्रहरी कार्यालय कास्कीसमेत | आदेश कार्यान्वयन भएको देखिएन। | |

# अनुसूची -४

## लक्षित समूह छलफलका सहभागीहरुको नामावली

**कार्यक्रम** : लक्षित समूह छलफल
**मिति** : २०७२ साल भाद्र ३१ गते
**स्थान** : हेटौंडा

### सहभागी नामावली

| क्र. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री इश्वर अधिकारी | अधिवक्ता | मकवानपुर जिल्ला बार इकाइ |
| २ | श्री चद्र बहादुर कार्की | | जिल्ला प्रहरी कार्यालय, मकवानपुर |
| ३ | श्री दिपेन्द्र ढकाल | सामाजिक कार्यकर्ता | शान्ति समिति, मकवानपुर |
| ४ | श्री माया लामा | सामाजिक कार्यकर्ता | माईति नेपाल |
| ५ | श्री तेजप्रसाल चौलागाई | पीडित | मकवानपुर |
| ६ | श्री सम्झना अधिकारी | सामाजिक कार्यकर्ता | शान्ति समिति, मकवानपुर |

**कार्यक्रम** : लक्षित समूह छलफल
**मिति** : २०७२ साल भाद्र २५ गते
**स्थान** : पोखरा

### सहभागी नामावली

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री नारायणप्रसाद पण्डित | शाखा अधिकृत | पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा |
| २ | श्री दिनबन्धु बराल | श्रेस्तेदार | कास्की जिल्ला अदालत |
| ३ | श्री महेन्द्रप्रसाद अर्याल | श्रेस्तेदार | गोरखा जिल्ला अदालत |
| ४ | श्री गणेशबाबु अर्याल | सह न्यायाधिवक्ता | पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा |
| ५ | श्री युगनाथ ढकाल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, कास्की |
| ६ | माननीय श्री प्रकाशकुमार | न्यायाधीश | मनाङ जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| | काफ्ले | | |
| ७ | श्री नारायणबहादुर थापा | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, लमजुङ |
| ८ | श्री राजेन्द्र अधिकारी | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, लमजुङ |
| ९ | श्री मुकुन्द आचार्य | श्रेस्तेदार | स्याङ्जा जिल्ला अदालत |
| १० | श्री धर्मराज पौडेल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जा |
| ११ | श्री नारायणप्रसाद रेग्मी | अधिवक्ता | स्याङ्जा जिल्ला बार इकाइ |
| १२ | श्री सरला पाण्डे | अधिवक्ता | एड्भोकेसी फोरम कास्की |
| १३ | श्री तिर्थबहादुर भण्डारी | अधिवक्ता | लमजुङ जिल्ला बार इकाइ |
| १४ | श्री शैलेस रेग्मी | प्रहरी नायव निरीक्षक | क्षेत्रिय प्रहरी कार्यालय, पोखरा |
| १५ | श्री अनिता गुरुङ्ग | अधिवक्ता | पुनरावेदन बार इकाई, पोखरा |

**कार्यक्रम** : लक्षित समूह छलफल
**मिति** : २०७२ साल असोज ११ गते
**स्थान** : नेपालगञ्ज

**सहभागी नामावली**

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री शालिकराम सापकोटा | अधिवक्ता | बाँके जिल्ला बार इकाइ |
| २ | श्री हरिप्रसाद जोशी | सह न्यायाधिवक्ता | पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्ज |
| ३ | श्री सुनिता शर्मा | अधिवक्ता | बाँके जिल्ला बार इकाइ |
| ४ | श्री रामेश्वर रेग्मी | रजिष्ट्रार | पुनरावेदन अदालत, नेपालगञ्ज |
| ५ | श्री सुनिल श्रेष्ठ | अधिवक्ता | पुनरावेदन बार इकाइ, नेपालगञ्ज |
| ६ | श्री दण्डपाणी लामिछाने | श्रेस्तेदार | बाँके जिल्ला अदालत |
| ७ | श्री विश्वजित तिवारी | अधिवक्ता | पुनरावेदन बार इकाइ, नेपालगञ्ज |
| ८ | श्री कर्ण महत | सहायक न्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, बाँके |
| ९ | श्री केवल सिंह थारु | अधिवक्ता | पुनरावेदन बार इकाइ, नेपालगञ्ज |
| १० | माननीय श्री दलबहादुर के.सी. | न्यायाधीश | बाँके जिल्ला अदालत |
| ११ | श्री विकास सापकोटा | अधिवक्ता | बाँके जिल्ला बार इकाइ |

| | | | |
|---|---|---|---|
| १२ | श्री खिमबहादुर थापा | उप रजिष्ट्रार | पुनरावेदन अदालत, नेपालगञ्ज |
| १३ | श्री खिमनाथ कार्की | तहसिलदार | बाँके जिल्ला अदालत |
| १४ | श्री लोकबहादुर शाह | अधिवक्ता | पुनरावेदन बार इकाइ, नेपालगञ्ज |
| १५ | श्री खिमराज गिरी | अधिवक्ता | बाँके जिल्ला बार इकाइ |
| १६ | श्री हिक्मतबहादुर बोहरा | | जिल्ला प्रहरी कार्यालय, बाँके |
| १७ | श्री बसन्त गौतम | सामाजिक कार्यकर्ता | कानून अन्वेषण तथा श्रोत विकास केन्द्र, नेपालगञ्ज |
| १८ | श्री मुरारीप्रसाद खरेल | प्रतिनिधि | मानव अधिकार आयोग |

प्रकाशन संख्या ६६


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email : info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५३७५१६/५५४९०५७